# प्राचीन नेपाल
# ANCIENT NEPAL

संख्या १७०
जेठ २०६६

Number 170
May 2009

**सम्पादक मण्डल**
प्रधान सम्पादक
**कोशप्रसाद आचार्य**
सम्पादक
**विष्णुराज कार्की**
**राजेश माथेमा**
**श्यामसुन्दर राजवंशी**

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbamshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section


Development of Bronze art in Nepal

*Dr. Shaphalya Amatya* .......................................... 1-5


## नेपाली खण्ड
## Nepali Section


अधिमासयुक्त अभिलेखका तिथिमिति एक अध्ययन

*श्यामसुन्दर राजवंशी*.......................................................... ६-२१

डोटीका राजाहरूको अन्तिम चिनारी दिपायलस्थित दिपायल कोटको एक अध्ययन

*रामबहादुर कुँवर* ........................................................... २२-२८

गणतन्त्र एवं त्यसमा जनगणका अधिकार

*हरिराम जोशी*.............................................................. २९-३१

नेपालको इतिहासमा हात्ती एक रोचक प्रसङ्ग

*डा. भवेश्वर पंगेनी*........................................................ ३२-४९

संशोधन सम्बन्धमा ................................................................ ५०-५२

# Development of Bronze art in Nepal

– *Dr. Shaphalya Amatya*

With the migration of the Licchavis from India in the beginning of the Christian era or a little earlier the knowledge and technique of metal craft also came into Nepal. In the excavations at Harigoan, in Kathmandu from 1984-1989 some metal objects have been discovered. But the discovery of Sri Mananka coins and Pasupati coins and some other metal objects have proved that metal craft or bronze art had already been popular in the valley in those days. Therefore, in Nepal bronze or metal art tradition has a long and continuing history.

The Nepalese bronzes have been popular in Tibet since the time of King Srong-brtsan-sgampo in the 7th century A.D. It is popularly believed that when Nepalese Princess Bhrikuti was married to the Tibetan king Srong-brtsan-sgampo (AD 627-650), she had carried with her numerous wedding gifts including bronze images of Buddha, Since then the Nepalese craftsmen have been fulfilling the demands of the Tibetan monasteries for bronze figures of various Buddhist deities to the present time.

In the mediaeval period (from 8th century A.D. to 12th century A.D.) the Nepalese bronzes were influenced by the Pala and the Sena art traditions of western India or Bengal. After the Muslim invasions in India during the 9th /10th centuries many Indian craftsmen and artists came in the valley in search of a safe place. These craftsmen were the harbingers of many changes and improvement in Nepalese bronze art. If on the one hand the bronze art tradition was slowly disappeared from India after the Muslim invasions it was flourished in Nepal gradually. In the 12th century the master Nepalese craftsman Araniko made it more popular in main land China and other parts of Asia.

Broadly speaking we can divide the history of the development of bronze art in Nepal in five phase. The first phase was from the beginning or the Lichchavi period to 8th century. Second phase was from 8th century to 13th century. Third phase was from 13th century to 16th century. Fourth phase was from 16th century or the Malla period to the 18th century and the last phase is from 18th century to the present time.

The discovery of some copper images at Phakhel near Dakshinkali, Pharping in the southwest of Kathmandu has shed more light on the development of bronze art in Nepal. Among the findings one is the bronze image of Ardhanareshwar (half-male and half-female) idol of half Shiva and half Parvati dated 11th century (AD 1085), which, at present is displayed at the Patan Museum. This group of gilt repousse plaques-eleven in all-represents Hindu deities. In fact, the Patan Museum has successfully attempted to present the history, tradition and development of bronze art in Nepal. This art museum has bronzes from the 9th/10th century up to present time. The bronze collection of this museum is the best in the country. The bronzes of Patan Museum are the best examples of Nepalese bronze art and craftsmanship developed in the course of history.

In Kathmandu valley bronze art has been the chief medium in expressing Buddhism since the Lichchavi period. Therefore, the vast majority of Buddhist arts are found in bronzes. But we have numerous Hindu bronzes as well. For example the Vishnu image of Changu Narayan is belonged to the Lichchavi period. The National Bronze Art Museum, which was the parent museum of the present famous Patan Museum, had in its collection more than 1000 pieces of bronzes. In fact even today Nepalese craftsmen are producing bronze images as beautiful and as attractive as that of earlier times.

In Patan Museum the oldest among the displayed images is Indra, god of heaven, and rain and fertility, made of copper alloy and gilt dated 9th/10th century AD. Indra is seated at ease holding a symbolic lotus seed in his hand extended in charity or *varada mudra*. Another important piece is Shakyamuni Buddha sitting in earth touching or *avaya mudra* dated 12th century is the superb example of Nepalese metal craft being displayed here. Akshobya Buddha dated 12th century made of bronze, gilt silver and copper inlay, Sakyamuni Buddha seated on a pedestal which was added later dated 13th/14th century, and shiva and Parvati seated as a loving couple dated 13th/14th century are some of the best bronzes of Patan Museum. It is very unique and unusual that we have not yet found any bronze statues of the ancient kings. Such royal bronze statues were only available since the Malla period. In fact the skill gained in the technique of producing bronze images of gods and goddesses was enhanced in the late medieval period to the creation of royal portraits. The bronze statues of King Pratap Malla at Hanuman Dhokha, the statue of King Siddhinarasimha Malla at Patan Durbar, and the statue of King Bhupatindra Malla at Bhaktapur Durbar are the best illustrations. This tradition of erecting royal bronze statues or statues made by some other metals has continued during the 19th and the 20th centuries in Nepal. But the majority of these statues of the Rana Prime Ministers and the Shah Kings were not produced in Nepal. In the gallery of Buddha Art in the National Museum we have some best bronzes such as Padmapani Lokeshwar dated 13th/14th century, Basundhara dated 13th/14th century, Simhanad Lokeshwar dated 15th century, Amoghapasha Lokeshwar dated 16th century and Nam Sangiti Lokeshwar dated 16th century. In the main gallery of the National Museum, Bronze section there are some very nice bronzes such as Chaturbahu Vishnu dated 10th century, Tara and Manjushree dated 16th century and so on. Among the bronzes if we do not mention the images of Samvaras or tantrik Buddhist images of Heruka, Hevajra and their female consorts or Saktis we are not doing justice to the Nepalese bronzes. These tantric images became popular in Nepal from the middle of the 15th century. In this art the figure of the divinity gains vigor and fierceness and they are most shown in coupling position.

At the Vihars or monasteries of Kathmandu Valley one can see some of the best bronzes every year. They are displayed to the general public on different occasions and festivals such as Gai Jatra, Panchadan, Samyak and so on. The Buddhist temples and monasteries are very rich in bronzes. Some such monasteries are Uku Bahal and Hiranyavarna Mahavihar of Patan and Machhindra Bahal of Kathmandu.

While discussing the bronze art of the Kathmandu valley we should not forget to mention the Buddhist images of Sankhu Vajrayogini temple, such as standing Buddha of about four and half feet, and the head of Buddha (which is popularly known as the head of King Vikramaditya belonged to $9^{th}$ / $10^{th}$ century A.D.). In Nepal bronze art is popular all over the country. Some remarkable bronze figures in the districts are Bamsa Gopal or Krishna of Makwanpur Gadhi, Vishnu, Laxmi and Garuda of Muktinath temple, Jomsom, Muktinath and so on. We should not forget that all the monasteries in the northern belt of the country and else where are full of beautiful Nepalese bronzes of Buddhist tradition.

The Britishers who came to Nepal in the beginning of the $18^{th}$ century were the first to popularized Nepalese bronzes abroad. But to our surprise in the long list of materials taken away by Brian Houghton Hodgson who was the resident in Nepal from 1825-1843 we do not see any mentioning of bronzes. After 1950 the tourists, art collectors and museums started collecting Nepalese bronzes in maximum. Today many rich museums in Europe, United States and other parts of the world have some of the best collections of Nepalese bronzes. For example the Los Angeles County Museum of Art, British Museum, Berlin Museum, Museum of Fine Arts, Boston, Victoria and Albert Museum, London, Rijks Museum, Lieden, the Netherlands, Dallas Museum of Art, Texas, Kimbley Museum, Cleveland Museum of Art, Ohio and so on. In Los Angeles County Museum of Art they have hundreds of bronzes in their collection. Some notable pieces are gilt Boddhisattva Padmapani or Indra dated $8^{th}$ century, Parvati dated $9^{th}$ century, Mahashree Tara dated $10^{th}$ century and so on. As a matter of fact in this museum they have numerous pieces of bronzes dated from $14^{th}$ century to $18^{th}$ century. Similarly in Berlin Museum, Germany they have Ardhanareshwar (half male and half female) Vishnu dated $14^{th}$ /$15^{th}$ century, the Guhyekali Devi belongs to $17^{th}$ century is very unique among its collection. In the Rijks Museum, the gilt image of Padmapani Boddhisattava has garnet and turquoise engraved in it, which belonged to $15^{th}$ century. They have also an image of Indra decorated with semi-precious stones dated $17^{th}$ century. In Victoria and Albert Museum, London they have beautiful three feet tall Tara belonged to $14^{th}$ century. In the British Museum they have standing Buddha dated $9^{th}$/$10^{th}$ century and image of a goddess belonged to $11^{th}$/$12^{th}$ century. In the Asia House Museum, New York they have Indra gilt and engraved with semi-precious stones garnet, turquoise and lapis lazuli. In Cleveland Museum of Art, Ohio they have Buddha Maitreya belonged to $7^{th}$ /$8^{th}$ century. This is perhaps the oldest bronze art piece yet known to us. In fact Nepalese bronzes have not only enriched the art collections of various museums but also decorating the drawing rooms of numerous millionaires all over the world. Lalitpur or Patan is the center of metal crafts especially the bronze art in the Kathmandu valley. After the opening of the country in 1951 tourists traveling in Nepal found that bronze images are most appreciated and loved gift item from Nepal back at their homes.



Amoghasiddhi, 14th Century bronze sculpture, H. 40 cm, National Museum, Kathmandu



Padmapani Lokesvara, 15th Century, bronze sculpture, H. 20 cm, National Museum, Kathmandu

**Selected Bibliography:**

1. Giovanni Verardi, **Excavations At Harigoan,** Kathmandu, Two volumes, IsMeo, Rome, 1992.
2. Pratapaditya Pal, **Art of Nepal,** Los Angeles County Museum of Art, University of California Press, Berkley, Los Angeles, and London, 1985.
3. Stella Kramrisch, **The Art of Nepal,** The Asia Society, Austria, 1964.
4. Mohan Prasad Khanal & Theodore Riccardi, Jr., **Archaeological Excavations In The Kathmandu Yalley, (A Report on the 1984-85 and 1988-89 Seasons at Dumakhal).** Cambridge, 2007.
5. Mary Shepherd Slusser, **Art and Culture of Nepal: Selected Papers,** Mandala Publications, Kathmandu, 2005.
6. John K. Locke, **Buddhist Monasteries of Nepal,** Sahayogi Press, Kathmandu, 1985.
7. Gotz Hagmuller, **Patan Museum, The Transformation of a Royal Palace in Nepal,** Serindia Publications, London, 2002.
8. National Museum of Nepal, **Buddhist Collection of the National Museum of Nepal,** Kathmandu, 1998.
9. Dr. P.R. Sharma, "A Note on some Bronzes at Vajrayogini", **Journal of Tribhuvan University, Vol. V, June 1970, No. 1,** pp. 1-5
10. Dr. P.R. Sharma, "Bronzes of Nepal", **Journal of Tribhuvan University, Vol.III, No. I, January 1967,** pp. 8-15.
11. Ramesh Jung Thapa, "Phakhelma Fela Pareyka Dhatuka Pratimaharu" (Bronze Statues discovered at Phakhel) (Nepali), **Ancient Nepal, Nos. 41/42, BS. 2034.**
12. Satya Mohan Joshi, **"Nepali Murtikalako Bikaskram"** (Nepali), (Development of Nepalese Bronze Art), Kathmandu, B.S. 2032
13. Urmila Devagu, "Ameriki Museumma Nepali Kalako Sthan", (Place of Nepalese Art in American Museums), (Nepali), **Swatrantra Vishwa,** Year 6, No. 1, pp. 1-9.
14. Mohan Prasad Khanal, "Changuko Nepali Murtikala", (Nepalese Sculptures of Changu), **Contributions To Nepalese Studies, Vol. VIII,** No. 2, June 1981, pp. 125-172.
15. Shaphalya Amatya, "What I Saw In America", **The Rising Nepal,** November 2, 2001.

# अधिमासयुक्त अभिलेखका तिथिमिति एक अध्ययन

- श्यामसुन्दर राजवंशी

प्राचीन अभिलेखहरुको अध्ययनका क्रममा अधिमास उल्लेखित तिथिमिति प्रकरणको महत्व अग्रणी रहेको छ । अधिमास उल्लेखित तिथिमितिका विषयमा छुट्टै अध्ययन गर्ने हो भने संवत सम्बन्धीको समस्या निराकरण र संवतका वारेमा रुपरेखा तयार गर्न यसले ठूलो टेवा दिनेमा ती तिथिमिति प्रकरणले शुद्ध इतिहास लेखनमा ठूलो मद्दत गर्ने संभावना प्रशस्त देखापरेको छ ।

लिच्छविकालका अभिलेखमा अधिमास युक्त तिथिमितिका वारेमा "नेपालमा संवतहरु" शीर्षकको लेखमा विवेचना गरी सकेको छु[१] । लिच्छविकाल पछि नेपाल संवतको आरम्भ भै सके उप्रान्तका अभिलेखहरुमा भेटिएका केही तिथिमितिहरुका सम्बन्धमा विवेचना गर्दै यो लेख तयार पारिएको छ ।

इटालियन प्रसिद्ध इतिहासकार लुसियानो पेतेकले उल्लेख गरेका अधिमास युक्त तिथिमितिलाई नै यो अध्ययनको केन्द्रविन्दु मानिएको छ[२] । मध्यकालका अभिलेख मध्ये ग्रन्थका पुष्पिका वाक्यका तिथिमिति समेत १६ वटा तिथिमितिका वारेमा अध्ययन गर्दा लिच्छविकालमा चलेका संवतलाई एउटा वि.सं. १३५ बाट उठेको शक संवत र अर्को शक ४९८ बाट उठेको मानदेव संवत हो भनी मानेर त्यहीबाट लेखाजोखा गर्ने हो भने इतिहास अध्ययनमा खाली ठक्करै ठक्कर मात्र खाने भएकोले शक संवत र मानदेव संवत हो भन्ने मान्यता निष्कृय सिद्ध भएको देखिएकोले लिच्छवि संवतको परिचर्चा नामक पुस्तकमा ती कुरा प्रकाश गरिएका छन्[३] ।

त्यस पुस्तकमा उठाइएका सवालका सम्बन्धमा संशोधन मण्डलले पूर्णिमा ७८ मा जुन प्रकारको जवाफ प्रस्तुत गरिएको छ[४] । ती जवाफ संशोधनमण्डलकै मान्यता विपरित देखिएकोले जवाफ स्वयं दूषित हुन गएको छ । ती यस प्रकार छन्:

१) सुमतितन्त्रमा दिइएको बचन
"ॐ नमः सूर्याय । नेपाल संवत्सर कर्मभूमौ स्थाप्य नमनाभ्रनागा ८०२ संयोज्य शक कालम्भवति ।" लाई संशोधन मण्डलले ठयाम्मै बिर्सेको छ[५] ।

२। कार्तिक शुक्ल प्रतिपदा देखि चैत्र कृष्ण अमावास्या सम्म नेपाल संवतमा ८०१ जोड्नु पर्ने र चैत्र शुक्ल प्रतिपदा देखि कार्तिक कृष्ण अमावास्या सम्म नेपाल संवतमा ८०२ जोड्नु पर्ने भन्ने संशोधन मण्डलको मान्यता आफैले विर्सेको छ[६] ।

३। ती १६ वटा तिथिमितिमा कार्तिक देखि चैत्र भित्रका पनि छन् र चैत्र देखि कार्तिक कृष्ण अमावास्या भित्रका पनि छन् त्यहाँ ८०२ जोड्ने गरिंदै गरिएन । यसले संशोधन मण्डल आफ्नो वचनमा दृढ छैन भनी बताउँछ[७] ।

४। मध्यकालका अभिलेख प्रकाश गर्ने काममा अरु भन्दा संशोधन मण्डलको देन अग्रणी छ । ती अभिलेखमा कलिगत, विक्रम, शक र नेपाल संवत चार वटा संवत उल्लेख भएका अभिलेखहरु अभिलेख संग्रह १-१२ भागमा प्रकाशित छन्[८] । अभिलेख संग्रह संशोधन मण्डलकै कृति हुन् । यी अभिलेखबारे जानकारी नै छैन भन्न संशोधन मण्डललाई मिल्दैन । तर ती अभिलेखलाई वेवास्ता गरेको र विर्सेको छ । यसरी आफ्ना मान्यता आफैले उलङ्घन गरेको पक्षलाई ध्यानाकर्षण गरी बुझ्नु पर्ने भयो ।

अधिमास उल्लेखित ती १६ वटा अभिलेखका तिथिमिति प्रकरणहरु:

**नवनप्रकरण:** (१)

**संवत १३२ प्रथमाषाढ शुक्ल दिवा त्रयोदश्या बृहस्पति दिने मैत्रनक्षत्रे[९]**

(पाटन गचाननीको अभिलेख पेतेक ३६ पृष्ठ)

संवत प्रकरणमा दिइएको संवत १३२ नेपाल संवत १३२ हो । त्यसपछिको प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. १३२+८०२=९३४ । यो ९३४ लिच्छवि संवत आएको हो शक संवत आएको होइन भनेर बुझ्नु आवश्यक छ । लिच्छवि संवत ९३४ शक पूर्व २ को कार्तिकादि संवत भएकोले यथार्थत चैत्रादि शक ९३२ को कार्तिक देखि शक ९३३ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ९३२ को कार्तिक देखि ९३३ को आश्विन भित्र अधिमास परेको दिइएको छैन[१०] । तर शक ९३४ जेष्ठमा अधिमास परेको दिइएको छ । वास्तवमा शक ९३४ जेष्ठमा परेको अधिमास नेपालसंवत १३२ को दायरा भन्दा वाहिर पर्दछ ।

यसको मलतव नेपालसंवतमा ८०२ जोड्दा आउने लिच्छवि संवत ९३४ लाई नै शक संवत ठानेको देखियो । कारण के त भन्दा अधिमास मान्ने क्रममा लिच्छविकाल देखि चैत्रादि शक अन्तर्गत नारदमत[११] र श्रावणादि अन्तर्गत भारद्वाज मत[१२] तर्फ आकर्षित हुने भइ आएबाट अन्यौलको स्थिति श्रृजना भएको स्पष्ट हुन आउँछ ।

***अभिलेखको मिति***

संवत १३२ प्रथमाषाढ (आषाढ) को छ

संशोधनमण्डलको निर्णयमा[१३]

१३२+८०१=९३३ शक गरेर अधिमास ट्वाक्क मिल्यो भनियो । हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १५

**दृष्टान्त:-**

यहाँ संशोधन मण्डलले आफ्नो मान्यताहरु आफैले विर्सेको छर्लङ्ग हुन्छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरण: २**

**संवत २४० प्रथमाषाढ कृष्ण द्वितीयाया सोम दिने[१४] ।**

(स्फोटिका वैद्यको पुष्पिका वाक्य पेतेक ५१ पृष्ठ)

यस पुष्पिका वाक्यमा संवत २४० भनी दिइएको छ यो संवत नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ। अत: ने.सं. २४०+८०२=१०४२। यो संवत १०४२ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन। लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले लिच्छवि संवत १०४२ भनेको शक १०४० को कार्तिक देखि शक १०४१ को आश्विन सम्म रहन्छ। केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १०४० को चैत्रमा अधिमास परेको दिइएको छ। शक १०४० चैत्रमा परेको अधिमास लिच्छवि संवत १०४२ को दायरा भित्र पऱ्यो[१५] ।

कार्तिकादि संवतको अधिमास परिपाटीमा वर्षको पूर्वार्धमा परेको अधिमास आषाढमा मान्ने गरिन्छ। वर्षको पूर्वार्ध भनेको कार्तिक, मंसिर, पौष, माघ, फागुन, चैत्र हुन् । उत्तरार्ध भनेको बैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन हुन् । यहाँ शक १०४० चैत्रको अधिमास ने.सं. २४० (लि.सं. १०४२) को आषाढमा मानेको संगति मिलेको देखियो । यही परिपाटी अंशुवर्माको पालामा मौलिक परम्पराको रुपमा अवलम्बन गरेको साक्षी छ[१६] ।

संशोधन मण्डलको निर्णय अनुसार नेपाल संवत २४० मा मानेको अधिमास शक १०४२ भाद्रमा परेको अधिमासलाई लिइएको छ । यसरी शक १०४२ भाद्रको अधिमास ने.सं. २४० को अवधि भित्र पऱ्यो भनी मान्नु गलत निर्णय हो भनेर स्पष्ट हुन्छ ।

***अभिलेखको मिति***

संवत २४० प्रथमाषाढ (आषाढ) को छ
संशोधनमण्डलको निर्णय मा[१७]
२४०+८०१=१०४१ शक

(शक १०४१ को कार्तिक देखि शक १०४२ को आश्विन सम्म रहन्छ) (हेर्नुहोस: पूर्णिमा अंक ७८ पृष्ठ १६)

**दृष्टान्त:**

यहाँ पनि संशोधनमण्डलले आफ्ना मान्यताहरु विर्सेको छ। किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरण: (३)**

**संवत २६७ प्रथमाषाढ कृष्ण पञ्चम्याम् पूर्व भाद्र नक्षत्रे शुक्रदिने[१८] ।**

(सर्वप्रकरण संग्रहको पुष्पिका वाक्य पेतेक ६१ पृष्ठ)

यस पुष्पिका वाक्यमा संवत २६७ भनी दिइएको छ यो संवत नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ। अत: ने.सं. २६७+८०२=१०६९। यो संवत १०६९ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन। लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले लिच्छवि संवत १०६९ भनेको शक १०६७ को कार्तिक देखि १०६८ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १०६७ को कार्तिक देखि शक १०६८ को आश्विन भित्र अधिमास परेको दिइएको छैन[१९] । तर शक

१०६७ को बैशाखमा र शक १०६९ को भाद्रमा अधिमास परेको दिइएको छ। यी दुइवटै अधिमास नेपाल संवत २६७ को दायरा भन्दा बाहिर पर्दछन् त्यसकारण ती दुइटा मध्ये जुन लिए पनि गलत भन्नु पर्दछ। संशोधन मण्डलको निर्णय अनुसार नेपाल संवत २६७ मा मानेको अधिमास शक १०६९ भाद्रको अधिमासलाई मानेको छ। साथै ने.सं. २६७ भनेको शक १०६८ को कार्तिक देखि १०६९ को आश्विन सम्म र रहन्छ भनी मानेको छ। यो सरासर गलत मान्यता हो भनेर स्पष्ट हुन्छ[२०]।

***अभिलेखको मिति***

संवत २६७ प्रथमाषाढ (आषाढ) को छ
संशोधन मण्डलको निर्णयमा
२६७+८०१=१०६८ शक
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १६)

**दृष्टान्तः**

यहाँ पनि संशोधन मण्डलले आफ्ना मान्यताहरु त्रिर्सेको छ। किनकि तिथिमिति आषाढ महिनाको छ।

**संवत प्रकरणः** (४)

**संवत २७६ प्रथम पौष कृष्ण दिवा चतुर्थ्याम्**[२१]
(चान्द्र व्याकरण पुष्पिका वाक्य पेतेक ६२ पृष्ठ)

यस पुष्पिका वाक्यमा संवत २७६ भनी दिइएको छ। यो संवत नेपाल संवत हो। यस संवतको तिथिमिति प्रकरणमा "प्रथम पौष" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो।

नेपाल संवतमा ८०२ जोडे पछि लिच्छवि संवत आउँछ। अतः ने.सं. २७६+८०२=१०७८। यो संवत १०७८ भएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन। लिच्छवि संवत शक पूर्व २ बाट कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले ने.सं. २७६ (लि.सं. १०७८) भनेको शक १०७६ को कार्तिक देखि शक १०७७ को आश्विन सम्म रहन्छ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १०७६ को कार्तिक देखि शक १०७७ को आश्विन भित्र कही पनि अधिमास परेको दिइएको छैन। शक १०७८ को चैत्रमा अधिमास परेको दिइएको छ[२२]। तर शक १०७८ को चैत्रको अधिमास ने.सं. २७६ को दायरा भन्दा बाहिर पर्दछ।

संशोधनमण्डलको निर्णय अनुसार ने.सं. २७६ पौष मा मानेको अधिमासलाई शक १०७८ चैत्रको अधिमास लिएको छ। ने.सं. २७६ भनेको शक १०७७ को कार्तिक देखि शक १०७८ को आश्विन सम्म रहन्छ भनियो। भारद्वाज मत अनुसार चैत्रमा परेको अधिमास पौषमा मानिने भयो र टवाक्क मिल्यो भनिएको छ। तर त्यो सरासर गलत हो[२३]।

किनकि शक १०७८ चैत्रको अधिमास ने.सं. २७६ को दायरा भन्दा बाहिर पर्दछ अतः शक १०७८ चैत्रको अधिमास लिनु भनेकै गलत हो। अर्को भारद्वाज मत भनेको श्रावणादि वर्षमा मात्र लागू हुन्छ। नेपाल संवत कार्तिकादि संवत भएकोले नारदमत र भारद्वाज मत यहाँ लागू हुदैन।

किनभने भारद्वाज मत अनुसार वर्षको पूर्वार्ध भनेको श्रावण, भाद्र, आश्विन, कार्तिक, मंसिर, पौष हुन् यसमा परेको अधिमास आषाढमा मान्ने र माघ,फागुन, चैत्र, वैशाख, जेष्ठ, असार उत्तरार्ध हुन् यसमा परेको अधिमास पौषमा मान्ने भनी स्पष्ट वताइएको छ[२४]।

नेपाल संवत कार्तिकादि भएकोले यो मत यहाँ लागू गर्न मिल्दैन।

***अभिलेखको मिति***

संवत २७६ प्रथम पौष (पौष)को छ

संशोधन मण्डलको निर्णयमा

२७६+८०१=१०७७ शक

(हेर्नुहोस पूर्णिमा अंक ७८ पृष्ठ १७)

**दृष्टान्तः**

यहाँ आएर संशोधन मण्डलले सुमतितन्त्रको मर्म पनि विर्सेको छ र अभिलेख संग्रहमा छापिएका अभिलेखलाई पनि विर्सेको कुरा छर्लङ्ग भयो ।

**संवत प्रकरणः (५)**

**संवत ३१३ द्विराषाढ पूर्णमास्यां श्रवण नक्षत्रं । वृहस्पतिवासरे[२५]**

(पिङ्गलामतको पुष्पिका वाक्य पेतेक ७४ पृष्ठ)

यो पुष्पिका वाक्यमा उल्लेखित संवत ३१३ नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "द्विराषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो । नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउछ । अतः ने.सं. ३१३+८०२=१११५ । यो संवत १११५ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । लिच्छवि संवत शक पूर्व २को कार्तिकादिको रुपमा उठान भएको संवत भएकोले लिच्छवि संवत १११५ (ने.सं. ३१३) भनेको शक १११३ को कार्तिक देखि शक १११४ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १११३ को कार्तिक देखि शक १११४ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १११३ को जेठमा अधिमास परेको दिइएको छ[२६] । तर शक १११३ जेठको अधिमास ने.सं. ३१३ को दायरा भन्दा अगावै पर्दछ ।

संशोधन मण्डलको निर्णयमा शक १११५ को आश्विनमा परेको अधिमास ने.सं. ३१३ को आषाढमा मानियो भन्ने दिइयो । जुन कुरा झूठ मात्र होइन महाझूठ हो । किनभने अधिमास क्षयमास सारणीमा शक १११५ मा अधिमास परेको दिइएकै छैन । वरु शक १११५ आश्विनमा क्षयमास परेको भनेर मात्र दिइएको छ । यसबाट के प्रमाणित भयौ भने संशोधन मण्डल जसरी भएपनि आफ्नो कुरा मिल्यो भनी देखाउन खोज्न कुचालमा सिपालु बनेको भन्दा बढी यो होइन र अनुसन्धानको मार्ग त यो हुँदै होइन भन्ने स्पष्ट छ ।

***अभिलेखको मिति***

संवत ३१३ द्विराषाढ (आषाढ)को छ

संशोधनमण्डलको निर्णयमा[२७]

३१३+८०१=१११४ शक

(हेर्नुहोस पूर्णिमा अंक ७८ पृष्ठ १७)

**दृष्टान्तः**

यहाँ संशोधन मण्डलले आफ्ना मान्यताहरु सबै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरणः (६)**

**संवत ३१६ प्रथमाखाढ शुक्लैकादश्यां सोमबारे[२८]**

(सप्तशतीको पुष्पिका वाक्य पेतेक ७५ पृष्ठ)

यो पुष्पिका वाक्यमा उल्लेखित संवत ३१६ नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "प्रथमाखाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउछ । अतः ने.सं. ३१६+८०२=१११८ । यो संवत १११८ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको

रुपमा उठान भएको संवत भएकोले शक १११६ को कार्तिक देखि शक १११७ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १११६ को चैत्रमा र शक १११७ को श्रावणमा मात्र अधिमास परेको छ । शक १११६ को चैत्रको अधिमास र शक १११८ को श्रावणको अधिमास ने.सं. ३१६ को दायरा भन्दा बाहिर पर्दछन्[२९] ।

संशोधन मण्डलको निर्णयमा शक १११८ को श्रावणको अधिमास ने.सं. ३१६ को आषाढमा लिइएको छ । श्रावणमा परेको अधिमास आषाढमा मान्दा धर्मनिर्णय तिथिसार संग्रहको नारद मत र भारद्वाज मत बाट संगति मिल्यो भनी दिइएको छ[३०] । तर शक १११८ श्रावणको अधिमास ने.सं. ३१६ को दायरा भन्दा बाहिर पर्नु । नेपाल संवत कार्तिकादि हुनु, नारदमत चैत्रादि हुनु र भारद्वाज मत श्रावणादि हुनुले पुष्पिका वाक्यमा दिइएको अधिमास ट्वाक्क मिल्यो भन्नु हास्यास्पद भन्दा वढी केही होइन । अनुसन्धानको मार्ग यो हुँदै होइन भन्ने स्पष्ट छ ।

***अभिलेखको मिति***

संवत ३१६ प्रथमाखाद (आषाढ) को छ
संशोधन मण्डलको निर्णयमा
३१६+८०१=१११७ शक
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १७)

**दृष्टान्त:**

यहाँ पनि संशोधन मण्डलले आफ्ना मान्यताहरु पनि बिर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरण:** (७)

**संवत ३१६ द्विराषाढ पूर्णमास्य वृहस्पतिवासरे[३१] ।**

(कारण्डव्यूहको पुष्पिका वाक्य पेतेक ७५ पृष्ठ)

यो पुष्पिका वाक्यमा संवत ३१६ भनी दिइएको संवत नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "द्विराषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो । सप्तशतीको पुष्पिका वाक्यमा नेपाल संवत ३१६ प्रथमाखाढ उल्लेख भएको र कारण्डव्यूहको पुष्पिका वाक्यमा नेपाल संवत ३१६ द्विराषाद उल्लेख भएको दुवैको विवेचना एउटै हुने भएकोले पुनरुक्ति गर्नु यहाँ उचित ठानिन ।

**संवत प्रकरण:** (८)

**संवत ४०३ प्रथमाषाढ शुक्ल पूर्णमास्या शनिश्चरवासरे[३२] ।**

(शत साहश्रिका प्रज्ञापारमिताको पुष्पिका वाक्य पेतेक ९७ पृष्ठ)

यस पुष्पिका वाक्यमा उल्लेखित संवत ४०३ नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडे पछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ४०३+८०२=१२०५ । यो संवत १२०५ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उठेको संवत भएकोले ने.सं. ४०३ (लि.सं. १२०५) भनेको शक १२०३ को कार्तिक देखि शक १२०४ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १२०३ को कार्तिक देखि १२०४ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १२०२ को श्रावण र शक १२०५ को आषाढमा मात्र अधिमास परेको दिइएको छ[३३] । तर यी दुइटै अधिमास ने.सं. ४०३ को दायरा भन्दा वाहिर पर्दछन् । संशोधन मण्डलको निर्णयमा शक १२०५ को आषाढको अधिमास ने.सं. ४०३ को आषाढमा लिइएको छ । साथै नारदको बचन अनुसार आषाढमा परेको अधिमास आषाढमानै मानिने भयो र मिल्यो भनिएको छ[३४] ।

वास्तवमा शक १२०५ को आषाढको अधिमास ने.सं. ४०३ को दायरा भन्दा वाहिर पर्नु, नेपाल संवत कार्तिकादि संवत हुनाले नारद वचन मिल्यो भन्नु हास्यास्पद भन्दा वढी केही होइन भन्ने स्पष्ट हुन्छ ।

***अभिलेखको मिति***

संवत ४०३ प्रथमाषाढ (आषाढ) को छ ।
संशोधनमण्डलको निर्णयमा
४०३+८०१=१२०४ शक
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १८)

**दृष्टान्त:**

यहाँ पनि संशोधनमण्डलले आफ्ना मान्यताहरु सबै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरण: (९)**

**संवत ४७३ द्विराषाढ कृष्ण तृतीया तिथो शतवृष[३५] नक्षत्रे शुभयोग शुक्रवासरे ।**

(नवग्रह दशाविचारको पुष्पिका वाक्य, लि.सं.को परिचर्चा पृष्ठ ५)

यस पुष्पिका वाक्यमा उल्लेखित संवत ४७३ नेपाल संवत हो । यस संवतको तिथिमिति प्रकरणमा "द्विराषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउछ । अत: ने.सं. ४७३+८०२=१२७५ । यो संवत १२७५ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । लिच्छवि संवत शकपूर्व २ को कार्तिकादि संवतको रुपमा उठान भएकोले ने.सं. ४७३ (लि.सं. १२७५) भनेको शक १२७३ को कार्तिक देखि शक १२७४ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १२७३ को कार्तिक देखि शक १२७४ को आश्विन भित्र अधिमास परेको दिइएको छैन[३६] । शक १२७५ को भाद्रको अधिमास ने.सं. ४७३ को दायरा भन्दा वाहिर पर्दछ ।

संशोधन मण्डलको निर्णयमा शक १२७५ को भाद्रको अधिमासलाई ने.सं. ४७३ को आषाढमा अधिमास मानी लिएको छ । साथै नारद मत र भारद्वाज मत को वचन अनुसार भाद्रमा परेको अधिमास आषाढमा मानिने भयो र अधिमास ट्वाक्क मिल्यो भनी दिइएको छ[३७] ।

वास्तवमा शक १२७५ को भाद्रको अधिमास ने.सं. ४७३ को दायराभन्दा वाहिर पर्नु । नेपाल संवत कार्तिकादि मतमा आधारित हुनुपर्ने हुँदा हुँदै नारद मत र भारद्वाज मत अनुसार मिल्यो भन्नु जायज होइन ।

***अभिलेखको मिति***

संवत ४७३ द्विराषाढ (आषाढ) को छ ।
संशोधनमण्डलको निर्णयमा
४७३+८०१=१२७४ शक
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १८)

**दृष्टान्त:**

यहाँ पनि संशोधन मण्डलले आफ्ना मान्यताहरु सबै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरण: (१०)**

**...... शाक राज वर्षे १३१३ श्री मन्नेपालिके श्रेयोस्तु संवत ५११ प्रथमाषाद शुक्ल दशाम्यायाम्[३८] ।**

(पाटन वकुवहालको मूलढोकामा रहेको तामापत्र पेतेक १४१ पृष्ठ)

यस ताम्रपत्र अभिलेखमा उल्लेखित संवत ५११ नेपाल संवत हो । यसमा स्पष्ट रुपले "श्री मन्नेपालिके श्रयोस्तु संवत" भनी विशेषण जोडिएको छ साथै संवत

प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएकोले यो वर्ष अधिमास परेको बुझियो ।

यहाँ अन्यत्रको दृष्टान्त देखाउनु जरुरत नै छैन कि नेपाल संवत ५११ मा ८०२ जोडेर शाक राज वर्ष १३१३ भनी संवत प्रकरण मै दिइएको छ ।

वास्तवमा नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउछ । अतः ने.सं. ५११+८०२=१३१३ । यो संवत १३१३ लिच्छवि संवत आएको हो शक संवत आएको होइन तर यहाँ लिच्छवि संवतलाई नै शाकराज वर्ष भनेर सम्बोधन गरियो ।

लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले ने.सं. ५११ (लि.सं. १३१३) भनेको शक १३११ को कार्तिक देखि शक १३१२ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास तालिकामा शक १३११ को कार्तिक देखि शक १३१२ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १३११ को जेष्ठमा अधिमास परेको र शक १३१३ को भाद्रमा अधिमास परेको दिइएको छ[३९] । तर ती दुवै अधिमास ने.सं. ५११ को दायरा भन्दा वाहिर पर्दछ ।

संशोधनमण्डलको निर्णयमा शक १३१३ को भाद्रमा परेको अधिमासलाई ने.सं. ५११ को आषाढमा पऱ्यो भनी भनेको छ साथै नारदमत र भारद्वाज मत वचन अनुसार भाद्रमा परेको अधिमास आषाढमा मानिने भयो । अधिमास ठ्याक्क मिल्यो भनिएको छ[४०] ।

वास्तवमा यो कुराले संशोधनमण्डलको जुन ओज छ त्यसलाई आफैले ध्वस्त पारे वरावर भएको छ । किनकि अभिलेख स्वयंमा नेपालसंवत ५११ मा ८०२ जोडेर १३१३ महिना प्रथमाषाढ दिएर ऐना जत्तिकै देखादेख हुँदा हुँदै ५११+८०१=१३१२ हुने भनी दिइएबाट यसको मूल्याङ्कण कसरी गरुँ ? लाज लाग्नु पर्ने हो ।

***अभिलेखको मिति***

संवत ५११ प्रथमाषाढ (आषाढ) को छ
खुद अभिलेखमा शाकराज वर्ष १३१३ दिइएको छ
संशोधनमण्डलको निर्णयमा
५११+८०१=१३१२ ।
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १८)

**दृष्टान्तः**

जसरी भए पनि आफू कसरी जित्ने भन्ने ध्याउन्नामा मात्र लागेको कारण संशोधन मण्डल आफ्ना मान्यताहरु सबै विर्सन थाले हुँदा हुँदा आफ्नो हात मै भएको अभिलेखमा ५११ पनि १३१३ पनि देख्तादेख्दै ८०१ जोडेर अन्यथा गर्छ भने आइन्दा संशोधन मण्डलले अनुसन्धानको वाटो छोडेपनि हुन्छ भन्ने देखियो ।

**संवत प्रकरणः (११)**

**संवत ५१४ दुराखाढ मा (स) शुक्ल पास[४१] ।**
(गुह्यसिद्धि क्रमको पुष्पिका वाक्य पेतेक १४२ पृष्ठ)

यस पुष्पिका वाक्य मा उल्लेखित संवत ५१४ नेपाल संवत हो । यसमा संवत प्रकरणमा "दुराखाढ" उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ५१४+८०२=१३१६ । यो संवत १३१६ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ देखि कार्तिकादि संवतको रुपमा उठान भएकोले शक १३१४ को कार्तिक देखि शक १३१५ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३१४ कार्तिक देखि शक १३१५ आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु सारणीमा शक १३१६ को श्रावणमा अधिमास परेको दिइएको छ[४२] । तर शक १३१६ श्रावणको अधिमास ने.सं. ५१४ (लि.सं. १३१६) को दायरा भन्दा बाहिर पर्दछ । लिच्छविकाल देखि अधिमास मान्ने परिपाटीमा लिच्छवि संवतलाई शक संवत ठानेर नारदमत र भारद्वाज मत तर्फ आकर्षित हुने गरेको उदाहरणहरु पाइन्छ तर नेपाल संवत कार्तिकादि हुनु नार दमत भारद्वाजमत चैत्रादि र श्रावणादि मानमा आधारित भएबाट सिद्धान्त नै मिल्दैन ।

संशोधन मण्डलको निर्णयमा शक १३१६ को श्रावणको अधिमास नेपाल संवत ५१४ को आषाढमा पऱ्यो भनी दिइएको छ । तर त्यो निर्णय जसरी भएपनि आफ्नो कुरा मिल्यो भन्ने विचार भन्दा वढी त्यो होइन भन्ने स्पष्ट हुन्छ[४३] । किनकि

***अभिलेखको मिति***

संवत ५१४ दुराखाढ (आषाढ) को छ
संशोधन मण्डलको निर्णयमा
५१४+८०१=१३१५ शक
(हेर्नुहोस पूर्णिमा अंक ७८ पृष्ठ १८)

**दृष्टान्तः**

यहाँ पनि संशोधनमण्डलले आफ्ना मान्यताहरु सवै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरणः** (१२)

**संवत ५२५ दुराषाढ शुक्ल पूर्णमास्याम्[४४] ।**

(गुह्यकाली तन्त्र पुष्पिका वाक्य पेतेक १५८ पृष्ठ)

यो पुष्पिका वाक्यमा उल्लेखित संवत ५२५ नेपाल संवत हुन् । यसमा "दुराषाद" उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझिन्छ ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ५२५+८०२=१३२७ । यो संवत १३२७ लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ देखि कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले शक १३२५ को कार्तिक देखि शक १३२६ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३२५ कार्तिक देखि शक १३२६ आश्विन भित्र अधिमास परेको दिइएको छैन । त्यस अधिमास सारणीमा शक १३२४ को भाद्रमा र शक १३२७ को आषाढ अधिमास परेको दिइएको छ[४५] । तर ती दुवै अधिमास ने.सं. ५२५ को दायरा भन्दा बाहिर पर्दछन् ।

संशोधनमण्डलको निर्णयमा शक १३२७ को आषाढको अधिमास ने.सं. ५२५ को आषाढमा मानियो भनी दिइएको छ र नारद मत अनुसार मिल्यो भनी दिइएको छ[४६] ।

वास्तवमा यस किसिमको निर्णयलाई अनुसन्धान मान्न मिल्दैन किनकि नत आषाढको मितिमा ८०२ जोड्ने गरिएको छ नत नेपाल संवतको दायरा भित्र नै पर्दछ नत सिद्धान्त मिल्छ । किनकि

***अभिलेखको मिति***

संवत ५२५ दुरापाढ (आषाढ) को छ
संशोधन मण्डलको निर्णयमा
५२५+८०१=१३२६ शक ।
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १९)

**दृष्टान्तः**

यहाँ पनि संशोधन मण्डलले आफ्ना मान्यताहरु सबै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरणः** (१३)

**संवत ५४४ द्विराषाढ कृष्ण द्वितीयायाम्[४७]।**

(दशक्रिया विधिको पुष्पिका वाक्य पेतेक १६५ पृष्ठ)

यो पुष्पिका वाक्यमा उल्लेखित संवत ५४४ नेपाल संवत हुन् यसमा "द्विराषाढ" भनी उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ५४४+८०२=१३४६ । यो संवत १३४६ लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवत रुपमा उठान भएको संवत भएकोले शक १३४४ को कार्तिक देखि शक १३४५ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३४४ को कार्तिक देखि शक १३४५ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १३४६ को आषाढमा अधिमास परेको दिइएको छ[४८] । तर शक १३४६ आषाढको अधिमास ने.सं. ५४४ को दायरा भन्दा वाहिर पर्दछ ।

संशोधन मण्डलका निर्णयमा शक १३४६ को आषाढको अधिमास ने.सं. ५४४ को आषाढ मानेको छ साथै मकरन्द वचन अनुसार मिल्यो भनी दिइएको छ[४९] ।

वास्तवमा यस किसिमको निर्णयलाई अनुसन्धानको [illegible] मान्न मिल्दैन । नत आषाढको मितिमा ८०२ जोडिएको छ, नत नेपाल संवतको दायराभित्र पर्दछ र नत सिद्धान्त नै मिल्छ । किनकि

***अभिलेखको मिति***

संवत ५४४ द्विराषाद (आषाढ) को छ
संशोधन मण्डलको निर्णयमा
५४४+८०१=१३४५ शक
(हेर्नुहोस् पूर्णिमा अंक ७८ पृष्ठ १९)

**दृष्टान्तः**

यहाँ पनि संशोधनमण्डलले आफ्ना मान्यताहरु सबै विर्सेको छ । किनकि तिथिमिति आषाढ महिनाको छ ।

**संवत प्रकरणः** (१४)

**संवत ५७४ द्वि पौष शु[५०] ।**

(पाटन सौगलको लक्ष्मीनारायणको अभिलेख पेतेक १७३ पृष्ठ)

प्रस्तुत अभिलेखमा उल्लेखित संवत ५७४ नेपाल संवत हुन् । यसमा द्विपौष भनी उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ५७४+८०२=१३७६ । यो संवत १३७६ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उठान भएको संवत भएकोले शक १३७४ को कार्तिक देखि शक १३७५को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३७४ को कार्तिक देखि शक १३७५ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १३७६ को जेठमा अधिमास परेको दिइएको छ[५१] । तर शक १३७६ जेठको अधिमास ने.सं. ५७४ को दायरा भन्दा वाहिर पर्दछ ।

संशोधन मण्डलको निर्णयमा शक १३७६ जेष्ठ को अधिमास नेपाल संवत ५७४ को पौषमा मानियो साथै भारद्वाज मत बचन अनुसार जेष्ठमा परेको अधिमास पौषमा मानियो भनी दिइएको छ[५२] ।

वास्तवमा यस किसिमको निर्णयलाई अनुसन्धानको बाटो मान्न मिल्दैन । यो त जसरी भए पनि आफू जित्ने कुरा मात्र हो त्यो भन्दा बढी केही होइन । किनभने शक ९३४ को जेष्ठमा अधिमास परेकोलाई ने.सं. १३२ को आषाढमा मानियो भनेर पनि मिल्यो भन्ने अब शक १३७६ जेष्ठको अधिमास ने.सं. ५७४ को पौषमा मानियो भन्दा पनि ट्वाक्क मिल्यो भन्नुले सिद्धान्तहीन निर्णयको संकेत गर्दछ । सिद्धान्त भनेको एउटैमात्र हुनुपर्छ । किनकि,

***अभिलेखको मिति***

संवत ५७४ द्विपौष (पौष) को छ ।
संशोधन मण्डलको निर्णयमा
५७४+८०१=१३७५ शक

**दृष्टान्तः**

यहाँ पनि संशोधन मण्डल आफ्ना मान्यताहरु सबै बिर्सेको छ । जेठमा परेको अधिमास आषाढमा पनि पार्न मिल्ने पौषमा पनि पार्न मिल्ने त्यस्तो किसिमको सिद्धान्त हुँदैन ।

**संवत प्रकरणः (१५)**

**संवत ५८२ द्विपौष मास पूर्णिमास्याम्[५३] ।**

(भक्तपुर दत्तात्रेय विष्णुमूर्तिको अभिलेख पेतेक १७३ पृष्ठ)

यस पादपीठ अभिलेखमा उल्लेखित संवत ५८२ नेपाल संवत हुन् । यसमा "द्विपौष" उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ५८२+८०२=१३८४ । यो संवत १३८४ आएको लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा उत्थान भएको संवत भएकोले शक १३८२ को कार्तिक देखि शक १३८३ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३८२ को कार्तिक देखि १३८३ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १३८४ को आषाढमा अधिमास परेको दिइएको छ[५४] । तर शक १३८४ आषाढको अधिमास नेपाल संवत ५८२ को दायरा भन्दा बाहिर पर्दछ ।

संशोधनमण्डलको निर्णयमा शक १३८४ को आषाढको अधिमास नेपाल संवत ५८२ मा लिइयो त भनियो तर पौषमा मानियो भन्न सकेनन र नारद बचन अनुसार आषाढमा परेको अधिमास आषाढ मै मान्नु पर्ने भएकोले आषाढमै मानियो र अधिमास ट्वाक्क मिल्यो भनी दिइयो[५५] ।

वास्तवमा यस किसिमको निर्णयलाई अनुसन्धानको आदर्श बाटो मान्न मिल्दैन । नारद बचन अनुसार आषाढ मान्नु पर्ने आफ्नो ठाउमा होला तर अभिलेखमा आषाढमा परेका अधिमास पौषमा मानेपछि संशोधन मण्डल स्पष्ट रुपले फेल खायो भन्नु पर्दछ ।

नेपाल संवत पनि कार्तिकादि संवत र लिच्छवि संवतपनि, कार्तिकादि भएकोले वर्षको पूर्वार्धमा परेको अधिमास भए आषाढमा अधिमास मान्ने र वर्षको उत्तरार्धको अधिमास भए पौषमा मान्ने परिपाटी नेपालको मौलिक परिपाटी थियो । यही परिपाटीलाई लिच्छविकालमा अंशुवर्माले विशेष

प्रयोग गरे । नेपाल संवत २४० को अभिलेखमा पनि यही परिपाटी अवलम्बन गरिएको वारे चर्चा माथि भइसकेको छ । यहाँ स्पष्ट यो कुरा देखियो कि लिच्छवि काल देखि संवत कार्तिकादि अवलम्बन गरी अधिमास शक संवत तिर आकर्षित हुने गरेको यथार्थ नेपालमा संवतहरु नामक लेख प्राचीन नेपाल अंक १६९ मा दिइसकेको छु । अतः लिच्छवि संवत १३८४ लाई नै शक संवत मान्ने गरेको मात्र हो ।

***अभिलेखको मिति***

संवत ५८२ द्विपौष (पौष) को छ

संशोधन मण्डलको निर्णयमा

५८२+८०१=१३८३ शक

**दृष्टान्तः**

यहाँपनि संशोधन मण्डलले आफ्ना मान्यताहरु सबै बिर्सेको मात्र होइन सिद्धान्त पक्रँदा जुन समाए पनि चिप्लेर लडेको यहाँ स्पष्ट देखियो ।

**संवत प्रकरणः (१६)**

**ने.सं. ६५५ प्रथमाषाढ कृष्ण अमावास्या[५६]**

([illegible]न्या स्वधाटोल चैत्य अभिलेख लिच्छवि संवतको परिचर्चा ६ पृष्ठ)

प्रस्तुत चैत्य अभिलेखमा नेपाल संवत ६५५ लेखिएको छ र संवत प्रकरणमा "प्रथमाषाढ" उल्लेख भएबाट यो वर्ष अधिमास मानेको बुझियो ।

नेपाल संवतमा ८०२ जोडेपछि लिच्छवि संवत आउँछ । अतः ने.सं. ६५५+८०२=१४५७ । यो संवत १४५७ लिच्छवि संवत आएको हो शक संवत आएको होइन । यो लिच्छवि संवत शक पूर्व २ को कार्तिकादि संवतको रुपमा रहेको संवत भएकोले शक १४५५ को कार्तिक देखि शक १४५६ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १४५५ को कार्तिक देखि शक १४५६ को आश्विन भित्र अधिमास परेको दिइएको छैन । किन्तु शक १४५७ को श्रावणमा अधिमास परेको दिइएको छ[५७] । तर शक १४५७ को श्रावणको अधिमास ने.सं. ६५५ को दायरा भन्दा बाहिर पर्दछ ।

संशोधन मण्डलको निर्णयमा शक १४५७ को श्रावणको अधिमासलाई ने.सं. ६५५ को आषाढमा मानियो भनी दिइयो । साथै नारद र भारद्वाज दुवैका बचन अनुसार श्रावणमा परेको अधिमास आषाढमा मानिने भयो भनी दिइयो[५८] ।

वास्तवमा नेपाल संवत कार्तिकादि संवत हो अतः सिद्धान्त कार्तिकादि संझनु पर्नेमा नारदमत चैत्रादि र भार द्वाज मत श्रावणादि हो भनी थाहा हुँदा हुँदै त्यतातिरको सिद्धान्त लिन जानु हुन्थेन तर के गर्नु जसरी भएपनि आफ्नो कुरा मात्र ठीक अरुको वेठीक भन्ने ध्याउन्नामा लागेको स्पष्ट भयो । यस किसिमको निर्णयलाई अनुसन्धानको बाटो मान्न किमार्थ मिल्ने कुरा होइन । किनकि स्पष्टै छ

***अभिलेखको मिति***

ने.सं. ६५५ प्रथमाषाढ (आषाढ)को छ

संशोधन मण्डलको निर्णयमा

६५५+८०१=१४५६ शक


**दृष्टान्तः**

यहाँ पनि संशोधन मण्डलले आफ्ना मान्यताहरु सबै विर्से भन्ने कुरा तड्कारो देखिन्छ । किनभने न त सुमतितन्त्रलाई सम्झेको छ । नत कार्तिक देखि फागुनसम्म ८०१ जोड्ने चैत्र देखि आश्विन सम्म ८०२ जोड्नु पर्छ भन्ने आफ्नो मान्यता सम्झेको छ नत अभिलेखका मर्महरु सम्झे त्यसकारण संवतको विषयमा कुरा गर्ने हो भने संशोधन मण्डल विल्कूल असफल रहे भन्ने आम इतिहासकार मर्मज्ञहरुले बुझ्न आवश्यक छ ।

## नेपालमा संवतका यथार्थ तदनन्तर चित्रण

| | ने.सं. | लि.सं. | शक संवत | इश्वी संवत | विक्रम संवत |
|---|---|---|---|---|---|
| १. | १ | ८०३ (३०३) | ८०१ कार्तिक - ८०२ आश्विन | ८७९ - ८८० | ९३६ - ९३७ |
| २. | १३२ | ९३४ | ९३२ कार्तिक - ९३३ आश्विन | १०१० - १०११ | १०६७ - १०६८ |
| ३. | २४० | १०४२ | १०४० कार्तिक - १०४१ आश्विन | १११८ - १११९ | ११७५ - ११७६ |
| ४ | २६७ | १०६९ | १०६७ कार्तिक - १०६८ आश्विन | ११४५ - ११४६ | १२०२ - १२०३ |
| ५ | २७६ | १०७८ | १०७६ कार्तिक - १०७७ आश्विन | ११५४ - ११५५ | १२११ - १२१२ |
| ६ | ३१३ | १११५ | १११३ कार्तिक - १११४ आश्विन | ११९१ - ११९२ | १२४८ - १२४९ |
| ७ | ३१६ | १११८ | १११६ कार्तिक - १११७ आश्विन | ११९४ - ११९५ | १२५१ - १२५२ |
| ८ | ३१६ | १११८ | १११६ कार्तिक - १११७ आश्विन | ११९४ - ११९५ | १२५१ - १२५२ |
| ९ | ४०३ | १२०५ | १२०३ कार्तिक - १२०४ आश्विन | १२८१ - १२८२ | १३३८ - १३३९ |
| १० | ४७३ | १२७५ | १२७३ कार्तिक - १२७४ आश्विन | १३५१ - १३५२ | १४०८ - १४०९ |
| ११ | ५११ | १३१३ | १३११ कार्तिक - १३१२ आश्विन | १३८९ - १३९० | १४४६ - १४४७ |
| १२ | ५१४ | १३१६ | १३१४ कार्तिक - १३१५ आश्विन | १३९२ - १३९३ | १४४९ - १४५० |
| १३ | ५२५ | १३२७ | १३२५ कार्तिक - १३२६ आश्विन | १४०३ - १४०४ | १४६० - १४६१ |
| १४ | ५४४ | १३४६ | १३४४ कार्तिक - १३४५ आश्विन | १४२२ - १४२३ | १४७९ - १४८० |
| १५ | ५७४ | १३७६ | १३७४ कार्तिक - १३७५आश्विन | १४५२ - १४५३ | १५०९ - १५१० |
| १६ | ५८२ | १३८४ | १३८२ कार्तिक - १३८३ आश्विन | १४६० - १४६१ | १५१७ - १५१८ |
| १७ | ६५५ | १४५७ | १४५५ कार्तिक - १४५६ आश्विन | १५३३ - १५३४ | १५९० - १५९१ |
| १८ | ११२९ | १९३१ | १९२९ कार्तिक - १९३० आश्विन | २००८ - २००९ | २०६५ - २०६६ |

## नेपालमा संवत गतिविधि



## टिप्पणी

- नेपाल संवत १ हुँदा शक ८०१ कार्तिक थियो । ने.सं. कार्तिकादि र शक चैत्रादि भएकोले ने.सं. १ हुँदा शक ८०१ को कार्तिक देखि ८०२ को आश्विन सम्म रहने हो । यसलाई तोडमरोड गरी इतिहास नबुझ्नेहरुले नेपाल संवतमा ८०१ र ८०२ जोड्ने गरी आए यो विलकूल गलत काम हो ।
- नेपाल संवत १ हुँदा इश्वी ८७९ को अक्टोवर देखि ८८० को सेप्टेम्बर सम्म रहेको हो । यसलाई पनि तोडमरोड गरेर ८७९ र ८८० जोड्ने गर्दै आएको छ । यो पनि विल्कूल गलत हो ।
- नेपाल संवत १ हुँदा विक्रम संवत ९३६ को कार्तिक थियो । ने.सं. कार्तिकादि र विक्रम संवत वैशाखादि भएकोले ने.सं. १ हुँदा वि.सं. ९३६ को कार्तिक देखि वि.सं. ९३७ को आश्विन सम्म रहने भएको हो । तर ९३६ र ९३७ नै जोड्ने होइन त्यो गलत हो ।
- लिच्छवि संवतलाई शक संवत मानेर त्यसमा ७८ जोडेर इश्वी संवत हुन आएका छन् त्यो कार्य पनि गलत हो ।
- लिच्छवि संवतलाई नै शक संवत ठानेर त्यसमा १३५ जोडेर विक्रम संवत बनाइ आएका छन् त्यो कार्यपनि गलत हो । हामीले मान्दै आएको विक्रम संवत यही प्रक्रियाबाट चल्दै आएको छ ।
- हाल नेपाल संवत ११२९ यसमा ८०२ जोडे भने लिच्छवि संवत आउने भएकोले ११२९+८०२=१९३१ लिच्छवि संवत हो । पञ्चाङ्गमा यसलाई शालिवाहन शाके मानेको छ । शक संवत वास्तवमा १९२९ कार्तिक देखि १९३० आश्विन हुनु पर्ने यसमा ७८/७८ जोडेर इश्वी सन् २००७ र २००८ मात्र आउछ । त्यसतै १९२९ र १९३० मा १३५/१३५ जोडेर २०६४ को कार्तिक देखि २०६५ को आश्विन सम्म रहने हुनु पर्ने हो तर २०६५ को कार्तिक देखि २०६६ को आश्विन सम्म रहन्छ यो किन भएको यसको रहस्य इतिहासकारहरुले ठम्याउन सकिरहेको छैन । यसको मूलकारण भनेको इश्वी १७५० उप्रान्त १७५१ हुँदा सेप्टेम्बर २ तारिखमा भोलि पल्ट सेप्टेम्बर १४ तारिख बनायो यो कुरा धेरैलाई थाहा छ । खास सेप्टेम्बर २ पछि १३ दिन लाई फड्को मारेर १४ मात्र गरेका थिएनन् इश्वीसन् १७५२ सेप्टेम्बर १४ बनाएका थिए । यसको अर्थ हो इतिहासमा १७५१ नामको वर्ष नै लोप भएको कारणले इश्वी सन् १७५२ भन्दाको अधिको हिसाव र १७५२ देखि हिसाब फरक देखापरेको हो । तारिख गणनाको हिसाव गर्दा १७५१ अघि र त्यसपछिको क्षेपक फरक फरक दिइएको हुन्छ ।
- * इश्वी सन. १७५१ भन्दा अधिको नेपाल संवतमा ९३५/९३६ जोडेर विक्रम संवत बनाउनु पर्दथ्यो भने १७५२ देखि नेपाल संवतमा ९३६/९३७ जोड्नु परेको हो ।
- * इश्वी सन् १७५१ भन्दा अघिको नेपाल संवतमा ८७८/८७९ जोडेर इश्वी संवत बनाउनु पर्दथ्यो भने १७५२ देखि मा ८७९/८८० जोड्नु परेको हो ।

## निष्कर्ष:

१ सुमतितन्त्रका ग्रन्थकारको भनाइ अनुसार नेपाल संवतमा ८०२ जोडे शक संवत आउँछ । यो भनाई ठीक भनुँ कि बेठीक भनुँ भन्ने कुरामा संशोधन मण्डल अत्यन्त दोसाँधमा परेको देखियो । किनकि ठीक भनियो भने पूर्णिमा अंक ७८ मा १६ वटा अधिमास युक्त तिथिमितिको गणना गर्दा कुनैमा पनि ८०२ जोडिएनन् किन भन्ने सवाल उठ्छ । वेठीक भनियो भने लिच्छवि संवतको निर्णयमा संशोधन मण्डलका प्रणेताले सुमतितन्त्र नभेटिएको भए निर्णय गर्न गाह्रो पर्ने थियो भनिएको कुरा फिर्ता लिनुपर्ने हुन्छ । साँच्चै भन्नु पर्दा सुमतितन्त्र कै आधारमा लिच्छवि संवतको निर्णय गरेका थिए ।

वास्तवमा नेपाल संवतमा ८०२ जोडपछि लिच्छवि संवत आउने हो । त्यो लिच्छवि संवत शक पूर्व २ बाट उठान भएको कार्तिकादि संवत हो । यो लिच्छवि संवत अशुवर्माको पालामा आएर संक्षिप्त लिच्छवि संवतको रुपमा ५२९ को सट्टा २९ गरेर व्यवहार गरे । लिच्छवि

संवत ८०२ पुगी ८०३ हुँदा नेपाल संवत आरम्भ भएकाले ने.सं.मा ८०२ जोड्नु परेको हो । ने.सं. मा ८०२ जोड्नु भनेको संक्षिप्त लिच्छवि संवत ३०२ जोड्नु हो । यसबाट कथित मानदेव संवत ३०४ वर्ष सम्म चल्नै पाएको थिएन भन्ने प्रमाणित भयो ।

२ संशोधन मण्डलको मान्यता अनुसार नेपाल संवत कार्तिक शुक्ल प्रतिपदा देखि चैत्र कृष्ण अमावास्या सम्म भए ८०१ जोड्नुपर्ने र चैत्र शुक्ल प्रतिपदा देखि कार्तिक कृष्ण अमावास्या सम्म भए ८०२ जोड्नु पर्ने भनी रहेको छ। वास्तवमा नेपाल संवत १ हुँदा शक संवत ८०१ को कार्तिक देखि शक ८०२ को आश्विन सम्म रहने हो । तसर्थ नेपाल संवतमा ८०१ र ८०२ जोड्ने होइन भन्ने कुरा प्रमाणित भयो ।

३ नेपाल संवत कार्तिकादि संवत हो शक संवत चैत्रादि संवत हो अत: कार्तिक शुक्ल प्रतिपदा देखि चैत्र कृष्ण अमावास्या सम्म नेपालसंवतमा ८०० जोड्नुपर्ने र चैत्र शुक्ल प्रतिपदा देखि कार्तिक कृष्ण अमावास्या सम्म ८०१ जोड्नु पर्ने हुन्छ । नेपाल संवतको प्रारम्भ कार्तिक शुक्ल प्रतिपदामा हुन्छ र शक संवतको प्रारम्भ चैत्र शुक्ल प्रतिपदामा हुन्छ भन्ने स्पष्ट छ भनेर थाहा हुँदा हुँदै पौषमा पनि ८०१ नै जोड्ने र आषाढमा पनि ८०१ नै जोड्ने संशोधनमण्डलको हिसाव मिलेन भन्ने प्रमाणित भयो ।

४ १६ वटा अधिमास युक्त तिथिमितिको परीक्षा गर्दा परीक्षकले ने.सं. ५११ को अभिलखको संवत प्रकरणको पनि परीक्षा गरियो । त्यसमा नेपाल संवत ५११ मा ८०२ जोडेर श्री शाक राज वर्ष १३१३ दिइएको हुँदा हुँदै ८०१ जोडेर १३१२ हुन्छ भन्नुको अर्थ के ? यसले संशोधन मण्डलको हिसाव मिलेन भन्ने स्वत: प्रमाणित भयो ।

५ ने.सं. ५८२ को भक्तपुर दत्तात्रय अगाडिको विष्णुमूर्तिको पादपीठको अभिलेखमा "द्विपौषमास पूर्णिमास्याम" भनी दिइएको दृष्टान्त हुँदा हुँदै पनि यसमा अधिमास मिलाउन परीक्षक समर्थ हुनुभएन । किनभने परीक्षक संग रहेको धर्म निर्णय तिथिसार संग्रहको नारद मत र भारद्वाज मत दुइटै फेल खाएको समेत प्रमाणित भयो ।

**सन्दर्भ ग्रन्थ सूची**


१. प्राचीन नेपाल अंक १६९ पुरातत्व विभागको मुखपत्र २०६५ माघ

२. लुसियानो पेतेक - मेडिएभल हिष्टोरी अफ नेपाल - रोम इस्तिच्युतो इतालियानो पर इल मेडियो एड इस्त्रेमो ओरिएण्टे

३. शङ्करमान राजवंशी - लिच्छवि संवतको परिचर्चा २०४६ काठमाडौं

४. पूर्णिमा - इतिहास प्रधान त्रैमासिक पत्रिका ७८ पूर्णाङ्क संशोधन मण्डल

५. पूर्णिमा - पृष्ठ ९

६. पूर्णिमा - पृष्ठ १५

७. पूर्णिमा - पृष्ठ १५ देखि पृष्ठ २०

८. अभिलेख संग्रह (१ देखि १२ मात्र) - २०१८ बैशाख - २०२० भाद्र (संशोधन मण्डल)

९. पेतेक - पृष्ठ३६ (पाटन गचाननीको अभिलेखबाट)

१०. बेंकटेश केतकर - सौरार्य व्राह्मपक्षीय तिथि गणितम् वि.सं. १९८३ वीजापुर भारतको पृष्ठ २६

११. पूर्णिमा - पूर्णाङ्क ७८ संशोधन मण्डल पृष्ठ १६

१२. पूर्णिमा - पूर्णाङ्क ७८ संशोधन मण्डल पृष्ठ १६

१३. पूर्णिमा - पूर्णाङ्क ७८ संशोधन मण्डल पृष्ठ १५

१४. पेतेक - पृष्ठ ५१ (इण्डिया अफिस लाइब्रेरीमा रहेको स्फोटिका वैद्यको पुष्पिका वाक्य बाट)

१५. वेकटेश केतकर - पृष्ठ २६

१६. शङ्कर मान राजवंशी - लिच्छवि संवतको निष्कर्ष, काठमाडौं पृष्ठ २३

१७. पूर्णिमा - पूर्णाङ्क ७८ संशोधन मण्डल पृष्ठ १६

१८. पेतेक - पृष्ठ ६१ (केशर पुस्तकालयमा रहेको सर्वप्रकरण संग्रहको पुष्पिका वाक्यबाट)

१९. वेंकटेश केतकर - पृष्ठ २६

२०. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १६-१७

२१. पेतेक - पृष्ठ ६२ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको चान्द्रव्याकरणको पुष्पिका बाक्य बाट)

२२. वेंकटेश केतकर - पृष्ठ २६ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

२३. पूर्णिमा -पूर्णाङ्क ७८ पृष्ठ १७

२४. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १६

२५. पेतेक - पृष्ठ ७४ (वेलायतको संग्रहालयमा रहेको पिङ्गलामतको पुष्पिका बाक्य)

२६. वेंकटेश केतकर - पृष्ठ २६ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

२७. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १७

२८. पेतेक - पृष्ठ ७५ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको शप्तशतीको पुष्पिका बाक्य बाट)

२९. वेंकटेश केतकर - पृष्ठ २६ (केरो लक्ष्मण छत्रे विगसिता बाट)

३०. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १७

३१. पेतेक - पृष्ठ ७५ (वेलायत संग्रहालयमा रहेको कारण्डव्यूहको पुष्पिका बाक्य बाट)

३२. पेतेक - पृष्ठ ७९ (भोटको ससक्यमठमा रहेको शतसाहश्रिका प्रज्ञापारमिताको पुष्पिका बाक्यबाट)

३३. वेंकटेश केतकर - पृष्ठ २६ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

३४. पूर्णिमा - पूर्णाङ्क पृष्ठ १८

३५. शङ्करमान राजंवशी - लिच्छवि संवतको परिचर्चा पृष्ठ ५ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको नवग्रह विचारको पुष्पिका बाक्य बाट)

३६. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

३७. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १८

३८. पेतेक - पृष्ठ १४१ (पाटन वकुवहालको मूलढोकामा रहेको ताम्रपत्र अभिलेख बाट)

३९. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिता बाट)

४०. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १८

४१. पेतेक - पृष्ठ १४२ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको गुह्यसिद्धिक्रमको पुष्पिका बाक्य बाट)

४२. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

४३. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १८-१९

४४. पेतेक - पृष्ठ १५८ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको गुह्मकालीतन्त्रको पुष्पिका बाक्य बाट)

४५. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

४६. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १९

४७. पेतेक - पृष्ठ १६५ (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको दशक्रियाविधिको पुष्पिका बाक्य बाट)

४८. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

४९. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १९

५०. पेतेक - पृष्ठ १७३ (पाटन सौगलको लक्ष्मीनारायण मूर्तिको पादपीठ अभिलेखबाट)

५१. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

५२. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १९

५३. पेतेक - पृष्ठ १७३ (भक्तपुर दत्तात्रेय अगाडिको विष्णुमूर्तिको पाठपीठको अभिलेखबाट)

५४. वेंकटेश केतकर - पृष्ठ २७

५५. पूर्णिमा - पूर्णाङ्क ७८ पृष्ठ १९-२०

५६. शङ्करमान राजवंशी - लिच्छवि संवतको परिचर्चा पृष्ठ ६ (वनेपा स्वधाटोलको चैत्य अभिलेखबाट)

५७. वेंकटेश केतकर - पृष्ठ २७ (केरो लक्ष्मण छत्रे विगणिताबाट)

५८. पूर्णिमा- पूर्णाङ्क ७८ पृष्ठ २०

# डोटीका राजाहरूको अन्तिम चिनारी दिपायलस्थित दिपायल कोटको एक अध्ययन

- रामबहादुर कुँवर

**अवस्थिति**

नेपालको ७५ जिल्लाहरुमध्ये डोटी पनि एक हो । ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्वको यो जिल्ला भरी कला वास्तुकलाका उत्कृष्ट नमूनाहरु छरिएर रहेका छन् । डोटी जिल्लामा भएका महत्वपूर्ण ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरुमध्ये डोटीको दिपायलस्थित दिपायल कोट पनि एक हो । यो कोट सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम दिपायलको उत्तरतिर सेती नदीको किनारमा ठूलो आयताकार डाँडोमा अवस्थित छ । दिपायल बजारबाट सेती नदीमा भएको पुल तरेपछि डाँडाको फेदमा पुगिन्छ । आयताकार डाँडोको दक्षिणतिर बाट डाँडोमा भएको गढीमा पुग्न सकिन्छ । गढीमा पुग्न ठाडो उकालो भएकोले सिढीहरु निर्माण गरिएको छ । यो बाटो गढीमा पुग्ने पुरानो मूल बाटो होइन । सम्भवत: यो बाटो पछि बनाएको हो । यो बाटो हाल त्यति प्रचलित रहेको पाईदैन तर दक्षिणको तुलनामा उत्तरतिरको बाटो फराकिलो र सजिलो छ । गढीमा हाल भग्नावशेषहरु मात्र देखिन्छन् । यो गढीबाट पूर्व पश्चिम, उत्तर र दक्षिण दिशामा टाढा टाढासम्म देख्न सकिन्छ । यो गढी दिपायल नगरपालिका अन्तर्गत वडा नं.१० मा पर्दछ ।

**ऐतिहासिक पृष्ठभूमि**

खस मल्लहरुको समयमा डोटी क्षेत्रमा कत्युरी वंशका सामन्तहरुले प्रान्तीय शासनको रुपमा राज्य सञ्चालन गर्दथे । केन्द्रबाट प्रत्यक्ष शासन गर्न अप्ठ्यारो परेकोले खस मल्ल राजाहरुले सामन्तको रुपमा कत्युरीलाई नियुक्त गरेका थिए । वि.सं. १४०९मा निरयपालले डोटीलाई एउटा स्वतन्त्र राज्यको घोषणा गरे । यसपछिको दिनहरुमा डोटी एउटा शक्तिशाली राज्यको रुपमा देखिन थाल्यो । साथै राज्यको सीमा विस्तार गर्दै गयो । कुमाउँ, गढवाल, डडेलधुरा, बझाङ जस्ता क्षेत्रहरु डोटी राज्य अन्तर्गत पर्दथे । साथै डोटीले नुवाकोटसम्म जितेको भन्ने पनि गरिन्छ ।

डोटीमा कत्युरी वंशको शासनको शुरुवात भएपछि कला तथा वास्तुकलाको क्षेत्रमा पनि व्यापक विकास भयो। राजा निरय पालले डोटीलाई स्वतन्त्र राज्यको रुपमा अजयमेरुकोट हाल डडेलधुरालाई राजधानी बनाए। हुन त अजयमेरुकोटको निर्माण सर्व प्रथम अजय पालले गरेका थिए भन्ने कुरा थाहा पाईन्छ। तर अजयपाल र निरयपाल एउटै व्यक्ति हुन वा अलग अलग व्यक्ति हुन ? हालसम्म इतिहासकारहरु बीच विवाद कै विषय बनेको छ। धेरै जसो इतिहासकारहरुले निरयपाल र अजयपालले अजयमेरुकोटको स्थापना गर्न लगाएको मान्दछन्। राजा निरयपालले स्थापना गरेको अजयमेरुकोट राजधानीको रुपमा एक शताब्दीसम्म यथावत रह्यो एवं महत्वपूर्ण केन्द्रको रुपमा पनि विकसित रह्यो। उकुकोट ( हाल दार्चुला जिल्लामा पर्दछ ) पनि केही समयको लागि राजधानी शहरको रुपमा विकास भएको पाइन्छ। उकुकोटमा हाल पनि काटघर देवस्थल र दरवार र दरवारको चारैतिर मजवुत किल्ला छदैछ। यसरी डोटी राज्य विकास भएको समयमा कला तथा वास्तुकलाको विकास अजयमेरुकोट र उकुकोटमा सीमित रहेको पाईन्छ। राजा निरयपालपछि नाग मल्ल कै पालामा डोटीको राजधानी अजयमेरुकोटबाट दिपायलकोटमा सारेको उल्लेख पाईन्छ।

कथा अनुसार नाग मल्लको राज्य कालमा अजयमेरु कोट दैवी प्रकोपका कारणले नष्ट हुन गएको र त्यसपछि उनले आफ्नो राजधानी उही नराखी दिपायल कोटमा सारेका थिए। यस सन्दर्भले दिपायलकोटको अस्तित्व नाग मल्ल पूर्व पनि थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ भने कतैतिर वि.सं १४४१ देखि १४५० को बीचमा दिपायल कोट बनी सकेको र दरवार पनि निर्माण भई सकेको कुरा अनुमान गर्न सकिन्छ। नाग मल्ल पछिका दिनहरुमा पुनः अजयमेरुकोटमा नै डोटीको राजधानी सारेको कुरा थाहा पाइन्छ। तर पुनः राजधानी किन सारियो ? त्यसबारे खासै जानकारी पाईदैन। साथै दिपायल कोटमा के कस्ता दरवार मन्दिर मूर्तिहरु बनेका थिए ? खासै जानकारी पाईदैन। डोटीमा राजा कल्याण मल्लको पालामा डोटी तथा कुमाउँ बीच बाह्र वर्ष युद्ध चल्यो। उक्त युद्ध वि.सं.१४९४ देखि १५०७ सम्म चलेको थियो। त्यो युद्धमा डोटीले ठूलो क्षतिको सामना गर्नु पर्‍यो। साथै महाकाली नदीदेखि पश्चिम तर्फको भूभाग र खप्तड लेकदेखि उत्तर पश्चिमतिरको सम्पूर्ण भूभाग पनि गुमाउनु परेको थियो। त्यो बेला डोटीको सेनाले चम्पावतमा डेरा जमाएर बसेको भएतापनि स्थिति नाजुक रहेकोले सेना फिर्ता हुनु परेको थियो। उता कुमाउ र कटलेहर राज्यको संयुक्त शैन्य डोटीको सरहदमा बाह्र वर्षसम्म डेरा जमाएर बसेको थियो। डोटीको सेना कुमाउँको राजधानी चम्पावतबाट अजयमेरु कोटमा फिर्ता भएको थियो। राजा कल्याण मल्लले कुमाउनी सेनाको मुकाविला गर्न नसकेर र आफ्नो राजधानी अजयमेरु कोटबाट उकुकोटमा पछि आफ्नो राजधानी दिपायल कोटमा सार्न वाध्य भएका थिए। उकुकोटमा पनि कुमाउनी सेनाको प्रकोप बढदै गएकोले डोटीका राजाले उकुकोटबाट पनि आफ्नो राजधानी दिपायल कोटमा सार्न वाध्य भएका थिए। यसरी अजयमेरुबाट पुनः दिपायल कोटमा राजधानी सारिएको थाहा पाईए तापनि अन्य कुराहरु स्पष्ट हुदैनन्। कल्याण मल्ल पछिका राजा संसार मल्लको पालामा पनि दिपायल कोट नै राजधानी शहर दिपायल कोट नै भयो। तर दरवारको स्वरुप कस्तो थियो भन्ने कुरा स्पष्ट हुदैन। डोटीका राजा राम शाहीको पालामा डोटी भित्र ठूला ठूला वस्ती र ऐतिहासिक स्थलहरुको जीर्णोद्धार भएको कुरा वंशावलीबाट थाहा पाईन्छ। त्यस्ता महत्वपूर्ण स्थानहरुमा अजयमेरु कोट, कुल्लेलकोट, धौलीकोट, डुग्राकोट, मकरीकोट, बभाङ्गकोट, सूनीकोट र दिपायल कोट थिए। यस भनाईबाट पनि दिपायल कोट पुरानो भएकोले नै जीर्णोद्धार गर्नु पर्ने अवस्था आएको कुरा पनि अनुमान गर्न सकिन्छ।

डोटीका अन्तिम राजा दीप शाही समेत दिपायल कोटमा बसी राज्य गर्दथे। वि.सं १८४७ तिर नेपाल एकीकरणको क्रममा डोटी विशाल नेपालमा गाभियो र यहाँका अन्तिम राजा दीप शाही ज्यान जोगाउन तराईतिर भागेको उल्लेख पाइन्छ। यसरी करीव चार सय वर्षसम्म एउटा

महत्वपूर्ण स्थानको रुपमा रहेको दिपायल कोट विस्तारै खण्डहरूमा परिणत हुन थाल्यो। सम्भवत: शुरुका दिनहरुमा यस दरवारमा काठमाण्डौ दरवारबाट नियुक्त गरिएका कर्मचारी बस्दथे। तर पछिल्लो समयमा यो ठाउँ खण्डहरको रुपमा परिणत हुन थालेको र विशाल शक्ति केन्द्रको रुपमा रहेको दिपायल दरवार क्षेत्र गढी भैरवको रुपमा परिणत भयो। यस दरवार क्षेत्रको उल्लेख वि.१४४१ देखि १४५० को बीचदेखि आउन थाले तापनि यो दरवार कसले बनाउन लगाएका हुन भन्ने कुरा स्पष्ट हुदैन। स्थानीय वासिन्दाहरुको भनाई अनुसार दिपायल कोटमा प्रशस्त मात्रामा घरहरु थिए जहाँ सशस्त्र प्रहरी बस्ने चलन थियो। यस ठाउँमा रानीमौला, दरवार, अस्तवल, सभाकक्ष जस्ता भवनहरु थिए। यसको निर्माण राजा विष्णु शाहीले गर्न लगाएका थिए भन्ने कुरा स्थानीय बुढापाकाहरुको रहेको छ। भनिन्छ, दिपायल कोटमा बाह्र खण्डहरु थिए। ती सबै खण्डमा छुट्टा छुट्टै कामहरु हुन्थे। केही इतिहासकार र भैरव मन्दिरमा राखेको अभिलेखले यो दरवारको निर्माण शाके १४८०-१५१२ को बीचमा बनेको उल्लेख गरेको पाइन्छ। यसरी दिपायल कोटको निर्माणको सम्वन्धमा विभिन्न बिचारहरु आएको पाइन्छ। तर ऐतिहासिक तथ्यहरुको अध्ययन गर्दा यो दरवार डोटीका राजा निरयपालका छोरा नाग मल्लको पालादेखि नै अस्तित्वमा थियो। पछिल्लो समयमा दिपायल कोट राजधानी शहरको रुपमा विकास भएपछि डोटीका विभिन्न समयका राजाले दरवारमा थपघट र जीर्णोद्धार समेत गरेको कुरा अनुमान गर्न सकिन्छ। यसरी डोटीको इतिहासमा यस दरवारको विशेष महत्व रहेको छ।

## दिपायल कोटको वास्तुकला

दिपायल कोट दिपायल नगरपालिका वडा नं. १० मा पर्दछ। गढीमा पुग्नको लागि दिपायल बजारको उत्तरी भागमा बग्ने सेती नदीको पुल तरेपछि एउटा ठूलो डाँडो देखिन्छ। त्यही डाँडोमा दिपायल कोट अवस्थित छ। कोटमा पुग्नको लागि डाँडोको दक्षिण भागमा सिढीहरु बनाईएका छन्। उकालो ठाडै छ। यो बाटो नगरपालिकाको आर्थिक सहयोगमा बनेको हो। दिपायल कोटको स्वरुप आयताकार छ जसको दक्षिण उत्तरको लम्वाई बढी छ भने पूर्व पश्चिमको भागको लम्वाई कम छ। पुरानो बाटो उत्तर तिरबाट भएतापनि हाल दक्षिणतिरबाट गढी पुग्ने बाटो बढी प्रचलित रहेको छ। दक्षिणबाट उकालो चढदै गएपछि सर्वप्रथम एउटा सानो समथर भाग आउछ। यस समथर भागमा भग्नावशेषहरु देख्न सकिन्छ। यो समथर भागबाट केही सिढीहरु चढेर अर्को मूल समथर भाग आउँछ। यस भागमा लहरै भग्न संरचनाहरु रहेका छन्। दक्षिणदेखि उत्तरतिर वर्णन गर्दा दक्षिणतिरको पहिलो संरचनाको जग वर्गाकार स्वरुपमा देखिन्छ। यस पछिको संरचना दरवार कै अंश हो। यसमा चारैतिर गारो देखिन्छ र २ वटा कोठाहरु देखिन्छन्। आयताकार स्वरुपमा बनेको यो संरचनामा भित्र प्रवेश गर्ने भाग पश्चिमतिर छ। यस संरचनामा पश्चिमतिर बाट भित्र प्रवेश गरेपछि लामो बरण्डा छ र एउटै लाईनमा २ वटा कोठाहरु छन्। भने दक्षिणतिरको कोठाको दक्षिणमा लामो सानो आयताकार कोठा आकृति निकालिएको छ। जसमा बीचमा सानो विभाजन गरिएको छ। त्यस विभाजनमा आवत जावत गर्ने बाटो बनाइएको छ। यसको प्रयोजन थाहा पाईदैन्। यस संरचना पहिलो तल्लासम्म गारो अझै पनि छ। संरचनाको गारो ढुङ्गा र माटोबाट लगाईएको छ। ढुङ्गाहरु व्यवस्थित रुपमा आकार मिलाएर काटिएको छ। यो संरचनाको ठीक उत्तरतिर अर्को यही आकारको संरचना छ। यसको संरचना पनि माथि उल्लेखित जस्तै छ तर यसको भित्री संरचना केही फरक भएतापनि बनावट एउटै किसिमको छ। यसमा पनि पहिलो तल्लासम्मको गारो यथावत छ र पूर्वतिरको गारोमा र उत्तरतिरको गारोमा साना प्वालहरु देखिन्छन्। सम्भवत: यी प्वालहरुबाट काठहरु छिराएर तल्ला निकालिएको छ। यसमा पनि व्यवस्थित तरिकाबाट काटिएका ठूला ठूला ढुङ्गाहरु प्रयोग गरिएको छ। साथै माटोको प्रयोग पनि भएको छ। यो भग्न संरचनाको उत्तरतिर अर्को संरचना रहेको छ। यो संरचना पूर्णरुपमा

न भई सकेको छ । सम्पूर्ण संरचना भत्किएर सानो ढिस्कोको रुपमा परिणत भई सकेको छ । जगका केही अवशेषहरु देखिन्छन् । यसपछिको उत्तरतिरको संरचना पनि त्यो रुपमा जीर्ण भई सकेको छ । यसमा पनि जगमात्र देखिन्छ । यी संरचनाहरुको यी दुईवटा भवनहरु दक्षिणतिरका भवनहरुभन्दा साना देखिन्छन् । सम्पूर्ण जीर्ण संरचनाको अध्ययन गर्दा अहिले पनि एक तल्लासम्म गारो रहेका भवनहरु मूल दरवारको रुपमा देखिन्छन् भने अन्य संरचनाहरु सहायक भवनको रुपमा थियो भन्ने कुरा स्पष्ट हुन्छ । माथि उल्लेखित जीर्ण संरचनाहरुको उत्तरमा सानो चौर छ र यो चौरको आँगनमा भैरवको मन्दिर स्थापना गरिएको छ । नयाँ निर्माण सामग्रीहरु प्रयोग गरी बनाईएको यो मन्दिर वर्गाकार स्वरुपमा निर्माण गरिएको छ । यसै मन्दिरको उत्तर पूर्वतिरबाट यस कोटमा आउन पुरानो बाटो छ । गढीको चारै दिशामा सुरक्षा पर्खालहरु छन् । गढीको चारैतिर ठूलो भीर भएकोले सुरक्षा पर्खालको उचाई त्यति ठूलो छैन । सम्भवतः यो पर्खाल भित्र जानलाई रोक्न र समथर भागलाई व्यवस्थित गर्नको लागि बनाईएको हो । सुरक्षा पर्खालको भित्रतिर करिब तीन फिट गहिरो सुरक्षा खाडलहरु पनि चारैतिर बनाईएका छन् यी खाडलहरु पानीको निकासको लागि बनाईएका हुन सक्ने पनि देखिन्छ । किनभने कोटको चारैतिर डरलाग्दो भिरहरु युक्त भीर भएकोले यहाँ सुरक्षा खाडल त्यति आवश्यक देखिँदैन । साथै सुरक्षा खाडलको आकार र गहिराईले शत्रु पक्षलाई छिर्न बाधा हुने पनि देखिदैन ।

### भैरव मन्दिर

दिपायल कोटको उत्तर समथर भागमा यो मन्दिर अवस्थित छ । यसै भैरव मन्दिरको नामबाट यस कोटको नाम भैरव कोट भन्ने चलन पनि रहेको छ । वर्गाकार स्वरुपमा बनेको यो मन्दिरको मूल ढोका पश्चिमतिर छ । मन्दिर चारैतिरबाट किल्लाको स्वरुपमा बनाईएको छ । मूलद्वार बाट प्रवेश गरी सकेपछि भित्री भागको आँगनमा पुगिन्छ । यसै आँगनमा भैरवको मूर्ति स्थापना गरिएको छ । मन्दिरको छाना छैन माथिल्लो भाग खुल्ला छ । मन्दिर नया हो । मन्दिरको निर्माणको लागि सिमेन्ट र ईटाको प्रयोग भएको छ । सम्भवतः पुरानो मन्दिर भत्केर जीर्ण भएपछि मूर्तिको सुरक्षाको लागि नयाँ मन्दिर बनाईएको हो । यो मन्दिर वि.सं.२०४६ सालमा अच्युत कृष्ण खरेल डि.आई.जी भई दिपायल गएको वेला बनाउन लगाएका थिए । मन्दिर वरीपरी भएका बस्ने ठाउँहरु, घण्टीहरु, मन्दिरमा आउने उत्तरतिरको बाटो विभिन्न समयमा विभिन्न दाताहरुले बनाएको उल्लेख पाईन्छ । कोटभैरव वरीपरी भएका बस्ने ठाउँहरु (dias) डि.आई.जी.ढालमान थापाद्धारा बनाउन लगाएका थिए । साथै भैरव कोट आउने बाटोमा सिंढीहरु व्यवस्थित गराउने कार्य पनि डि.आई.जी.ढालमान थापाले नै गर्न लगाएका थिए । मन्दिर वरीपरी कुल १४ वटा ढलौटका साना ठूला घण्टाहरु राखिएका छन् । ती घण्टाहरु विभिन्न समयमा विभिन्न दाताहरुले चढाएको तथ्य घण्टाहरुमा अंकित अभिलेखहरुबाट स्पष्ट हुन्छ । ती घण्टाहरुको अभिलेखहरुमा क्रमशः वि.सं. २०४६, २०४७, २०६०, २०६२, २०६२ साल लेखिएको पाइन्छ भने चढाउने दाताहरुको नाम पनि क्रमशः अच्युत कृष्ण खरेल, नारायण प्रसाद आचार्य, शंकर दत्त भट्ट, मोहन प्रसाद रिमाल र प्रहरी टोलीबाट चढाएको भन्ने अभिलेखहरु लेखिएका छन् । हालको मन्दिर नयाँ भएतापनि मन्दिर १६ औ शताव्दीतिर बनेको भन्ने आसय मन्दिरको भित्तामा भएको अभिलेखबाट बुझिन्छ । उक्त अभिलेखमा" डोटीका राजा भूपति शाहको शासन काल शाके १४८०- १५१२ मा दिपायल गनई गौंडामा राजदरवार निर्माण हुंदा प्रवेशद्धारमा भैरवको स्थापना भएको संवत १८९० सम्म पूजा खर्च नेपाल सरकारबाट व्यहोरिने गरिएको थियो । दरवारको संरक्षण तथा मन्दिरको सामान्य जीर्णोद्धार यस क्षेत्रको प्रहरी परिवार र नगरपालिकाबाट वि.सं २०५० सालमा गरियो" भन्ने लेखिएको छ ।

**भैरव मन्दिरमा भएको भैरवको मूर्ति**

दिपायल कोटमा भएको मूर्तिको नामबाट नै हाल दिपायल कोट भैरवकोटको नामबाट प्रख्यात भएको छ । मन्दिरको गर्भगृहमा भएको यो मूर्ति ढुङ्गाद्वारा बनेको छ । मूर्ति प्रत्यालीढ मुद्रामा छ । यस मूर्तिमा भैरवका चार हातहरु छन भने त्यसमध्ये दाहिने माथिल्लो हातमा गदा र तल्लो हातले पास लिएको छ भने देब्रे माथिल्लो हातमा डमरु र तल्लो हातमा कपला लिएको छ । भैरवको शिरमा जटामुकुट छ । मुख डरलाग्दो स्वरुपमा बनाईएको छ । चेप्टो मुखाकृतिमा आँखा गोलाकार छन् कानमा कुण्डलहरु लगाईएका छन् । मूर्तिको गलामा हार र मुण्डमाला छ । भैरवले लगाएको उत्तरी घुँडा भन्दा अलि तलसम्म देखिन्छ । मूर्ति कुकुरमाथि उभिएको छ । भैरवको शरीर हट्टा कट्टा र बलियो देखाईएको छ । यो भैरवको प्रतिमा लक्षणको अध्ययन गर्दा भैरवको विभिन्न स्वरुपहरुमध्ये यो वटुक भैरवको मूर्ति हो भनेर भन्न सकिन्छ । कलाकारिताको हिसावले यो मूर्तिलाई उत्कृष्ट अवश्य पनि भन्न सकिदैन तर यो मूर्तिले एकातिर मध्यकालीन डोटी क्षेत्रको कला पक्षलाई झल्काउँछ भने अर्कोतिर धार्मिक र सांस्कृतिक जीवनको झलकलाई प्रस्तुत गरेको देखिन्छ । यो मूर्तिको निर्माण भूपति शाहको पालामा भएको मानिन्छ । भूपति शाहले शाके १४८०-१५१२ को बीचमा यो मूर्ति बनाउन लगाएका थिए । मध्यकालीन दरवार क्षेत्रहरुमा भैरवका मूर्तिहरु स्थापना हुनु एउटा महत्वपूर्ण परम्परा नै थियो । यस दरवार क्षेत्रमा पनि त्यो परम्परालाई निरन्तरता दिएको पाईन्छ । भैरवलाई महत्वपूर्ण संरक्षक देवताको रुपमा मानिने हुँदा दरवार क्षेत्रको नराम्रो शक्तिबाट सुरक्षार्थ यो मूर्तिको स्थापना गरिएको हो ।

भैरवको वाँयातिर आसन मुद्रामा भएको देवीको मूर्ति छ । २ वटा हातहरु भएको यस मूर्तिको दाँया हातमा त्रिशूल छ भने वाँया हातको वस्तु स्पष्ट हुदैन । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गर गहनाहरु प्रयोग गरिएका छन् । अलंकृत मुकुट, फराकिलो वक्षस्थल अस्पष्ट मुखाकृति यस मूर्तिमा महत्वपूर्ण विशेषताहरु छन् । सम्भवतः यो मूर्ति पार्वती को हो किनभने भैरवको मूर्तिहरुको साथै पार्वतीका मूर्तिहरु बनाउने विधान प्रतिमा शास्त्रका ग्रन्थहरुमा बारम्वार उल्लेख भएको पाईन्छ ।

यो मूर्तिलाई पनि समयको हिसावले भैरव मूर्तिको समकालीन मान्न सकिन्छ । कलाको हिसावले यसलाई पनि महत्वपूर्ण मान्न सकिदैन । यो मूर्तिको वाँयातिर अर्को मूर्ति स्थानक मुद्रामा छ । मूर्तिमा चार हातहरु छन् । दाहिने माथिल्लो हातमा तरवार लिएको छ भने वाँया माथिल्लो हातमा खेटक लिएको छ । अरु दुई हातले कपला समातेको छ । साधारण मुकुट, कानमा कुण्डलहरु छन् । घाँटीमा हार र मुण्डमाला र तलैसम्म झुण्डिएको बुट्टेदार फरिया स्वरुपको धोती हुनु यस मूर्तिका विशेषताहरु हुन । प्रतिमा लक्षणको आधारमा यस मूर्तिलाई पनि भैरवको मान्न सकिन्छ । कलाकारिताको हिसावले यो मूर्ति माथि उल्लेखित मूर्तिभन्दा राम्रो देखिन्छ । यो मूर्ति माथिल्लो दुई मूतिहरुको भन्दा केही पछि बनेको तथ्य मूर्तिको शैलीबाट थाहा पाउन सकिन्छ ।

भैरव मूर्तिको दाँयातिर सयौंको संख्यामा फलामका पुराना त्रिशूलहरु छन् । त्रिशूलको साथै सयौंको संख्यामा सानो त्रिशूलसंग जोडिएका पुराना घण्टाहरु पनि छन् । कलाकारिताको हिसावले यी घण्टाहरु त्यति महत्वपूर्ण नभएतापनि धार्मिक , सांस्कृतिक र पुरातात्विक हिसावले यी घण्टाहरुको विशेष महत्व रहेको मान्न सकिन्छ । यी घण्टा र त्रिशूलहरु प्रायः जसो सबै सय वर्ष भन्दा पुराना हुन् । केही नयाँहरु पनि छन् । सम्भवतः यी सबै त्रिशूल र घण्टाहरु भाकल स्वरुप अर्पण गरिएका हुन् । कुनै श्रोतबाट स्पष्ट नभएतापनि घण्टा र त्रिशुलहरुको संख्यात्मक हिसावबाट अध्ययन गर्दा साना त्रिशूल र घण्टाहरु चढाउने यस मन्दिरको पुरानो परम्परा रहेको अनुमान गर्न सकिन्छ ।

## दिपायल कोटको वर्तमान अवस्था

ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्व बोकेको दिपायलको वर्तमान स्वरुप साह्रै जीर्ण रहेको छ । डोटी राज्यको उन्नत अवस्थामा एउटा महत्वपूर्ण राजनैतिक केन्द्रको रुपमा रहेको दरवार क्षेत्र हाल खण्डहर र झाडीमा परिणत भएको छ । अज्ञानताको कारणले जथाभावी रुपमा यत्रतत्र नयाँ निर्माण कार्यहरु पनि भई राखेका छन् । कोटको दक्षिणतिर नयाँ बाटो बनाईएको यो बाटो नगरपालिकाद्धारा निर्माण गरी लगाइएको भएतापनि यो बाटोको निर्माणले कोटको स्वरुपमा समेत परिवर्तन आएको देखिन्छ । दिपायल बजार बाट कोटमा जाने बाटो सहज भएतापनि यसले कोटको सौन्दर्यतालाई घटाएको छ । दक्षिणतिरबाट सिढी चढेर गएपछि पुग्ने (समथर ) पहिलो समथर भागमा सानो संरचनाको भग्नावशेष देखिन्छ । त्यस ठाउँमा ढुङ्गाहरु यत्रतत्र छरिएर रहेका छन् । साथै चारैतिर झाडीहरुले भरिएको छ । यो सम्भवत: चौकिदारहरुले बस्नको लागि बनाईएको हो । किनभने यस ठाउँबाट टाढा टाढासम्म देख्न सकिन्छ । यो समथर भागबाट केही उकालो चढेपछि मूल दरवार क्षेत्रमा पुग्न सकिन्छ । मूल दरवार क्षेत्रको दक्षिण भागमा संरचनाको जग मात्र देखिन्छ । सम्पूर्ण जग क्षेत्र भरी नै घाँसमा झाडी उम्रिएको छ र जगका ढुङ्गाहरु यत्रतत्र छरिएका छन् । यो संरचना भन्दा उत्तरतिर भग्न दरवारको अवशेष छ । एक तल्लासम्म गारो भएको यो भवनको अवस्था पनि जीर्ण छ । गारोहरु दिन प्रतिदिन भत्किएर सानो भई राखेको देखिन्छ । कोठाका भागहरु पनि क्रमश: भत्की रहेको देखिन्छ । स्थानीय बासिन्दाहरुको भनाई अनुसार त्यस मग्न तल्लाका काठहरु चोरी भएर सिद्धिए । काठहरु चोरी भई सकेपछि गारो पनि भत्किदै गयो र हाल पनि भत्की राखेको छ । भवनका कोठा कोठामा झाडीहरु उम्रिएको छ । स्थानीय केटाकेटीहरु गएर गारोमा चढने, ढुङ्गा उखेलेर फाल्ने कार्यले भएको संरचनाले पनि विस्तारै स्वरुप गुमाउदै गई राखेको देखिन्छ । यो भग्नावशेषको उत्तरतिर अर्को एक तल्लासम्म गारो भएको भवन छ । सम्भवत: यी दुइवटा भवनहरु नै राजा र राज परिवारका सदस्यहरु बस्ने दरवारहरु हुन । यो भवन पनि एक तल्लासम्मको गारो भग्न अवस्थामा छ । यसका काठहरु पनि चोरी भई सकेका छन् । गारो भत्किदै छ । दरवारका कोठाहरु र गारोको वरीपरी प्रशस्त मात्रामा झाडीहरु उम्रिएका छन् । ठूला ठूला कुँदिएका ढुङ्गाहरु चोरी हुने क्रम जारी छ । यो दरवारको उत्तरतिर २ वटा संरचनाका भग्नावशेषहरु छन् जसमा जग मात्र देखिन्छ । दुवै भग्नावशेषहरुलाई झाडीले छोपेको छ । सम्भवत: यी २ वटा भग्नावशेषहरु पनि महत्वपूर्ण स्मारकहरु थिए भनेर अनुमान गर्न सकिन्छ । यी स्मारकहरुको उत्तरी भागमा नयाँ भैरवको मन्दिर छ जसको गर्भ गृहभित्र १६ औ शताव्दीतिरको भैरवको मूर्ति छ । भैरव मन्दिर क्षेत्र र चौर पनि व्यवस्थित छैन । कोटको वरीपरी भएको पर्खाल पनि धेरै ठाउँमा भत्किएको छ । र पर्खाल दाँया वाँया प्रशस्त घाँस उम्रिएका छन् । साथै पर्खालको भित्री भागमा भएको सुरमा खाडल भरी घाँस उम्रिएका छन् र पानी निकासको राम्रो व्यवस्थापन नभएकोले सुरक्षा खाडल पुरिदै गएको देखिन्छ । सम्पूर्ण दरवार क्षेत्र नै झाडी क्षेत्रमा परिणत भएको छ । जसले गर्दा केही संरचनाहरुको स्वरुप नै यकीन गर्न अप्ठ्यारो देखिन्छ ।

## दिपायल कोटको ऐतिहासिक,सांस्कृतिक र पुरातात्विक महत्व

दिपायल कोट डोटीका बासिन्दाहरुको लागि मात्र नभई सम्पूर्ण पश्चिम नेपालमा नै यसको विशेष महत्व रहेको छ । वि.सं.१४०९ देखिका दिनहरु देखि स्वतन्त्र दिपायलका अन्तिम राजा दीप शाहीको पालासम्म अर्थात वि.सं.१८४७ सम्म कत्युरीहरुको बसोबास महत्वपूर्ण ठाउँको रुपमा विकास भएको बुझिन्छ । यसै ठाउँमा बसेर कत्युरी बंशका राजाहरुले राज्य संचालन गर्दथे । यो ठाउँ डोटीको महत्वपूर्ण राजनीतिक केन्द्रको रुपमा थियो । यी विविध

कारणले यसको बिशेष ऐतिहासिक महत्व रहेको छ। यो दर वारको स्वरुपले मध्यकालीन डोटी राज्यको ऐतिहासिक वैभवताको अनुमान गर्न समेत सहयोग पुऱ्याएको छ। ऐतिहासिक महत्वको साथ साथै पुरातात्विक हिसाबले पनि दरवार क्षेत्रको विशेष महत्व रहेको छ। सम्पूर्ण दरवार क्षेत्र नै भग्नावशेषमा परिणत भई सकेकोले धेरै ऐतिहासिक जानकारी पाइदैन। कम ऐतिहासिक सामग्रीहरु प्राप्त भएकोले पुरातत्वको लागि यो एउटा महत्वपूर्ण स्थलको रुपमा परिणत भएको छ। साथै यस दरवारसंग सम्बन्धित परम्परा र विश्वासहरु प्रायः लोप भई सकेको हुनाले पुरातत्वले मात्र उक्त क्षेत्रको अन्वेषण र उत्खनन् गरेर यस दरवारसंग सम्बन्धित परम्परा र बिश्वासहरु पत्ता लगाउन सक्छ। साथै दरवार क्षेत्रभरि छरिएर रहेका भग्नावशेषहरु पुरातत्वको लागि महत्वपूर्ण बिषयबस्तु हुन सक्छन्। किनभने जहाँ इतिहासका सामग्रीहरु पाईंदैनन्। त्यहां पुरातत्वको कार्य बढी हुन्छन। तसर्थ पुरातात्विक हिसावले यसको विशेष महत्व रहेको छ। यस ठाउँमा बैज्ञानिक तरिकाबाट उत्खनन् गरियो भने प्रशस्त ऐतिहासिक घटनाहरुलाई जान्ने मौका पाइन सक्छ भन्ने कुरा अनुमान गरिएको छ।

ऐतिहासिक, पुरातात्विक हिसावले महत्व हुनुका साथै धार्मिक हिसावले पनि यसको विशेष महत्व रहेको छ। बर्तमान समयमा यो ठाउँ स्थानीय बासिन्दाहरुको लागि यो एउटा महत्वपूर्ण धार्मिक स्थलको रुपमा विकास भएको छ। स्थानीय बासिन्दाहरुको लागि दिपायल कोट, भैरव कोटको नामले प्रख्यात भएको देखिन्छ। यस ठाउँमा भएको भैरव मन्दिरको नामबाट नै यसलाई भैरव कोट भनिएको हो। यस ठाउँमा भएको भैरवप्रति स्थानीय बासिन्दाको विशेष आस्था रहेको छ। राम्रोसंग पूजापाठ संचालन नगरेमा भैरव रिसाउंछन र आसपासको क्षेत्रहरुमा त्यसको नराम्रो असर पर्छ भन्ने मान्यता स्थानीय बासिन्दाहरुको रहेको छ। साथै यी भैरवले सम्पूर्ण डोटी बासीहरुको संरक्षण गर्छन भन्ने मान्यता स्थानीय बासिन्दाहरुको रहेको छ। भैरवलाई प्रत्येक बर्ष वली दिनु अनिवार्य मानिन्छ। बली नदिएमा भैरव रिसाउँछन् भन्ने मान्यता रहेको छ। मन्दिरका पुजारीको भनाई अनुसार एक बर्ष भैरवलाई कुनै कारणबश बली चढाउन सकिएन जसले गर्दा प्रत्येक दिनको रातमा बाघ कराएको सुन्न थालियो। पछि वली दिए पछि मात्र बाघ कराउन छोडेको थियो। त्यसैले अहिले अटूट रुपमा प्रत्येक बर्ष दशैमा रांगा र बोका बली दिने चलन छ। साथै भैरव मन्दिरमा आएर भाकल गर्ने परम्परा पनि छ। भाकल गरेर मनले चिताएको पुगेमा भाकल गरे वमोजिम त्रिशूल, घण्टा ल्याएर चढाउने चलन छ। साथै यस ठाउँमा आएर अन्य विभिन्न किसिमका पूजाआजा पनि सम्पन्न गर्ने गर्दछन। भैरव मन्दिरका पुराना पुजारी नाथ सम्प्रदायका थिए तर हाल सैनिक गुल्मका पुजारी आएर पूजा संचालन गर्दछन्। परम्पराहरु नाश भएतापनि यसको विशेष धार्मिक महत्व रहेको छ।

*(सामग्री संकलन र अन्य सहयोगको लागि आभार श्री नारायण बोहरा)*

**सन्दर्भ ग्रन्थहरु**

१. Pandey, Ram Niwas, Making of Modern Nepal, 1997.

२. Sharma, P.R., Prelimenary study of the Art and Architecture of Karnali Basin, 1973.

३. खनाल, मोहन प्रसाद, पश्चिम नेपालका मूर्ति र स्थापत्य, २०५५।

४. शर्मा, डिल्ली राज, नेपालको किल्ला वास्तुकला, २०५५।

५. मेचीदेखि महाकाली, श्री ५को सरकार, संचार मन्त्रालय, सूचना विभाग, २०३१।

# गणतन्त्र एवं त्यसमा जनगणका अधिकार

- हरिराम जोशी

गण सिद्धान्त भनौं या गणतन्त्रका आदि प्रवर्तक एवं गणराज्यका प्रथम गणपति (गणाध्यक्ष) श्री पशुपति सदाशिव रहेको छ । गण सिद्धान्तमा आस्थावान् जो सुकै व्यक्ति पनि गणपति सदाशिवको रुपमा आसीन हुन समर्थ हुने कुरा शैव धर्म दर्शनको अध्ययनमा हामीलाई प्राप्त हुन्छ। पशुपति सदाशिवको पदमा नन्दी, भृङ्गी, इन्द्र, चण्डासुर नन्दि-आदि पनि आसीन भएको कुरा यहाँ उद्धाहरणार्थ लिन सकिन्छ। हाम्रै नेपालका विभिन्न देवस्थलहरुको अध्ययनमा यस कुरोको पुष्टिका आधार भेटिन्छ । ललितपुर सुरुन्थी (सुनागुठी) मा भृङ्गारेश्वरको मन्दिर छ भने काठमाडौं नक्सालमा नन्दीकेश्वरको प्रख्यात मन्दिर अवस्थित छ । यस्तै काभ्रे पलाञ्चोक स्थित पुण्यवती (पनौती) मा इन्द्रेश्वरको मन्दिर छ। देवपट्टन स्थित पशुपति सदाशिवको प्राङ्गणमा चण्डेश्वरको मूर्ति प्रतिष्ठापित छ। ललितपुर कुसुमती स्थित १७ औं शताब्दी ई. ताकाको पञ्च नन्दीकेश्वरको भवन स्थल पनि यहाँ स्मरणयोग्य छ । यी तथ्यहरुको आधारले जो कोही पनि आदिमकालमा गणाध्यक्षको पदमा छान्ने परम्परा रहेको विदित हुन्छ ।

गण व्यवस्थामा गण प्रमुख सबैको लागि सर्व प्रमुख माननीय हुने कुरा शैव आख्यानमा गणाध्यक्ष गणपति एवं तिनका रक्षक भनौं या सहायक रहेका सेनापति कुमार कार्त्तिकेयको पूजोपासना नगरी कुनै पनि कार्य गर्न नहुने औं गरेमा सो कार्य सफल नहुने कुरा वर्णित भएबाट स्पष्टरुपले जानिन्छ। यद्यपि गणाध्यक्ष सम्पूर्ण गणका लोकप्रिय व्यक्तित्व रहेतापनि अपवादस्वरुप रहेका कतिपय कुत्सित व्यक्तिहरुबाट तिनलाई सुरक्षा प्रदान गरिनु अत्यावश्यक हुने हुँदा गणाध्यक्षको थलोमा प्रवेश गर्नुभन्दा पहिले तिनका सुरक्षा अधिकारीको स्वीकृति अनिवार्य मानिएको थियो। शैव पौराणिक आख्यान एवं स्वस्थानी महात्म्यको अध्ययनमा उक्त कुरोको सत्य तथ्य स्पष्टः भेटिन्छ । फेरि, हाम्रो कुल परम्परामा कुल ज्येष्ठहरुलाई अत्यधिक मात्रामा आदर सत्कार गरिनु पर्ने परम्परा पनि यहाँ स्मरणयोग्य छ।

गणाध्यक्ष गणपतिका काम कर्तव्य एवं गणमा तिनले पुऱ्याउने कार्यहरुको बारे पनि पौराणिक साहित्यमा इङ्गित गरिएका छन् । गणाध्यक्षका गणपति, एकदन्त, लम्बोदर आदि अनेकौं नामहरु छन् । गणपति शब्द गणका बोधक

भन्ने अर्थ बोधक छ । अर्को गणपति नाममा ग बुद्धिको अर्थमा, ण मोक्षको अर्थमा औ पति शासक भनौं या नायकको अर्थमा प्रयुक्त छन् । यसरी गणपति शब्दले जनगणमा ज्ञान बुद्धिको प्रचार प्रसारद्वारा तिनीहरुलार्य सुख, समृद्धि भनौं या मोक्ष प्रदान गर्ने भन्ने अर्थ बुझाएको छ । एकदन्त शब्दमा एक एकमना हुनु औ दन्त बलको अर्थमा रही एक दन्त शब्दले एकतामैं बल निहित हुने यथार्थतालाई अर्थ्याएको छ । यसै तथ्यलाई ऋग्वेद १९१.२४; अथर्ववेद ६.६४.१-३ का सूक्तले अरु राम्रोसंग स्पष्ट पारेका छन् । वैदिक सभ्यता भनौं या आर्य सभ्यतामा गणतन्त्रमा आधारित प्रजातान्त्रिक व्यवस्था प्रचलित थियो । वेदमा प्रजातन्त्रलाई सजान (संज्ञा) नामले एक देवताको रुपमा वर्णन गरिएको छ । त्यस देवताको नामको सूक्तलाई संजान सूक्तको संज्ञा दिइएको छ । त्यस सूक्तमा जनताहरुलाई सभामा संगसंगै जाने, एउटै मन, चित्त, मन्त्र, आकृति तथा हृदययुक्त भई साझा राष्ट्रिय नीतिको निर्माणमा समान योगदानको लागि आह्वान गरिएको छ । यसरी यस सूक्तले गणतन्त्रमा सबैको एकत्वमैं गणराज्य प्रस्फूटित हुने यथार्थलाई स्पष्ट पारेको छ । गणपतिको लंबोदर नाममा गणराज्यको स्थिरताको लागि गणराज्यको सुदृढ आर्थिक स्थितिको आवश्यकतातिर इङ्गित गरेको छ । ललितपुरमा प्रतिष्ठापित गणाध्यक्ष गणपतिको एक मूर्तिलाई भूँडि गणेशको संज्ञा दिइएको छ, जुन उपर्युक्त कुरोको पुष्टिमा सहायक स्वरुप छ ।

गणाध्यक्ष गणपतिका विभिन्न नामहरुको अर्थ बिवेचनको अतिरिक्त गणपति गजाननका आकृतिलाई लिएर पनि अर्थहरु केलाउन सकिन्छ । लामो शूंड तथा ठूला कानहरुले गणाध्यक्षमा टाढा-टाढा सम्मका कुरोहरु सूँघ्न औ सुन्न सकिने गुण हुनु अत्यावश्यक रहेको कुरा दर्शाएका हुन् । ठूलो कपालले गणाध्यक्ष भाग्यमानी औं चिन्तनशील दिमागयुक्त हुनु आवश्यक भएको कुरातिर लक्षित गरेको छ । गजाननको भित्रको साथै बाहिर देखिने दन्त हुनुले शासकका बाहिरको गतिविधि तिनको भित्री मनसायलाई अभिव्यक्त नगर्ने यथार्थतालाई बोध गराउँदछ । गजाननका दुईओटा साना-साना आँखाहरु भएकोको हकमा गणका मालिक अर्थात् गणपतिका मन्त्रीहरु स्वरुप सहस्र नेत्रहरु हुने औ ती मन्त्रीहरुसितको मन्त्रणा बिना गणपतिले कुनै कार्य गर्न नहुने बिधान हुँदा ठूला-ठूला नेत्रहरुको आवश्यकता नभएको लाग्दछ । कौटिल्य अर्थ शास्त्र १.१५.५९-६२ मा यस कुरोको स्पष्ट झझल्को भेटिन्छ । गजानन गणपतिका वाहन छुचुन्द्रो भएकोको हकमा गणाध्यक्ष गणपति छिटोछरितो हुनुको साथै कस्तै स्थानमा पनि प्रवेश गर्न सक्ने हुनुको अतिरिक्त कुनै पनि विध्नलाई तोडेर आफ्नो पथलाई सुगम गराउन सक्ने भन्ने कुरा दर्शाउने मनशाय राखेको स्पष्ट छ ।

हाम्रो धर्म संस्कृति अनुसार कुनै पनि कार्य गर्दा सर्वप्रथम गणाध्यक्षलाई आदर सत्कार गरिनु अनिवार्य मानिन्छ, जसबारे माथि वर्णित भइसकेको छ । हाम्रो कुल परम्परामा पनि कुलका ज्येष्ठ व्यक्तिहरुलाई उचित समादर गरिने चलन विद्यमान छ । फेरि, वैदिक साहित्यका पंक्ति माथि वर्णित भइसकेको छ जसमा स्पष्टरुपले जनताहरुलाई सभामा संगसंगै जाने, एउटै मन, चित्त, मन्त्र, आकृति तथा हृदययुक्त भई साझा राष्ट्रिय नीतिको निर्माणमा समान योगदानको लागि आव्हान गरिएको छ । यी नै विभिन्न धर्म, संस्कृति एवं वैदिक परम्पराकै मूलभूत आधारमा छैठौं शताब्दी ई.पू. ताकाका गणराज्यहरु स्थापित भएको लाग्दछ । यस कुरोको यथार्थता हामीलाई बौद्ध साहित्यको अध्ययनमा मिल्छ । मगध सम्राट अजात शत्रुका राजनीतिज्ञ मन्त्री बस्सकारको आग्रहमा भगवान् बुद्धले आफ्ना प्रिय शिष्य आनन्दलाई संबोधन गर्दै लिच्छविहरुका जुन सात विशेषताहरुको विवरण बस्सकारलाई दिएका थिए तिनीहरु नै लिच्छविहरुको शक्तिका मूल कारण थिए । बौद्ध साहित्यमा तिनीहरुलाई 'सत्त अपरिहाणिधम्म' अर्थात् राष्ट्रिय अभ्युदयका सात नियम मानिन्छ । "जुनबेला सम्म बज्जिहरु एक भई वैठक गर्दै र हन्छन् र एक भई राजकार्यको देखरेख गर्दै रहन्छन् त्यसबेला सम्म तिनीहरुको वृद्धिनै सम्झनु, हानी होइन । जनसम्म

बज्जिहरु आफ्नो राज्यमा विहित कुरोहरुको उलंघन गर्दैनन् र पहिले देखिका नियमहरुको पालना गर्दै रहन्छन्, एवं जुनवेलासम्म बज्जिहरु आफ्ना वृद्धजनहरुको आदर सत्कार गर्दै रहन्छन् औ तिनीहरुका कुरालाई सुन्नु र ध्यान दिंदै रहन्छन्, त्यसवेला सम्म तिनीहरुको वृद्धिनै हुनेहुन्छ, हानि होइन ।"

गण व्यवस्थामा गणका सदस्यहरुका अधिकारहरु पनि सुनिश्चित गरिएका थिए । हाम्रो धर्म, संस्कृतिको अध्ययनमा यस कुरोको खुलासा हुन्छ । यद्यपि पशुपति सदाशिवको गणाध्यक्ष स्वरुप रहेको गणेश एउटै रहेतापनि गणका सदस्यहरुको अधिकारलाई दर्शाउने हेतु पाँच गणेशहरुको कल्पना गरी स्थापना गरिएको थियो । पाँच गणेशहरु हुन् - जलविनायक (क्वेना गणेश), चन्द्र विनायक (रक्त विनायक), कार्य विनायक, सूर्य विनायक, अशोक विनायक ।

मनुष्यको प्राणरक्षार्थ अत्यावश्यक कुरोको रुपमा जल एवं अन्नलाई लिइन्छ । यसैले जनतालाई बाँच्ने अधिकार प्रदान गर्नु गणाध्यक्षको पहिलो कर्तव्य रहेको छ । जल विनायक यसै यथार्थताको प्रतीक स्वरुप छ ।

स्वस्थकर जीवन मनुष्यको दोश्रो आवश्यकता हो । स्वास्थ्य बिग्रेका भनौं रोग लागेका व्यक्तिहरु रोगबाट मुक्त भई शरीरमा शीतलता अनुभव गर्दै स्वस्थकर जीवन प्राप्त गर्ने इच्छाले काठमाडौं चावहिल स्थित रक्त विनायक अर्थात् चन्द्र विनायकको पूजा आराधना गर्दछन् । यसरी गणपतिको दोश्रो प्रमुख कर्तव्य दुनियाँको स्वस्थकर जीवन व्यतित गर्ने अधिकारलाई सुनिश्चित गर्नु रहेको छ ।

काम गर्न पाउनु मानिसको नैसर्गिक अधिकार हो । यो अधिकार जनतालाई प्रदान गर्नु गणाध्यक्षको तेश्रो प्रमुख कर्तव्यको रुपमा लिइन्छ । बुङ्गमतीस्थित कार्य विनायकलाई यहाँ उदाहरणार्थ लिन सकिन्छ ।

सरकारले जे जस्तो कामहरु गरेका हुन्छन् तिनीहरुको सदैव समर्थन नै गर्नुपर्दछ भन्ने होइन, त्यसको विरोध पनि आवश्यकताको समय गर्नु पर्ने हुन्छ । त्यस्तो विरोध गर्ने अधिकार जनतालाई हुनु अनिवार्य छ । बोल्न नजान्नेलाई बोल्न सिकाउने देवताको रुपमा ख्यात भक्तपुरस्थित सूर्य बिनायकलाई यहाँ यसै कुराको परिप्रेक्षमा लिइन्छ ।

अर्को, जनतालाई सदा शोक बिहीन भई बाँच्ने अधिकार हुनु आवश्यक भएको कुराको यथार्थता काठमाण्डू मडू स्थित अशोक विनायकले दर्शाएको छ । यसरी गणराज्यमा जनताले उपभोग गर्ने अधिकारबारे उपर्युक्त विवरणहरुबाट हामी स्पष्टरुपले जानकारी प्राप्त गर्न सक्तछौं ।

उपर्युक्त विभिन्न आधारहरुबाट गणतन्त्रको प्रादुर्भाव आदिमकालमै गणनायक श्री पशुपति सदाशिवद्वारा गरिएको कुराको जानकारी हामीलाई मिल्छ । गणराज्यको व्यवस्था उक्त समयदेखि अविच्छिन्न रुपले अहिले सम्म कुनै न कुनै रुपमा यस भूमण्डलमा प्रचलनमा रही आएको छ । यस व्यवस्थामा जनताले मूलभूतरुपले पाँच प्रकारका अधिकारहरुको उपभोग गर्ने गरेको यथार्थतातिर हाम्रो धर्म-संस्कृतिको अध्ययनले स्पष्टरुपले उजागर गरेको छ, जसबारे माथि प्रकाश पारिसकेको छ । यसर्थ यस व्यवस्थाको पूर्णतः परिचालनले जनगणको उज्ज्वल भविष्यलाई चरितार्थ गराउने कुरामा कुनै शंका नरहेको स्पष्ट छ । हिलोमा उम्रेर पनि हिलोबाट निर्लिप्तरहने कमलमा अवस्थित गणपति गणेशको भक्तपुरमा कमलविनायक औं काठमाण्डूमा कमलाती गणेश नामले जुन ख्याति छ त्यसले गणतन्त्रको स्वर्णिम आभालाई दिगन्तर सम्म फिंजाउने कुरामा हामीमा विश्वास जगाउनेछ, यो निश्चित छ ।

# नेपालको इतिहासमा हात्ती एक रोचक प्रसङ्ग

- डा. भवेश्वर पंगेनी

## परिचय

धार्मिक दृष्टिले भगवान गणेशको अवतार मानेर हिन्दूहरूद्वारा पूजा गरिने हात्ती नेपालको तराई क्षेत्रको जङ्गलमा पाइने जनावर हो । मोटरगाडी प्रचलनमा नआउँदासम्म यसलाई समथर भूभागमा यातायातको प्रमुख साधनका रूपमा प्रयोग गरिन्थ्यो । त्यसो त तराईका जङ्गलमा हात्ती समातेर बिक्री गरिने भएकाले मुलुकको आम्दानीको एउटा स्रोतसमेत हात्ती बनेको थियो । खासगरी राणाकालको आरम्भतिरदेखि नै प्रधानमन्त्री तथा विशिष्ट विदेशी पाहुनालाई तराईका जङ्गलमा शिकार गराउने क्रममा हात्तीको नै सहयोग लिइने भएकाले यो समयावधिमा बिक्रीका अतिरिक्त शिकार प्रयोजनका लागि पनि हात्ती समातिने तथा पाल्ने कार्य भएको पाइन्छ । जङ्गली हात्ती समात्ने कार्य प्रायः सरकारी तहबाट गरिन्थ्यो । त्यस्तै पाल्ने एवम् बिक्री गर्ने पनि सरकारबाट नै भएको देखिन्छ । यसका लागि छुट्टै कर्मचारी तथा अड्डाको बन्दोबस्त गरिन्थ्यो जसलाई "हात्तीसार" नामकरण गरिएको हुन्थ्यो । यति हुँदाहुँदै पनि हात्ती समात्ने, बिक्री गर्ने तथा शिकारमा प्रयोग गरिने सन्दर्भमा खास अनुसन्धान एवम् लेखन भएको नपाइनुले सो सम्बन्धमा त्यति जानकारी पाँईदैन । यसै परिप्रेक्ष्यमा केही अप्रकाशित सामग्री समेतका आधारमा यस लेखमा राणाकाल पूर्व हात्तीको बिक्री, जागिरका रुपमा हात्ती दिइने, दान, उपहारलगायतमा हात्तीको प्रयोग तथा राणाकालमा शिकारका लागि हात्तीका प्रयोगका बारेमा यथाशक्य प्रकाश पार्ने प्रयास गरिएको छ ।

## हात्ती समात्ने र पाल्ने कार्य

जङ्गलमा पाइने सबैभन्दा ठूलो जनावर हात्तीलाई समात्ने कार्य चानचुने थिएन । यदि मत्ताहात्ती रहेछ भने त्यसले समात्ने प्रयासमा लागेका हात्ती, माहुतेलगायत घेराहाल्ने मानिससमेतलाई आक्रमण गर्ने सम्भावना हुन्थ्यो । कतिपय यस्ता मत्ताहात्तीले मानिसलाई मार्दथे पनि । त्यसैकारण राम्रोसँग तालिम दिइएका पाका हात्ती एवम् निकै सिपालु तथा दक्ष माहुतेलेमात्र जङ्गली हात्ती समात्ने कार्यमा सफलता पाउँथे ।

सामान्यतया हात्ती समात्ने कार्य सरकारी निर्देशन एवम् प्रयासमा हुने गरेको प्रसङ्ग पाइए तापनि व्यक्तिगत प्रयास एवम् प्रयोजनका लागि समेत हात्ती समातिएको सन्दर्भ पाइन्छ । राणाकाल पूर्व व्यक्तिले पनि हात्ती समातेर बिक्री गर्ने पचलन रहेको कुरा विभिन्न साहित्यले उल्लेख गरेको नपाइने होइन । यसै सन्दर्भमा वि.सं. १८३७ (ई.सं. १७८०)

जनरल भीमसेन थापालाई पदबाट हटाइएपछि "सेकेण्ड ष्टनेण्ट" पदबाट बर्खास्त गरिएका जङ्गबहादुर अर्थोपार्जनका गि काठमाडौंबाट तराईतर्फ लागेका थिए । त्यहाँ केही मय बसेर उनले हात्ती समाती आफ्नो ऋण तिरेको भन्ने खिन्छ ।[1] त्यस्तै भीमसेन थापासँगै झ्यालखानाबाट मुक्त गिएका माथवरसिंह थापा पनि वि.सं. १८३८ (ई.सं. १७८१) र्च महिनामा हात्ती समात्ने बहानामा राजधानीबाट गईमा गएको प्रसङ्ग पाइन्छ ।[2] तत्कालीन दरबारीया जनीतिमा आएको परिवर्तनका कारण तराईतर्फ गएका थवरसिंह थापाले त्यहाँ हात्ती समात्ने कार्य गरेको प्रसङ्ग इए तापनि उनी पनि हात्ती समात्ने बहानामा त्यसतर्फ काले त्यसबखत व्यक्तिगत रुपमा हात्ती समात्ने तथा क्री गर्ने छुट भएको स्पष्ट हुन्छ ।

व्यक्तिगत रुपमा हात्ती समात्नका लागि के कस्ता य र मानिसको प्रयोग गरिन्थ्यो भन्ने बारेमा जानकारी इए तापनि सरकारी प्रयासमा हात्ती समात्ने कार्यका भने ठूलो संख्यामा मानिसहरुको प्रयोग जानकारी इए तापनि सरकारी प्रयासमा हात्ती समात्ने कार्यका भने ठूलो संख्यामा मानिसहरुको प्रयोग गरिन्थ्यो । हात्ती समात्ने प्रयोजनका लागि आवश्यक पर्ने धेरै मनाई जागिर वा तलब/भत्ता दिएर राखिँदैनथ्यो/राख्न व पनि हुँदैनथ्यो । त्यसैले आवश्यकता परेकाबखत जुन जङ्गलमा हात्ती समात्ने हो सोही क्षेत्रका रणलाई झारा (कुनै ज्याला, खाद्यान्न एवम् आवश्यक ममेत नदिएर बिना पैसा अनिवार्य रुपमा काममा लगाइने) का रुपमा निर्धारित स्थानमा शिकारमा जानका लागि राज्यले निर्देशन दिने गर्दथ्यो । यसैक्रममा सरकारले सम्बन्धित क्षेत्रको गाउँका प्रमुख (इजारादार, मुखिया, जिम्मावाल, आदि) लाई लेखिएको पत्रमा हात्ती समात्नका लागि मानिसलाई उनीहरुसँग भएका हातेबन्दुक, धनु, बाँण, बञ्चरो, कुटोकोदालो, फोरुवा, खुकुरी, हँसियालगायतका हातहतियारहरुका साथ झाराका रुपमा निर्धारित स्थानमा जम्मा गराउनु पर्दथ्यो । हात्ती समात्ने यो तरिका भने ईशाको उन्नाइसौं शताब्दीभरी नै कायम रहेको देखिन्छ ।[3]

हात्ती समात्नका लागि दुई तरिका अपनाउने गरेको पाइन्छ । एउटा "खोरखेदा" थियो भने अर्को "जघियाखेदा" थियो ।[4] खोरखेदाअन्तर्गत जनावरहरु रहेको ठानिएको एउटा निश्चित जङ्गल क्षेत्रलाई घेराहाली त्यहाँ रहेका हात्तीलाई छानिछानि समातिन्थ्यो । जघियाखेदामा भने पालिएका तालिमप्राप्त हात्तीद्वारा छानेर एक-एक हात्तीलाई समातिन्थ्यो । राणाकालपूर्व सामान्यतया जघियाखेदा गरिएको पाइन्छ । यति हुँदाहुँदै पनि कहिलेकाहीं खोरखेदा पनि गरिन्थ्यो ।[5] यसबाट हात्ती समात्नका लागि प्रायः जघियाखेदा नै बढी प्रचलनमा रहेको देखिन्छ । कर्कपेट्रिकले भने जनावरहरुलाई खेदाभित्र अर्थात घेराभित्र राखेर नभइ धरापमा पारेर वा अर्को हात्तीको माहुतेले डोरीको पासोमा पारेर समात्ने गरिएको प्रसङ्ग उल्लेख गरेका छन् । उल्लेख्य कुरा के पनि देखिन्छ भने यसरी समातिएका हात्तीहरु प्रायः साना हुने हुनाले बजारमा तिनको मूल्य कम हुन्थ्यो ।[6]

---

1. जङ्गबहादुर राणा, *लाइफ आफ जङ्गबहादुर*, काठमाडौः रत्नपुस्तक भण्डार, ई.सं. १९७४, पृ. १७-१९ ।
2. चन्द्र शर्मा, *नेपालको एतिहासिक रूपरेखा*, वाराणसीः श्रीमती कृष्णकुमारीदेवी, वि.सं. २०२७, पृ. २८४ ।
3. चन्द्र रेग्मी, *द स्टेट एन्ड इकोनोमिक सर्ल्पसः प्रोडक्सन, ट्रेड एन्ड रिसोर्स मोविलाइजेशन इन अर्लि नाइन्टिन्थ सेन्चुरी नेपाल*, वाराणसीः नाथ सेड हाउस, ई.सं. १९८४, पृ. १०९ ।
4. पृ. १०१-२ ।
5. ।
6. नेल कर्कप्याट्रिक, *एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल*, न्यूदिल्लीः एशियन पब्लिकेशन सर्भिसेज, ई.सं. १९७५ पृ. १८ । उल्लेख्य कुरा के ने कर्कप्याट्रिक ई.सं. १७९३ फेब्रुअरी-मार्च (वि.सं. १९५०) मा केही हप्ताका लागि इष्ट इन्डिया कम्पनीका तर्फबाट कूटनीतिक मिसनअन्तर्गत न्डी तथा नुवाकोटमा आएका थिए ।

जघियाखेदाका यी बेफाइदाहरुका कारण सरकारले यो तरिकामाथि प्रतिबन्धसमेत लगाउने गरेको पाइन्छ । उदाहरणका लागि वि.सं. १९०६ कार्तिक सुदी ४ का दिन सरकारले पश्चिम तराई क्षेत्रका लागि एउटा निर्देशन जारि गर्दै हात्ती समात्नका लागि समय-समयमा खोरखेदा गर्ने तथा जघियाखेदा भने नगर्ने भनेको थियो । त्यसपछि जघियाखेदा खासगरी उच्च वर्गको शिकारका लागि मात्र आयोजना गरिने कुरा पद्मजङ्गले उल्लेख गरेका छन् ।[७]

हात्तीसारमा पालिएका तथा राम्रो तालिम दिइएका १०/१५ हात्तीलाई एक पटकमा जङ्गली हात्ती समात्नका लागि प्रयोग गरिएको पाइन्छ । सैनिक, सर्वसाधारण (झाराली) लगायतले तराईको २५/५० वर्ग किलोमिटर घेराहालेर घेरामा परेका हात्तीलाई राम्रोसँग तालिम दिइएका हात्ती तथा सीप भएका माहुतेले तालमेल मिलाएर नांक तथा घाँटीमा डोरीले बाँधेर समात्ने गरिन्थ्यो । यो कार्य माहुते तथा ऊ सवार हात्तीकै लागि पनि खतरापूर्ण हुन्थ्यो । यसरी समात्न खोजीएको हात्ती यदि वयस्क भएका खण्डमा त्यससँग निकै उप्ठेरोसँग भिड्नु पर्दथ्यो ।[८]

हात्ती समात्ने कार्य प्रायः ग्रीष्म ऋतुमा गर्न उपयुक्त हुने कुरा कौटिल्यले उल्लेख गरेका छन् । ग्रीष्म ऋतुमा गर्मीले गर्दा हात्तीहरु कमजोर हुने भएकाले यो ऋतु हात्ती पक्रनका लागि उपयुक्त हुने मानिन्छ । त्यस्तै ७ हात अग्लो, ९ हात लामो, १० हात मोटाई भएको, ४० वर्षको हात्ती उत्तम, ३० वर्षको ६ हातको मध्यम तथा २५ वर्षको तल्लो खालको मानिन्थ्यो ।[९] आधुनिक नेपालमा भने हात्ती समात्ने कार्य प्रायः गर्मी र वर्षा दुवै याममा हुने कुरा ओल्डफिल्डले उल्लेख गरेका छन् ।[१०]

यहाँनेर उल्लेख्य कुरा के पनि देखिन्छ भने कौटिल्यले नदी तथा पर्वतमा हिँड्ने भनी हात्तीको चर्चा गरेका छन् । यो चर्चाबाट नदीमा हिँड्ने र पर्वतमा हिँड्ने दुई किसिमका हात्ती भनेको हो वा हात्तीलाई त्यस्तै किसिमको तालिम दिएर पर्वतसमेतमा हिँडाउने गरिएको हो सो स्पष्ट हुँदैन । जेहोस् त्यसबखत पनि हात्तीलाई पहाडमा यातायातको साधनका रुपमा प्रयोग गरिएको देखिन्छ । यसका अतिरिक्त हात्तीको दाँत काट्ने कुरा पनि उल्लेख पाइन्छ । कौटिल्यले नै नदीमा हिँड्ने हात्तीको अढाई/अढाई वर्षमा तथा पर्वतमा हिँड्नेको पाँच/पाँच वर्षमा दाँतको फेंदको मोटाइको दोब्बर भाग छोडेर दाँत कटाउनु पर्ने भनेका छन् ।[११] यसबाट नदीमा हिँड्नेको दाँत पहाडमा हिँड्ने हात्तीको भन्दा छिटो बढ्ने देखिए तापनि त्यसको कारण भने स्पष्ट छैन । त्यस्तै दाँत काट्नुको कारण पनि अस्पष्ट छ ।

हात्ती पाल्ने तथा समात्ने कार्यका लागि राज्यले विभिन्न कर्मचारीलाई तैनाथ गर्दथ्यो । दरोगा, राउत, फनैत, महाउत, नवसिन्दा, गुरौ, धामी, भंडाऱ्या, प्यादा, चरवै, पढुवा आदि जङ्गली हात्ती समात्ने तथा तिनको स्याहार सुसार, रेखदेख/सञ्चालन एवम् "षोरषेदा" गर्नका लागि आवश्यक कर्मचारी हुन् । यी कर्मचारीको तलब सुविधा तथा उनीहरुको हात्तीको हेरचाह गर्दा गर्नुपर्ने कार्यका अतिरिक्त हात्तीलाई हेरचाह गर्न एक वर्षका लागि आवश्यक पर्ने सामग्री आदिका बारेमा वि.सं. १८७३ साल मंसिर महिनामा पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाको नाममा केन्द्रले एउटा निर्देशनयुक्त पत्र लेखेको पाइन्छ । सो पत्रमा उल्लिखित विवरण यसप्रकार छ,[१२]

---

७ राणा, *पाद टिप्पणी नं. १*, पृ. २४६-५८ ।

८ एड्रिन सेभर, *नेपाल अन्डर द रानाज*, न्यूदिल्ली: अक्स्फोर्ड एन्ड आइबिएच पब्लिसिङ को प्रा.लि., ई.सं. १९९३, पृ. १४४-४६ ।

९ सोमनाथ शर्मा (सम्पा.), *कौटिल्यको अर्थशास्त्रः नेपाली-भाषानुवाद*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०२४, पृ. २३८ ।

१० एच. एम्ब्रोस ओल्डफिल्ड, *स्केचेज फ्रम नेपाल (भोलम-१)*, दिल्ली: कोस्मो पब्लिकेसन्स, ई.सं. १९८१, पृ. ५७ ।

११ शर्मा, *पाद टिप्पणी नं. ९*, पृ. २४४ ।

१२ कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १९७३ सालमा लेखिएको पत्र । यो पत्र परिशिष्ट नं. १ मा रहेको छ ।

जङ्गली हात्ती समात्नका लागि पाल्पामा राखिएका ९ हात्तीलाई दान, चामल, नून, मसला आदि दिनु पर्दथ्यो। यसअन्तर्गत ९ हात्तीलाई दैनिक दाना/चामल २ मुरी ६ पाथीका दरले एक महिनाका लागि ६९ मुरी तथा एक वर्षका लागि ८२८ मुरी लाग्दथ्यो । तत्कालीन बजार भाउअनुसार सो चामलको मूल्य रु. १३८०/- पर्दथ्यो । त्यस्तै प्रति हात्ती प्रति दिन २ मुठीका दरले महिनामा ६ पाथी ६ माना र एक वर्षमा ४ मुरी १ पाथी नून आवश्यक पर्दथ्यो। सो नूनको मूल्य रू. ४०॥ (रू. ४०/५०) हुन्थ्यो। यसैगरी हात्तीहरु बिरामी परेका बखत खुवाउनका निम्ति एक वर्षका लागि रु. १८/- को मसलाको जोहो गरिएको थियो। मसलामा के के खाद्यान्न/सामग्री संलग्न गरिन्थ्यो भन्ने भने स्पष्ट छैन । खानपान एवम् मसलासमेतका अतिरिक्त ९ वटा हात्तीका लागि विभिन्न सरजामसमेतको व्यवस्था गरिएको थियो। यस्ता सरजाममा प्रत्येकलाई १/१ गद्दीका लागि आवश्यक पर्ने २२५ हात टाट; कंठा कुटनी ९ जोरका लागि १५ धार्नीका दरले आवश्यक पर्ने १३५ धार्नी धागो; खोरमा राखिएका मत्ता हात्ती बाँध्ने डोरीलगायत ९ हात्तीलाई ५ धार्नीका दरले जम्मा ४५ धार्नी धागो आवश्यक पर्दथ्यो। आवश्यक उक्त टाटको मूल्य रू. ३६९/- जति तथा धागो जम्मा १८० धार्नीको प्रति धार्नी रु. २/- दरले जम्मा रु. ३६०/- लाग्दथ्यो। यसप्रकार खाद्यान्नमात्र एक वर्षका लागि रु. १४८८/५० तथा तिनीहरुका लागि आवश्यक टाट एवम् बाँध्नका लागि धागोसमेत जम्मा रू. ७२९/- जम्मासमेत प्रत्यक्ष रूपमा ९ हात्तीका लागि एक वर्षको खर्च रकम रू. २२१७.५०/- जति लाग्ने देखिन्छ।

उक्त हात्तीको रेखदेख एवम् सञ्चालन गर्नका लागि दरोगा, राउत, धामी, गुरौ, भडाऱ्या र नवसिन्दा १/१ जना तथा माहुत, फनैत, चरवै र घासी ९/९ जना तथा २ जाना प्यादा समेत जम्मा ४४ जना कर्मचारी संलग्न देखिन्छन्। उनीहरूलाई दिइने वार्षिक तलब रकम रू. २५२६/- मासिक तलब दर रकम रू. दरोगा-३०/-, राउत-७॥/-, फनैत-६ -, माहुत-४/-, चरवै-३॥/-, घासी-२/४७/-, धामी-५/-, गुरौ-५/-, नवसिन्दा-१०/-, भंडाऱ्या-३/- र प्यादा-१॥/-) देखिन्छ । त्यस्तै उनीहरुलाई सरकारले नै कपडा उपलब्ध गराउने व्यवस्था थियो। समग्रमा उनीहरु सबैलाई वर्षमा रु. १३४/- कपडाका निम्ति दिइन्थ्यो वा सो रकम बराबरको कपडा दिइन्थ्यो।

हात्तीसारमा विभिन्न समयमा पूजाआजा गर्ने प्रचलन पनि भएको पाइन्छ। यहाँ गरिने मामुली पूजाअन्तर्गत दशैं, आषाडी, जघीया-षेदा-फादा उठाउनी-षोर फोराउनी, षेदियाका वन पसी आदि पूजाहरु गरिन्थ्यो पाल्पाअन्तर्गत नवलपुर तथा खाँचीमा रहेका खोरहरुको पनि पूजा गरिन्थ्यो । उपरोक्त पूजाआजाका निम्ति वर्षमा रु. २२९॥ (रू. २२९/५०) खर्च गरिने देखिन्छ।

समग्रमा पाल्पामा रहेका ९ हात्तीलाई पाल्न एक वर्षका लागि जम्मा रकम रु. ४८२४/- जति खर्च लाग्ने देखिन्छ। यस दृष्टिबाट हात्ती पाल्नु निकै महंगो भए तापनि समातिएका हात्ती बिक्रीबाट झन् ठूलो आम्दानी भएकाले नै जङ्गली हात्ती समातेर बिक्री गर्नका लागि सरकारले विशेष जोड दिने गर्दथ्यो।

## शिकारमा हात्तीको प्रयोग

सामान्यतया जङ्गबहादुरपूर्व प्रधानमन्त्री अर्थात सत्ता सञ्चालक, सेना, भारदार तथा सर्वसाधारण जनतासमेतलाई उपस्थितिको उर्दी दिएर तराईका जङ्गलमा शिकारका लागि गएको देखिँदैन। जङ्गबहादुरले नै यो कार्यको थालनी गरेका थिए भने पनि हुन्छ। भारतसँगको सिमावर्ती तराई क्षेत्रमा शिकारका लागि जानुको पछाडि कुटनैतिक, प्रशासनिक तथा मनोरञ्जन जस्ता जुनसुकै उद्देश्य भए तापनि सामान्यतया प्रत्येक वर्ष जस्तै उनी हिउँदमा राजधानी काठमाडौंबाट बाहिर निस्कने गरेको पाइन्छ। कतिपय समयमा त उनले ब्रिटिश राजपरिवारसमेतलाई तराईको शिकारमा सामेल गरेका थिए।

यसै सन्दर्भमा वि.सं. १९३२ सालमा उनी मुलुकको पश्चिमी क्षेत्रको भ्रमणमा निस्केका थिए। भ्रमणमा नेपाल

भूमिमा पहिलो पटक पाइला टेक्ने बृटिश राजपरिवार अर्थात 'प्रिन्स अफ वेल्स' पनि संलग्न थिए ।[13] यो भ्रमणका अवसर मा राजकीय शिकारको आयोजना पनि गरिएको थियो । सम्भवतः सम्मानित विदेशी पाहुनाहरुको शिकार यात्रासमेतलाई अझ रोमाञ्चित तथा प्रभावकारी बनाउनका लागि व्यक्तिगत रूपमा पालिएका हात्ती पनि यो शिकारका लागि संलग्न गराउन उर्दी दिइएको थियो । फलस्वरूप नेपाल सरहदका सन्तमहन्त, भलाद्मी, चौधरी जिमीदारलगायत श्री ५ सरकार, श्री ३ सरकारका हात्ती तथा अरू भारदार गैह्रका हात्तीसमेत जम्मा ५४९ हात्तीहरू जम्मा गरिएको थियो । यो शिकारका लागि यिनका अतिरिक्त हात्तीसार (सरकारी) का हात्ती पनि सामेल गरिएको देखिन्छ ।

*शिकारका लागि संलग्न गरिएका हात्तीहरुलाई १२ पट्टीमा विभाजन गरी तिनलाई विभिन्न अफिसरको तैनाथीमा राखिएको थियो । यसरी प्रयोग गरिने हात्तीहरुको स्याहार गर्नु पनि त्यत्तिकै महत्वपूर्ण कार्य मानिन्थ्यो । धेरै हात्तीहरु जम्मा गरिने र तिनको स्याहारमा कतै कमी हुनजाला भन्ने दृष्टिले यसका लागि पनि निश्चित नियम बनाइएको थियो । यो नियममा खासगरी देहायका विषय परेको देखिन्छ*[14]

> *"...आफ्ना फाट्का हात्तीलाई दरीयाको दाना नुन्गुँड जोछ त्यो सबै बुझ्न लगाई षुवाउन लाउनु-१, पालाका दिन् आफ्ना फाट्का हात्तीलाई दाना षुवाउनाके केही सिपाही राषी बाँकी पालामा ल्याउनु-१, सिमल्को १ साधन्को १ यती जात्का घास् नषुवाउनु-१ अरू असल् जात्को धाँस् सिपाही पठाई कटाई लादनलाई ल्याई षुवाउनु-१, घास् कटाउनजादा सिपाही माहुत्याले बन्दुकलीगै सिकार षेल्न नदिन् घासकटाई ल्यायापछी हात्तीसारैमा राषीछोड्नु-१, जन्फाट्का सिपाहीको हात्ती मोटायाकोर. दुबलायाको ठहर्छ उस्मा हामीबाट तजवीज् गरी बकसन्याछौं-१, गाउँमार वालीमा हात्ती नहुल्नु. दिनु लुट्गर्न नदिनु विना केही काम् हात्तीचढी जान नदिनु-१, यो लेषियावमोजिम्को उर्दी आफुले पक्कातबर सित बुझी आफ्ना तालुकका सिपाहीलाई उर्दीदिनु-१, बाघकासिकार्मा बिगुल् जांन्यासिपाही राषनु. आफ्नाफाट्का हात्तीको लाइन्बिग्योभने तिमीहरुले बुझाउनुपर्ला-१, फादलाई यती फलाना फलाना काम्लाई यती भंन्याषोली आफ्ना आफ्ना फाट्का हात्तीको हाजिरीबनाई राषनु. हामीबाट षोज्याका बेलामा हाजिरीको कागज् ल्याई नगर गराउनु..."*

विशिष्ट पाहुनाको उपस्थितिमा गरिने शिकार अझ जोखिम तथा मनोरञ्जनपूर्ण हुन्थ्यो । यस्ता शिकारमध्ये खासगरी बाघको शिकार निकै रोमाञ्चक तथा जोखिमपूर्ण हुनेगर्थ्यो । यसका लागि २५० जति हात्तीहरूद्वारा निश्चित जङ्गलको क्षेत्रमा एउटा गोलो क्षेत्र ओगटेर खेदा गराइन्थ्यो । जब वाघहरु सो घेराभित्र पर्दथे तब राम्रोसँग तालीम दिइएका १० वा एक दर्जन जति हात्तीहरुलाई त्यतिकै सिपालु माहुतेले सिकारीलाई घेराभित्र लगेर शिकार गराउँथे ।[15]

त्यसो त राणा प्रधानमन्त्रीको शिकारमा पनि ठूलै संख्यामा जुटाइन्थे ।[16] यस्ता शिकारका लागि १५० जति हात्तीहरू प्रयोग गरिन्थे । यिनमा हात्तीसारमा बाँधेर राखिएका छावा अर्थात बच्चा हात्तीहरुका साथमा तिनका आमा अर्थात हत्यानी पनि लगिन्थे । साना बच्चालाई शिकारका निम्ति लगिनुको प्रमुख कारण तिनलाई शिकार गर्न तालिम दिने

---

[13] कमल दीक्षित, *बत्तीस सालको रोजनाम्चा (जंगबहादुरको)*, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२३, पृ. ८३ ।

[14] *ऐजन*, पृ. ३१ ।

[15] पर्सिभल ल्याण्डन, *हिस्ट्रि आफ नेपाल (भोलम-दुई)*, दिल्लीः आदर्श इन्टरप्राइजेज, ई.सं. २००१, पृ. १३२-३३ ।

[16] सेभर, *पाद टिप्पणी नं. ८*, पृ. १४४-४६ ।

हुन्थ्यो भने जङ्गली जनावरलाई घेरा दिने अर्को साधारण कार्य हुने नै थियो ।[१७] खासगरी राणाकाल पूर्व कोशी प्रदेशमामात्र प्रत्येक वर्ष २००/३०० हात्तीहरु समातिने कुरा कर्कप्याट्रिकले उल्लेख गरेको छन् ।[१८] उन्नाइसौं शताब्दीको मध्यतिर कोशीदेखि पूर्वतर्फको तराई तथा मोरडक्षेत्रसमेतबाट हात्तीहरु निकै द्रुतरूपमा लोपहुँदै गएको कुरा ओल्डफिल्डले उल्लेख गरेका छन् ।[१९] हात्तीहरु समातिनु नै यसको प्रमुख कारण देखिन्छ ।

## यातायातमा प्रयोग

हिन्दूहरुको प्राचीन धर्मग्रन्थहरुमा यातायातमा हात्तीको प्रयोगको व्यापक चर्चा पाइन्छ । रामायण, महाभारत, गीतालगायत यस्ता ग्रन्थमा हात्तीलाई नै यातायातको प्रमुख साधनका रुपमा प्रयोग गराइएको छ ।* यसै सन्दर्भमा भगवान इन्द्रको 'ऐरावत' नामको हात्ती प्रमुख सहयोगी भएको प्रसङ्ग पनि नपाइने होइन ।[२०] लिच्छवि तथा मल्लकालमा निर्माण गरिएका विभिन्न देवदेवीका मन्दिरको अगाडि हात्तीको मूर्ति स्थापना गरिनुले पनि सम्भवतः यातायात एवम् शक्तिको प्रतिकका रुपमा तिनलाई लिइएको हुनुपर्दछ । नेपालको सन्दर्भमा तराईमामात्र नभएर लिच्छविकालमा नै पहाडी प्रदेशमा यातायातका लागि हात्ती प्रयोग गरिएका प्रसङ्ग पाइन्छन् । राजा मानदेवले पश्चिममा गण्डकी तरी मल्लपुरीमा आक्रमण गर्न पुगेको कुरा उनको अभिलेखमा पाइन्छ । चाँगुको स्तम्भलेखको वर्णनानुसार उनको सेनामा सयौं हात्तीहरू भएको उल्लेख छ ।[२१] त्यस्तै सम्वत ६७ को भन्सारचोकको नरेन्द्रदेवको अभिलेखमा पनि सेनामा हात्ती प्रयोग गरिएको सन्दर्भ परेको छ ।[२२]

लिच्छविकालमा नै पहाडी प्रदेशमा पनि हात्ती प्रयोग भएको देखिएकाले यसपछि अर्थात मल्लकालमा स्वाभाविकै रुपमा यसको प्रयोग हुने भयो । युद्धका बखत सैनिक प्रयोजनका निम्ति र दैनिक जीवनमा यातायातको साधनका रुपमा हात्तीको प्रयोग गरिन्थ्यो । सम्मानित व्यक्ति तथा उच्चपदस्थ कर्मचारीलाई खासगरी तराईको यातायातमा हात्ती प्रयोग गर्न पनि सरकारले सम्बन्धित कर्मचारीहरुलाई निर्देशन दिने गर्दथ्यो । यसै सन्दर्भमा सर्दार भवानीसिंह खत्री सम्भवतः भारतबाट काठमाडौं आउनेक्रममा पार्साउनीमा पुग्ने कुराको जानकारी गराउँदै उनलाई विसौलियादेखि भीमफेदीसम्म हात्तीद्वारा पुऱ्याउनका लागि पाल्या हात्तीसार का दरोगा, फन्नैतलगायतको नाममा एउटा पत्र लेखिएको थियो । निज सर्दारलार्य भीमफेदीसम्म पुऱ्याउने क्रममा विसौलिया, वि (भी ?) छाखोरी, हेटौंडा र भैस्यादोभान यी चार स्थानमा रहेका अड्डालाई समेत जानकारी दिइएको देखिन्छ । त्यतिमात्र नभएर उक्त चारवटै स्थानमा एक/एक हात्ती तयार राखी हात्तीको डाँक चलाउन पनि निर्देशन दिइएको थियो । यो सामग्रीअनुसार यसरी हात्तीको डाँक चलाउँदा एउटै हात्ती नभएर बाटाका ठाउँठाउँमा छुट्टाछुट्टै हात्ती प्रयोग गरिने देखिन्छ ।[२३] त्यतिमात्र नभएर हात्तीलाई राजकीय सवारीको साधनका रूपमा पनि ससन्मान प्रयोग गरिन्थ्यो । आधुनिक नेपालका राजा तथा प्रधानमन्त्रीहरुले आफ्नो राज्याभिषेक, सिन्दुरजात्रालगायत राजधानीको यात्रामा

---

[१७] ईश्वरी प्रसाद, *द लाइफ एण्ड टाइम्स अफ महाराजा जुद्धशमशेर जङ्गबहादुर राना अफ नेपाल*, न्यूदिल्लीः आशिष पब्लिसिङ हाउस, ई.सं. १९७५, पृ. ३१८-३२० ।

[१८] कर्कप्याट्रिक, *पाद टिप्पणी नं* ६, पृ. १८ ।

[१९] [illegible] एम्ब्रोस ओल्डफिल्ड, *स्केचेज फ्रम नेपाल (भोलम-१)*, दिल्लीः कोस्मो पब्लिकेसन्स, ई.सं. १९८१, पृ. ६२ ।

* वामन शिवराम आप्टे, *संस्कृत-हिन्दी कोश*, वाराणसीः मोतिलाल वनारसीदास, ई.सं. १९६९, पृ. ३२९ ।

[२०] धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. २४ ।

[२१] ऐजन, पृ. ४५९ ।

[२२] [illegible] हात्तीसारका दरोगा तथा वभनी हात्तीसारका सुब्बालगायतका नाममा वि.सं. १९०३ साल जेष्ठ सुदी २ रोज ४ मा चौतरिया फत्येजङ्ग शाह र [illegible] अभिमानसिंह रानाका नामबाट लेखिएको पत्र । यो पत्र परिशिष्ट नं. २ मा रहेको छ ।

निस्केका बखत हात्तीलाई नै प्रमुख साधनका रुपमा प्रयोग गरेको पाइन्छ। यहाँसम्म कि वि.सं. २०३२ सालमा राजा वीरेन्द्रको राज्याभिषेकका अवसरमा उनी तथा रानी ऐश्वर्यलाई हात्तमिा राखेर नगर परिक्रमा गराइएको घटनालाई यसको पछिल्लो उदाहरणका रुपमा लिन सकिन्छ। त्यतिमात्र नभएर हात्तीलाई ऐश्वर्य एवम् वैभवको साधनका रूपमा पनि लिइन्थ्यो । यसको उल्लेख्य उदाहरण गोरखाका राजा पृथ्वीनारायण शाहको विवाहका क्रममा ससुराली मकवानपुरका राजा दिगवन्धन सेनसँग माग राखेको 'एक दन्त हात्ती' लाई लिन सकिन्छ।[२४]

### बिक्री

मध्यकालको अन्त्यतिर तराईसँग जोडिएका राज्यहरुले कसरी हात्तीको व्यापार गर्दथे भन्ने सानो उदाहरण मकवानपुर राज्यलाई लिन सकिन्छ। मकवानपुर तलहट्टीको भाँवरका र भाँवरबाहिरका जङ्गलमा हात्ती प्रशस्त पाइने भएकाले राजा हेमकर्ण सेनले काठमाडौं उपत्यकाका मल्लराजाहरुलाई हात्ती खेदा गर्न दिएर शुल्कका रुपमा रुपियाँ लिने गदथे भन्ने भनाइ पनि नपाइने होइन । त्यतिमात्र नभएर उनी आफूले पनि खेदा गराई उम्दाउम्दा हात्तीहरु आफ्ना हात्तीसारमा राखी अरु मुगलानियाँ धनाढ्यहरुलाई विक्री गर्दथे। त्यस्तै उनले मुगलबादशाहलाई सालिन्दा १४ हात अग्लो हात्ती नजरानाका रुपमा दिनुपर्दथ्यो। तर त्यति अग्लो हात्ती दिन नसक्ने भएकोले मकवानी राजाहरुले हात्तीको सट्टा प्रति वर्ष १०/१२ हजार रूपैयाँ पटनामा रहेका मुगल हाकिमहरुलाई दिएर सन्तुष्ट पार्ने गरेको चर्चा पाइन्छ।[२५]

आधुनिक कालमा पनि हात्ती समातेर बिक्री गर्ने कार्यले निरन्तरता लिन पुग्यो । त्यतिमात्र नभएर हात्ती बिक्रीबाट हुने आम्दानी राज्यका प्रमुख आर्थिक स्रोतहरुमध्ये एउटा भएको देखिन्छ । यसैसन्दर्भमा पहाडी प्रदेशसमेत रहेको पाल्पा जस्तो क्षेत्रबाट एकै पटक रू. ७३२७/५० हात्ती-हत्यानी बिक्रीबाट आम्दानी भएको पाइन्छ।[२६] त्यस्तै उनै कर्णेललाई पाल्पाअन्तर्गत रहेका हात्तीसारका हात्ती-हत्यानी बिक्रीगरेर विभिन्न कम्पनीको खान्गी दिनका लागि वि.सं. १८७२ साल बैशाखमा पत्रहरु लेखिएका थिए। खासगरी दुईबटा कम्पनीका लागि रू. ७४९३/- जति हात्तीको बिक्रीबाट नै पुरा गर्नु पर्ने कुरा निजको नाममा लेखिएका दुईवटा पत्रहरुमा उल्लेख गरिएको छ।[२७] विभिन्न कार्यका निम्ति सम्बन्धित क्षेत्रबाट नै खर्च गरिने मात्र नभएर यस्ता आम्दानी रकम सोझैं केन्द्रीय धुकुटीमा जम्मा गर्ने गरिन्थ्यो। यसै सन्दर्भमा वि.सं. १८६४ सालमा पाल्पा गौंडामा हात्तीसमेत बिक्री गरेर आएको आम्दानी रकम रू. १७३८॥. (रू. १७३८/७५) त्यहाँका तैनाथवाला काजी अमरसिंह थापा मार्फत तोसाखानामा जम्मा गरिएको थियो।[२८] उल्लिखित आम्दानी रकमहरु केवल पहाडी क्षेत्रको प्रशासनिक इलाकासमेतका हुन्। अझ मुलुकका तराई क्षेत्रमा स्वाभाविकै रुपमा हात्ती बिक्रीबाट यो भन्दा बढी आम्दानी हुने कुरामा दुई मत नहोला । यद्यपि सो सम्बन्धमा जानकारी दिने सामग्री प्रकाशमा आएको पाइँदैन । समग्रमा राणाकालपूर्व आधुनिक नेपालको इतिहासमा हात्ती बिक्रीबाट हुने आम्दानी उल्लेख्य देखिन्छ। मुलुकको आम्दानीका महत्वपूर्ण स्रोतहरुमा यो पनि एउटा थियो ।

---

२४ बाबुराम आचार्य, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग-१)*, काठमाडौः श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, वि.सं. २०२४, पृ. १२८ र १४६ ।

२५ *ऐजन*, पृ. १२८ ।

२६ कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७१ मा लेखिएको पत्र । यो पत्र परिशिष्ट नं. ३ मा रहेको छ ।

२७ कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७२ वैशाख सुदी १ रोज ४ मा लेखिएको पत्र । यी पत्रहरू परिशिष्ट नं. ४ 'क' र 'ख' मा रहेका छन् ।

२८ भवेश्वर पंगेनी, *नेपालको प्रशासनिक इतिहास भाग-२, पाल्पा गौडाप्रशासनका दुई दशक (वि.सं. १८६१-१८८१)*, काठमाडौः श्रद्धा स्रष्टा प्रकाशन, वि.सं. २०६५, पृ. ७६-७७

जङ्गली हात्ती समातेर बिक्री गर्ने कार्यका लागि केन्द्रले विभिन्न प्रशासनिक क्षेत्रमा खटाइएका सुब्बालाई निर्देशन दिने गर्दथ्यो । हात्ती समात्ने कार्यको मुख्य उद्देश्य अर्थोपार्जन भएकाले त्यसमा नाफा हुनु नितान्त आवश्यक थियो । हात्ती समाती बिक्रीसमेत गर्ने कार्यका लागि तैनाथ आवश्यक कर्मचारी अर्थात राउत, माहुतलगायत लगाएर समातिएका हात्ती बिक्री गर्दा फाइदा नहुने जस्तो देखिएका क्षेत्रमा भने सो कार्य गर्नु हुँदैनथ्यो । त्यस्तै हात्ती समात्नका लागि पनि कमसेकम खर्च गर्नुपर्ने निर्देशन दिइन्थ्यो । त्यसरी समातिएका हात्ती किफायतसँग बिक्रीगरी त्यसबाट प्राप्त सम्पूर्ण नगद एवम् जिन्सी दरबार दाखिल गर्नु पर्दथ्यो । यसै सन्दर्भमा वि.सं. १८६६ साल बैशाख सुदी १५ रोज ७ का दिन रुद्रवीर शाहलाई सल्यान गई भरमुलुकमा गरिआएको काजकाम गर्ने बारेमा राजा गीर्वाणयुद्धविक्रम शाहको नाममा लेखिएको पत्रमा हात्ती समात्ने विषय यसप्रकार लेखिएको छ,[२९]

*"...नौमा सवाल.*

*तेस जगामा षोरषेदा जघीया षेदा गर्दा तेस काजमा लागन्या षर्च. भन्दा आमदनी किफायेत हुन्या रहेछ भन्या मुनासीव षर्च लगाई हाती वाधन्या काम गर्नु वाध्याका हाती किफायतसग विक्री गरी नगद जिनीस ली दर्वार दाषील गर्नु राउनु महाउतको दर्माहा गैह्र लाग्याको षर्च मुनासीव मोजरा वक्स्यौला .....९"*

कतिपय समयमा यसरी आम्दानी भएको रकमले भारतीय वजारहरुबाट विभिन्न सामान खरिदगरी दरबारमा पठाउनु पनि सुब्बाको कर्तव्य हुन आउँथ्यो । वि.सं. १८६७ सालमा सुब्बा हस्तदल शाहीलाई गढका मधेस जिल्लामा छोपिएका हात्ती बिक्रीगरी पस्मिनालगायत विभिन्न सामानहरु खरिदगरी पठाउन निर्देशन दिइएको थियो । यसै सन्दर्भमा उल्लेख्य कुरो के पनि देखिन्छ भने खासगरी भारतीय सीमानासँग जोडिएका जिल्लाका सुब्बाले आफ्नो क्षेत्रको आम्दानीमध्ये नगदबाट दरबारमा चाहिने फर्माइसका सामान खरिद गरी पठाउनु पर्दथ्यो । यसरी सामान खरिद गर्दा सकेसम्म कम दाम अर्थात सस्तोमा खरिद गर्नका लागि निर्देशन दिइन्थ्यो । यसका अतिरिक्त जङ्गलमा पाइने महत्वपूर्ण वस्तु, जनावरका विभिन्न अङ्गलगायत खोजेर दरबारमा पठाउनु पर्दथ्यो ।[३०]

जङ्गलबाट समातिएका हात्तीलाई 'हात्तीसार' मा राखिन्थ्यो । यसका निम्ति सरकारले तराईका विभिन्न क्षेत्रका अतिरिक्त तराईसमेत प्रशासनिक क्षेत्र भएका पहाडसमेतमा हात्तीसारहरु स्थापना गरेको हुन्थ्यो । त्यतिमात्र नभएर राजधानी काठमाडौंसमेतमा हात्ती राख्ने हात्तीसार स्थापना गरिएको थियो । यद्यपि राजधानीबाट हात्ती बिक्री गरिएको सम्बन्धी जानकारी दिने सामग्री भने प्राप्त भएको छैन । हात्तीसारमा बिक्रीका लागि राखिएका हात्तीलाई मागअनुसार स्थानीय रूपमा पनि बिक्री गरिन्थ्यो भने भारतमा पनि निकासी व्यापार गरिन्थ्यो ।

हात्तीको मोल कसरी निर्धारण गरिन्थ्यो तथा नेपालका हात्तीको मूल्य कुन समयमा कति थियो भन्ने विषय स्पष्ट पार्ने सामग्री नपाइएकाले यहाँ मूल्यको यकिन गर्न सकिएको छैन । त्यति भए तापनि उँचाइको आधारमा हात्तीको मूल्य निर्धारण हुनेकुरा विभिन्न लिखतमा पाइन्छ । यसै सन्दर्भमा नेपालको इतिहासलगायत विभिन्न पक्षका बारेमा कलम चलाउने अङ्ग्रेज हेमिल्टनले हात्तीको सरकारी बिक्री मूल्य उँचाइका आधारमा प्रतिहात २०० मोहर वा ८६ रुपैयाँ भएको

---

[२९] महेश्वर पंगेनी, *नेपालको प्रशासनिक इतिहास (वि.सं. १८२५-१९०३), भाग-१, शाहकालीन प्रशासनमा 'सुब्बा' पद*, काठमाडौः विद्यार्थी पुस्तक भण्डार, दे.न. २०६४, पृ. १२२, १९६ ।

[३०] ऐजन, पृ. १९७-२०० ।

चर्चा गरेका छन् । त्यस्तै यहाँका हात्तीको उँचाइ भने 'शाही नाप (सरकारी नाप ?) पाँच हात भएको जसलाई अङ्ग्रेजी नापमा रूपान्तरण गर्दा छ फिट हुने भनिएको छ ।[३१] अर्कातिर नेपालका सम्बन्धमा कलम चलाउने अर्का अङ्ग्रेज कर्कप्याट्रिकले भने पाँच हात भनेको ७.५ फिट हुने उल्लेख गरेका छन् ।[३२] हेमिल्टनको भनाइका आधारमा हात्तीको बिक्री मूल्य प्रतिहात रू २००/- भए तापनि सम्भवतः यस पछि यो दरमा बिक्री नभए जस्तो देखिन्छ । जस्तो वि.सं. १८६३ मा पाल्पा हात्तीसार का हात्तीमध्ये १६ हात हात्तीको मूल्य रू. २०००/- तथा हत्यानी १५ हात को मूल्य १५००/- तोकिएको कुरा काजी अमरसिंह थापालाई लेखिएको पत्रमा उल्लेख छ ।[३४] यस हिसाबले हात्तीको मूल्य प्रति हात रू. १२५/- तथा हत्यानीको रू. ९०/- भएको देखिन्छ ।[३४] त्यस्तै पाल्पा गौंडाका अर्का तैनाथवाला (प्रशासक) कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७५ साल मंसिर महिनामा लेखिएको एउटा पत्रमा दुई वटा हात्ती जम्मा ८ हातको रहेका तथा तिनको मूल्य रु. १०००/- भएको एवम् दुई वटा नै हत्यानी जम्मा (६॥) साढे छ हात भएको एवम् तिनको मूल्य रू. ६७५/- भएको देखिन्छ ।[३५] यस हिसाबमा १ हात हात्तीको बिक्री मूल्य रू. १२५/- तथा हत्यानी १ हातको रू. १०३/८४ (एक सय तीन रूपैयाँ र पैसा चौरासी) पर्न गयो ।

हात्तीको बिक्री मूल्यको सन्दर्भमा वि.सं. १८६४ सालमा पाल्पाका काजी अमरसिंह थापाको नामको एउटा पत्र उल्लेख्य देखिन्छ । यसमा ५ हातको एउटा हात्तीको प्रतिहात मूल्य रू. ७०/- ले जम्मा रू. ३५०/- तथा ४ हातको अर्को एउटा हात्तीको प्रतिहात मूल्य रू.९०/- का दरले जम्मा रू. ३६०/- मा बिक्री गरिएको देखिन्छ ।[३६] यो समेत सामग्रीका आधारमा हात्तीको बिक्री मूल्य निश्चित नभएको देखिन्छ । त्यति भए तापनि हात्ती प्रतिहात रू. ७०/- देखि रू. १२५/- सम्ममा बिक्री हुने भयो । त्यस्तै हात्तीको तुलनामा हत्यानीको मूल्य भने कम देखिन्छ । हत्यानी प्रति हात रू. १०३/८४ सम्ममा बिक्री हुने गर्दथ्यो । त्यतिमात्र नभएर माथि उल्लेख गरिए जस्तो हात्ती जति ठूलो छ त्यतिकै राम्रो हुन्छ भन्ने भए तापनि पछिल्लो सामग्रीले ठूलो अर्थात पाँच हातको एउटा हात्तीको मूल्य झन् थोरै अर्थात प्रतिहात रू. ७०/- मात्रै भएको जबकी सो भन्दा सानो अर्थात ४ हातको हात्तीको मूल्य प्रतिहात ९०/- देखिएको छ । समग्रमा बिक्रीका क्रममा हात्ती एवम् हत्यानीको मूल्यमा अवस्था हेरेर कम तथा बढ्ता गरिएको जस्तो देखिन्छ ।

जे जस्तो हिसाबमा मूल्य निर्धारण गरिने भए तापनि सामान्यतया प्राचीनकालदेखि नै ७ हात अग्लो, ९ हात लामो, १० हात मोटाई भएको, ४० वर्षको हात्ती उत्तम; ३० वर्षको ६ हातको मध्यम तथा २५ वर्षको तल्लो खालको मानिएको प्रसङ्ग माथि परिसकेको छ । जङ्गलमा घेराबाट उम्कन नसक्ने भएकाले समात्ने क्रममा धेरैजसो स-साना हात्तीहरु समातिन्थे । यस्ता साना हात्तीको उँचाई ७ फिट र आधा (७.५ फिट) हुने तथा तिनको मूल्य पनि कम हुन्थ्यो ।[३७]

माथिको सन्दर्भले हात्तीको मूल्यमा एकरूपता नपाइए तापनि सरकारले भने बिक्री मूल्य तोक्ने गरेको भन्ने पाइन्छ । सरकारले बढी मूल्य तोक्ने गरेकाले उक्त मूल्यमा हात्ती खरिद गर्न व्यापारीहरुले दुःख मान्ने गरेको प्रसङ्ग पनि नपाइने होइन । यस अवस्थामा आफूले निर्धारण गरेको

---

[३१] फ्रान्सिस बुचानन हेमिल्टन, *एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल*, दिल्लीः मञ्जुश्री पब्लिसिङ हाउस, ई.सं. १९७१, पृ. ६३ ।

[३२] कर्कप्याट्रिक, *पाद टिप्पणी नं.* ६, पृ. १८ ।

[३३] काजी अमरसिंह थापाको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ मा लेखिएको पत्र । यो पत्र परिशिष्ट नं. ५ मा रहेको छ ।

[३४] पंगेनी, *पाद टिप्पणी नं.* २८, पृ. १७९ ।

[३५] कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७५ मंसिर वदी ९ रोजमा लेखिएको जैसिकोठा पोका नं. ७ मा रहेको पत्र ।

[३६] पंगेनी, *पाद टिप्पणी नं.* २८, पृ. ७७, १७९ ।

[३७] कर्कप्याट्रिक, *पाद टिप्पणी नं.* ६, पृ. १८ ।

मूल्यमा हात्ती बिक्री गर्न सक्छु भन्ने व्यक्तिलाई नै सरकारले बिक्रीको जिम्मा दिने गरेको प्रसङ्ग पाइन्छ ।[३८]

राणाकालको आरम्भमा वार्षिक रूपमा बिक्री गरिने हात्तीको संख्या २००/३०० हुने अनुमान गरिएको पाइन्छ । यो सबै सरकारकातर्फबाट बिक्री भएको मानिन्छ ।[३९] यस दृष्टिबाट हात्तीको बिक्रीमा राज्यको एकाधिकार रहेको देखिन्छ ।[४०] त्यसो त हात्तीहरु सरकारी कर्मचारीको तलबका रूपमा तथा घोडासँग साट्नका लागि पनि प्रयोग गरिन्थ्यो ।[४१]

जङ्गबहादुरको समयमा हात्ती समात्ने तथा बिक्री गर्ने सम्बन्धमा एउटा सामग्रीले "... मध्येसमा हाति षेदामा लाग्गी हुदा श्री ५ सर्कारमा हातिको मोल श्री ५ सर्कारमा बुझाइ हाति षरीद गरि लगिवक्सी खेदा गरिवक्सीने खेदामा परिक्याका नत्र हाति आफ्नु गराइ राखी वक्सीने खेदावाट लाग्गे फिरीवक्सेपछि श्री ५ सर्कारमा विक्री गरी मोल चवक्सने..." उल्लेख गरेको पाइन्छ ।[४२] यो भनाइ बाट जङ्गबहादुरले सम्भवतः हात्तीसारमा पाली तालिम दिइएका हात्तीहरुलाई तिनको मूल्य श्री ५ सरकार अर्थात आफूलाई दिएर शिकारमा लैजाने तथा शिकार सकिएपछि फर्काइएका हात्तीहरुको मूल्य पनि फिर्ता लिने गरेको देखिन्छ । त्यतिमात्र नभएर शिकारका क्रममा समातिएका हात्तीहरु आफ्नो भनी सरकारलाई बिक्री गरेर पैसा लिने गरेको भन्ने देखिन्छ । यो प्रसङ्ग उल्लेख्य छ । सिङ्गो मुलुक तथा मुलुकको सम्पूर्ण आम्दानीमाथि नियन्त्रण राख्ने जङ्गबहादुरले सरकारलाई हात्ती बिक्री गरेर त्यसको पैसा किन लिनु पर्दथ्यो ? के यो सर्वसाधारणलाई देखाउने नयाँ तरिका थियो ? भन्ने जस्ता जिज्ञाशा उठ्नु स्वाभाविकै देखिए तापनि यस सन्दर्भमा अझ अनुसन्धान हुनुपर्ने देखिन्छ ।

हात्ती बिक्रीका सम्बन्धमा हेमिल्टनको भनाइ पनि यसप्रकार उल्लेख्य रहेको छ,[४३]

The Raja reserves to himself the sole right of catching the elephants, and annually procures a considerable number. They are sold on his account at 200 mohurs or 86 rupees, for every cubit of their hight, but five cubits of the royal measures are only six English feet. As few merchants are willing to give this price for elephants which have not been seasoned, the Raja generally forces them on such persons as have claims on the court, who sell the elephants on the best manner they can.

औषधी, जडिबुटी, खयर, मैन, कस्तुरी, बाज र अन्य चरा, हात्ती, काठ आदि जङ्गलमा प्रमुख आम्दानीका साधन हुन् । यीमध्ये कुन कति महत्वपूर्ण स्रोत हुन् भन्ने स्पष्ट छैन । त्यति हुँदाहुँदै पनि हात्ती समातेर बिक्रीगरी राजस्व बृद्धिगर्नका लागि प्रशासकहरुलाई निर्देशन दिएको पाइन्छ । कुमाउँका प्रशासक सुब्बा रुद्रवीर शाहलाई वि.सं. १८५९ श्रावण वदी ११ मा हात्ती बिक्रीबाट राजस्व बृद्धिगर्न निर्देशन दिइएको थियो । त्यतिमात्र नभएर उनलाई हात्ती समातेर बिक्रीगरी रू. १४०००/- (चौध हजार) काठमाडौ पठाउन पत्र लेखिएको पाइन्छ ।[४४] झण्डै २०६ वर्ष अगाडिको यो रकम चानचुने थिएन । हात्ती बिक्रीबाट यति धेरै रकम उठाउनु/उठनु उल्लेख्य मानिन्छ । त्यसैकारण हात्तीलाई राज्यले प्रमुख आम्दानीको एउटा स्रोतका रुपमा लिएको देखिन्छ ।

---

[३८] हेमिल्टन, *पाद टिप्पणी नं. ३१*, पृ. ६३ ।

[३९] ...मर, *पाद टिप्पणी नं. ८*, पृ. १४४-४६ ।

[४०] ...मी, *पाद टिप्पणी नं. ३*, पृ. १९९ ।

[४१] ब्रेरच हड्सन, 'आन द कमर्स आफ नेपाल', *एस्य अन द ल्याङ्वेज, लिटरेचर एण्ड रिलिजन अफ नेपाल-टिवेट*, वाराणसीः भारत-भारती, ई.सं. १९७१,

[४२] ...लाल दीक्षित, *जंग-गीता*, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०४०, पृ. १०७ ।

[४३] हेमिल्टन, *पाद टिप्पणी नं. ३१*, पृ. ६३ ।

[४४] महेशचन्द्र रेग्मी, *ए स्टडि इन नेपाली इकोनोमिक हिस्ट्रः १७६८-१८४६*, दिल्लीः मञ्जुश्री पब्लिशिङ्ग हाउस, ई.सं. १९७१, पृ. ६९ ।

### हात्तीको आम्दानीबाट गौंडामा गरिने प्रमुख खर्च

खासगरी राणाकालपूर्व चार दशकतिरका प्राप्त सामग्रीले विभिन्न क्षेत्रमा समातिएका हात्तीको आम्दानी विभिन्न कार्यका लागि खर्च गर्ने निर्देशन दिएको पाइन्छ । यसरी गरिने खर्चमा सलामीको सट्टा दिइने रकम, गवैयालाई तनुखाह, दस्तुर-इनाम, व्यक्तिलाई तनुखाह, कप्तानी खान्गीमा नपुगेको वाली, विभिन्न कम्पनीका लागि नपुग भएको खान्गी सामेल गरिएको पाइन्छ । यसै गरी विभिन्न व्यक्तिले सामान दिएवापत राज्यकातर्फबाट उनीहरुलाई दिइने इनाम, राजपरिवारका सदस्यहरुद्वारा सम्पादन गरिएका विभिन्न दान-दक्षिणा एवम् धार्मिक कार्यमा गरिएका खर्च पनि हात्तीको आम्दानी बाट नै गरिन्थ्यो । त्यतिमात्र नभएर हात्ती दान गर्ने प्रचलन पनि पाइन्छ । विभिन्न सन्दर्भमा भारतबाट आएका विशिष्ट व्यक्ति तथा खासगरी कलकत्ताका वडासाहेव (ब्रिटिश गवर्नरजनरल ?) तथा चिनियाँ सम्राटसमेतलाई सौगातका रुपमा हात्ती नै पठाइने गरिन्थ्यो । सरकारी भवन मरमत गर्दा खर्च भएको रकम समेत हात्तीको आम्दानीबाट बुझाइन्थ्यो । यस्ता खर्चका अतिरिक्त हात्तीबाट गरिने आम्दानी रकम नगद नै केन्द्रीय धुकुटीका जम्मा गर्ने पनि गरिन्थ्यो । यस्ता प्रमुख खर्चको सामान्य जानकारी यहाँ बुँदागत रुपमा दिइएको छ ।

### तनुखाह (तलब)

सामान्यतया राज्यकानिम्ति निश्चित कार्य गर्ने अभिभारा दिएपछि खर्चका लागि कुनै व्यक्तिलाई दिइने नगद/जिन्सीलाई 'तनुखाह' भनिएको पाइन्छ । व्यक्तिलाईमात्र नभएर कुनै पल्टनको तैनाथवाला (प्रमुख) लाई मातहतका पदाधिकारी एवम् सिपाहीसमेतलाई दिनुपर्ने रकम उसकै नाममा तनुखाहका रुपमा तोकिने परिपाटी पनि बसेको देखिन्छ । त्यस्तै प्रचलनमा नरहेको 'सलामी' बापत रकम असुल भएर सो रकमको सट्टा हात्ती-हत्यानीको आम्दानीबाट समेत तनुखाह तोकिएको कुरा सामग्रीले पुष्टि गरेको छ । यसै सन्दर्भमा उदयपुरका रुद्रमणि कार्कीको विर्ता वितलपमा पहिला कुनै रकम नलागेकोमा वि.सं. १९७४ सालमा मगर सलामी (?) उठाइएको रहेछ । त्यसको सट्टा हत्यानी हात - ४ तनुखाह गरिएको थियो ।[४५] त्यस्तै सम्भवतः दरबारमा गीत गाउने गवैया वषतावर कथकलाई साढे तीन हात (३॥) तथा राजा गीर्वाणयुद्धविक्रम शाहको चुडाकर्म, व्रतवन्ध तथा विवाहको कलस्यानी, मढियाउली, मंगल्यानी आदिको दस्तुर, इनाम बापत हात्ती-हत्यानी ४/४ हातगरी जम्मा ८ हात तनुखाह गरिएको थियो ।[४६] यहाँ हात्तीको नाप उल्लेख गरिए तापनि सो वापतको रकम भने उल्लेख गरिएको छैन ।

सम्भवतः पाल्पा हात्तीसारमा राखिएका तथा खोर खेदाका हात्ती-हत्यानीमध्ये चन्द्रशेखर पाध्यालाई १८६१ सालमा सप्तरी-महोत्तरीका सुब्बा नैनसिंह समक्ष तनुखाह भैनसकेको रू. ३४९८/- मध्ये रु. ३५००/- तनुखाह गरिएको थियो । यो रकम हात्ती १६ हातको रू. २०००/- तथा हत्यानी १५ हातको रू. १५००/- निर्धारण गरिएको थियो ।[४७] यस्तै पाल्पाका कर्णेल उजीरसिंह थापालाई त्यहींको हात्तीसारका हात्ती-हत्यानीमध्ये वि.सं. १८७२ सालको वालीलाई विभिन्न कम्पनीलाई रकम तोकिएको थियो । उनलाई क्रमशः रू. ७३२७॥, ३६५६।.।, र ३८३७ ।॥२ रकम निर्धारणगरी सो भुक्तानी गर्ने निर्देशन दिइएको थियो ।[४८] उक्त तीन कलमका रकममध्ये पहिलो सबैभन्दा ठूलो रहेको हुनाले यसका लागि हात्ती ३२ हातको तथा हत्यानीं (३३।) सवा तेतीस हात तोकिएको थियो ।[४९] तुलनात्मक रूपमा रकम थोरै रहे तापनि

---

[४५] कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७४ साल पौष वदी ६ रोज २ का दिन लेखिएको जैसिकोठा पोका नं. २७ मा रहेको पत्र ।

[४६] दामोदर जोशीलगायतको नाममा वि.सं. १८६२ साल वैशाख वदी ५ रोज ५ तथा १८६५ वैशाख सुदी १४ रोज २ मा लेखिएका पत्रहरू ।

[४७] पाल्पाका काजी अमरसिंह थापाको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ लेखिएको जैसिकोठा पोका नं. ५ मा रहेको पत्र ।

[४८] कर्णेल उजीर सिंह थापाको नाममा वि.सं. १८७२ वैशाख सुदी १ रोज ४ मा लेखिएको जैसिकोठा पोका नं. २४ मा रहेका पत्र ।

[४९] जैसिकोठा पोका नं. ३४ मा रहेको सामग्री ।

सुब्बा जसिवन्त अधिकारी तथा सम्भवतः उनकै तैनाथीमा रहेको पल्टनको खान्गीका लागि हात्ती हात (३५।) सवा पैंतीस तथा हत्यानी हात २३ तोकिएको थियो ।[४०] यसैगरी काजी जितमान सिंहको तैनाथीमा रहेको कम्पनीका खान्गी रू. ३८३७।॥।२ का लागि पनि हात्ती हात ३२ र हत्यानी (६१।) सवा एकसट्ठी हात छुट्याइएको थियो ।[४१] त्यसो त तनखाह दिँदा कप्तानी खान्गीमा नपुगेको रकम पनि कुत्तीसारका हात्ती-हत्यानीबाट हुने आम्दानीलाई नै खर्च गरिएको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १८७५ सालको मंसिर महिनामा कप्तान भगवन्तलाई उनको खान्गीमा नपुगेको १८७६ सालको बाली रूपैयाँ १६७५/- पाल्पाका कुत्तीसारका जघीया खोरखेदाका हात्ती-हत्यानीको आम्दानीबाट दिन कर्णेल उजीरसिंह थापालाई लेखिएको थियो । सो र रकममध्ये हात्ती हात ८ बाट रू. १०००/- र हत्यानी (६॥) साढे छ बाट रू. ६७५/- दिन भनिएको थियो । सो रकमका लागि हात्ती २ तथा हत्यानी २ गरी जम्मा ४ वटा दिन लेखिएको थियो ।[४२]

**इनाम**

राज्यले 'इनाम' शीर्षकमा विभिन्न किसिमबाट रकम खर्च गर्ने गरेको देखिन्छ । यस शीर्षक अन्तर्गत कुनै उल्लेख्य काम गरेबापत हौसला स्वरुपमात्र नभएर विभिन्न कदरका लागि नगद तथा जिन्सी दिइएको पाइन्छ । यसै सन्दर्भमा पटनाका नवाव 'मुलफाकुली खाँ' ले सम्भवतः राजालाई विभिन्न सामान पठाएबापत निजलाई इनामका रुपमा ४ हातको एउटा हात्ती दिइएको थियो ।[४३] उल्लेख्य कुरा के देखिन्छ भने यो पत्रमा हात्तीको संख्या तथा त्यसको नापको विवरण लेखिए तापनि सोको मूल्यरकम भने उल्लेख गरिएको छैन । त्यस्तै 'गोसाञीँ जगत गिरि' ले २ थान तर वारहरु राजाका नाममा समर्पण गरेबापत इनामका रुपमा उनलाई पनि ४ हातको एउटा हात्ती दिइएको थियो ।[४४] यो पत्रमा पनि रकम उल्लेख गरिएन ।

कारिगर 'वस्तिराम' ले निर्माणगरी राजाको नाममा चढाएको एउटा पलङ्गबापत राज्यले निजलाई ४ हातको एउटा हात्ती इनामस्वरुप दिनका लागि वलभद्र जोशीलगायतका नाममा एउटा पत्र लेखेको थियो । यो इनाममा ४ हातको हात्ती दिनका लागि पत्र लेखिएको थियो ।[४५] त्यस्तै 'जगवीर बस्न्यात' ले राजालाई अंग्रेजी हौदा चढाएबापत उनलाई पनि ४ हातको एउटा हत्यानी दिन निर्देशन दिइएको थियो ।[४६] यो सामग्री समेतमा हात्तीको मूल्यदर भने तोकिएको पाइँदैन । इनाम दिइने सन्दर्भमा राजा गीर्वाणयुद्धविक्रम शाहको चुडाकर्म, व्रतवन्ध, विवाहका अवसरमा नगार्ची, दर्जी, वानादार, दर्मासी आदिलाई इनामबापत ४ हातको एउटा हात्ती दिइएको देखिन्छ ।[४७]

**दान-दक्षिणा**

राजा, रानीलगायतको श्राद्ध, पाठपूजा तथा धार्मिक कार्यका लागि गरिएका खर्च रकमसमेत हात्तीको आम्दानीबाट पूर्ति गरिएको पाइन्छ । यसका अतिरिक्त कतिपय अवस्थामा हात्ती दान पनि गरिन्थ्यो । उदाहरणका लागि राजा

---

कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७२ वैशाख सुदी १ रोज ४ मा लेखिएको माथि उल्लिखित पत्र ।

उही ।

कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७५ मार्ग वदी ९ रोजमा लेखिएको जैसिकोठा पोका नं. ९ मा रहेको पत्र ।

[illegible] वलभद्रलगायतको नाममा वि.सं. १८७० पौष सुदी १० रोज १ मा लेखिएको जैसिकोठा पोका नं. ३३ मा रहेको पत्र ।

[illegible] दामोदर जैशीलगायतको नाममा वि.सं. १८६२ साल मार्ग वदी २ रोज ६ का दिन लेखिएको जैसिकोठा पोका नं. ४ मा रहेको पत्र ।

[illegible] वलभद्र जैशीलगायतको नाममा वि.सं. १८७० आश्विन सुदी ११ मा लेखिएको जैसिकोठा पोका नं. १४ मा रहेको पत्र ।

[illegible] वलभद्र जैशीलगायतको नाममा वि.सं. १८७८ ज्येष्ठ सुदी ११ रोज २ मा लेखिएको जैसिकोठा पोका नं. १५ मा रहेको पत्र ।

[illegible] दामोदर जोशीलगायतको नाममा वि.सं. १८६५ साल बैशाख १४ रोज २ मा लेखिएको जैसिकोठा पोका नं. १४ मा रहेको पत्र ।

गीर्वाणयुद्धविक्रम शाहको नामबाट वि.सं. १८६६ सालमा लेखिएको एउटा पत्रमा सम्भवतः स्वर्गवासी रणबहादुर शाह तथा उनका स्वर्गवासी रानीहरुको गया (भारत) मा श्राद्ध गर्दा ९ वटा हात्तीहत्यानीहरू दान गर्नका लागि तनुखाह गरिएको रहेछ। ती हात्तीलाई नेपालबाट गयामा नै लगिएको देखिन्छ। गया लैजाँदा २ वटा बाटामा नै मरेकाले तिनको सट्टा (४॥) साढे चार हातको एउटा तथा अर्को हत्यानी दिइएको थियो।[५८]

वि.सं. १८६१ देखि १८६३ सम्म तीन वर्ष स्वामीमहाराज रणबहादुर शाहबाट समेत पुरोहित जदुनाथ मार्फत पाठपूजा गरिएको देखिन्छ। यो खर्च रकमका लागि ४ हातको एउटा हात्ती तनुखाह गरिएको कुरा डिट्ठा जस्यालगायतको नाममा लेखिएको पत्रबाट स्पष्ट हुन्छ।[५९] त्यस्तै राजा गीर्वाणयुद्धविक्रम शाहको मुमा (कान्तीवती ?) तथा माहिला र कान्छा मुमाहरूको नाममा गयामा श्रीछमादान गर्नका लागि ४॥ (साढेचार) हातको एउटा हात्ती तनुखाह गरिएको थियो।[६०]

राजपरिवारको धार्मिक कार्यहरू नेपाली पुरोहितमात्रले नभई सम्भवतः जगन्नाथ (बनारस ?) का पण्डाले पनि सम्पादन गर्दथे। उनीहरुले नेपालमा नै आएर कार्य सम्पादन गरेको जस्तो पनि देखिन्छ। किनभने वि.सं. १८७४ साल कार्तिक महिनामा जगन्नाथका पण्डाहरू 'जगन्नाथ' र 'रामचन्द्र' दुई जनालाई दक्षिणा तथा विदाईका लागि ४/४ हातका दुईवटा हात्ती तनुखाह गरिएको थियो।[६१] यस्तै श्रीमहाकाल भैरवका स्थानमा श्रीसंकटाका पुरश्चरण होम, तर्पण आदि गर्दा दक्षिणा दिइएको रकममध्ये रू. ४६८/७५ (३॥) पौने चार हातको एउटा हात्तीबाट पुरा गरिएको देखिन्छ।[६२]

## सौगात

सरकारका तर्फबाट छिमेकका प्रमुख अधिकारी एवम् प्रतिष्ठित व्यक्तिहरुलाई सौगात दिनु/पठाउनु कुटनीतिक सुसम्बन्ध पनि मानिन्छ। त्यतिमात्र नभएर आपसी सम्बन्धलाई अफ गाढा बनाउन पनि सौगात लिने/दिने परम्परा भएको देखिन्छ। प्राप्त केही सामग्रीले राज्यकातर्फबाट दुई व्यक्तिलाई 'विदाई सौगात' तथा कलकत्ताका 'वडासाहेव' लाई 'सौगाद' का रुपमा हात्ती पठाइएको थियो।

वि.सं. १८६३ साल फागुनमा मुन्सी दीपचन्द्रलाई 'मामुली विदाई' भनी (८॥) साढे आठ हात हात्ती तनुखाह गरिएको थियो। यसका लागि 'अघिदेषि पाई आएको' उल्लेखगरी हत्यानी (४॥) साढे चार हात तोकिएको थियो भने 'साल १, पगरी १, मलमल थान १, अतसल थान १ अधसी (?) थान १ गैह्र पोशाक र नगद समेत' का लागि उल्लेखगरी ४ हातको हत्यानी १ समेत जम्मा दुई हत्यानी तनुखाह गरिएको थियो।[६३] यसको सात वर्षजतिपछि १८७० साल माघमा ठाकुर दयालसिंलाई 'जघीया षोर षेदाका हात्ती हत्यानी मध्ये' ४ हातको एउटा हात्ती 'विदाइ तनुषाह' गरिएको थियो।[६४] उल्लिखित सामग्रीबाट मुन्सी दीपचन्द्र तथा ठाकुर दयालसिं को हुन् र उनीहरूलाई के कारण विदाई सौगात दिइएको हो भन्ने भने स्पष्ट हुँदैन। यसका

---

[५८] दरोगा दमोदर जैशीलगायतको नाममा वि.सं. १८६६ आषाढ वदी १२ रोज ६ मा लेखिएको जैसिकोठा पोका नं. ८ मा रहेको पत्र।

[५९] डिट्ठा जस्यालगायतको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ का दिन लेखिएको जैसिकोठा पोका नं. ५ मा रहेको पत्र।

[६०] दरोगा दमोदर जोशीलगायतका नाममा वि.सं. १८६२ साल मार्ग सुदी १५ रोज ६ का दिन लेखिएको जैसिकोठा पोका नं. ४ मा रहेको पत्र।

[६१] दरोगा वलभद्र जोशीलगायतका नाममा वि.सं. १८७४ साल कार्तिक सुदी १४ रोज ७ का दिन लेखिएको जैसिकोठा पोका नं. १४ को पत्र।

[६२] दरोगा वलभद्र जोशीलगायतका नाममा वि.सं. १८७७ साल कार्तिक वदी ७ रोज ७ का दिन लेखिएको जैसिकोठा पोका नं. १४ को पत्र।

[६३] डिट्ठा जस्या, दरोगा दामोदर जैसीलगायतको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ का दिन लेखिएको पत्र। यी पत्र परिशिष्ट नं. ६ 'क' र 'ख' मा रहेका छन्।

[६४] दरोगा वलभद्र जोशीलगायतका नाममा वि.सं. १८७० माघ सुदी ३ रोज २ मा लेखिएको जैसिकोठा पोका नं. २८ को पत्र।

अतिरिक्त मुन्सी दीपचन्द्रलाई साल, पगरीलगायतका विभिन्न सामग्रीहरुका लागि एउटा हत्यानी थप किन दिइएको हो भन्ने जस्ता जिज्ञाशाहरू पनि रहन्छन् । त्यतिमात्र नभएर ...नीहरुलाई हात्ती-हत्यानी नै दिइएको हो वा सो को मूल्य बराबरको रकम दिइएको हो भन्ने पनि स्पष्ट छैन ।

बिटिश सरकारले इष्ट इण्डिया कम्पनीबाट ...नमा खटाइएका तथा कलकत्तामा रहेका गभर्नर जनरललाई सौगातका रूपमा हात्ती पठाउने गर्दथ्यो । ... अर्थात कलकत्ताका बडासाहेबलाई भने हात्तीसारमा ...कामध्ये चोटपटक नलागेको, पुराना तथा सबैभन्दा असल ...गम्रा हात्ती दिइन्थ्यो । यस्ता हात्तीलाई जङ्गली हात्ती समात्न प्रयोग गरेका खण्डमा चोटपटक लाग्नसक्ने तथा ...न्यानमा पनि तलमाथि पर्नसक्ने कुरालाई विचार गरेर हात्तीसारमामात्र राख्ने व्यवस्था मिलाइन्थ्यो ।

उत्तरतर्फ अर्थात चीनसँग पनि नेपालको सुसम्बन्ध रहेको । खासगरी नेपाल-तिब्बत-चीनबीच भएको युद्ध र वि.सं. १८४९ मा भएको बेत्रावती सन्धिपछि नेपालले चीनीयाँ बादशाहलाई सौगात पठाउने गर्दथ्यो । यसरी चीन पठाइने सौगातमा हात्ती पनि सौगातका रूपमा एउटा प्रमुख बस्तु रहेको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १८५२ साल श्रावण वदि ४ मा काजि नरसिं, जेठाबुढा माधौ शाहिसमेतको टोलीमा चीन गएको सौगात मिसनले अन्य वस्तुका अतिरिक्त रू. ८००/- मूल्य बराबरको हात्तीको दाँत २०, र रू. ३५००/- मूल्यको हात्ती ५ वटा उपहार लगेको देखिन्छ । यसका अतिरिक्त हात्ती दाँतको कटौरा थान ६ पनि पठाइएको थियो । यी कटौराहरूको मूल्य रू. ४८/- थियो ।[६५] हात्तीलाई चीन पुऱ्याउने कार्यका लागि फनैत तथा माहुतेहरू नै तैनाथ गरिन्थ्यो । यी ५ हात्ती चीनीयाँ बादशाहकोमा पुऱ्याउनका लागि ५ जना फनैत तथा १५ जना माहुतलाई पठाइएको थियो । यसै सन्दर्भमा मध्यकालको आरम्भतिर चीनीयाँहरुले हात्तीलाई घृणाको दृष्टिले हेर्ने गरेको कुरा एक जना यात्रीले वर्णन गरेको पाइन्छ । सम्भवतः सोही कारणसमेतबाट चीनका बादशाहले नेपालबाट पठाइने सौगातहरूमा २/४ वटा मात्र हात्ती भए पुग्ने आशय व्यक्त गरेको प्रसङ्ग पनि नपाइने होइन ।[६६]

## उपसंहार

नेपालको आर्थिक इतिहासमा सामान्यतया उल्लेख नगरिएको तर जङ्गलबाट हुने आम्दानीको एउटा प्रमुख स्रोतका रूपमा रहेको हात्ती बिक्रीको प्रसङ्ग ओझेलमा रहेको देखिन्छ । पौराणिक कालदेखि नै चर्चामा आएको तथा तराईमा यातायातको प्रमुख साधनसमेत रहेको हात्ती मध्यकालको अन्त्य र आधुनिक कालको आरम्भतिर जङ्गलबाट समातेर बिक्रीगरी आम्दानीको गतिलो साधनका रूपमा प्रयोग गरिएको पाइन्छ । पाल्पा जस्तो प्रायः पहाडी क्षेत्र रहेको प्रशासनिक क्षेत्रबाट राणाकाल पूर्व नै वर्षमा १७/१८ हजार नगद आम्दानी हुनु उल्लेख्य मान्नु पर्दछ । राजधानी बाहिरका प्रशासनिक क्षेत्रमा हुने आम्दानीबाट केन्द्रको निर्देशनानुसार विभिन्न कार्यमा खर्च गरिनु तत्कालीन प्रशासनिक व्यवस्थाको एउटा सामान्य प्रचलन नै रहेको देखिन्छ । यसै सन्दर्भमा उल्लेख्य कुरा के पनि देखिन्छ भने चन्द्रशेखरले बनारसका द्वारकादासको पसलबाट तयार गराएर पठाएको 'जर्णेली टोपी कुर्थि' जर्णेल अमरसिंह थापालाई लगाउने निर्देशन पनि दिइएको थियो । त्यतिमात्र नभएर उक्त एउटा टोपीको मूल्य रू. १२०७/- हात्ती बिक्रीका आम्दानीबाट बुझाउनु पर्ने थियो ।[६७]

---

६५ ...कुमार मानन्धर, *ए डकुमेन्ट्री हिस्ट्र अफ नेपलीज क्विनक्विनल मिसन टु चाइनाः १७९२-१९०६*, दिल्लीः एड्रोएट पब्लिसर्स, ई.सं. २००१, पृ. ११-१७ ।

६६ ... नेपाल, *नेपाल-भोटचीन सम्बन्धका केही साँस्कृतिक पक्ष*, काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०४५, पृ. ७१ ।


६७ जर्णेल अमरसिंह थापाको नाममा वि.सं. १८७० (?) पौष सुदी ११ रोज १ मा लेखिएको पत्र । यो पत्र परिशिष्ट नं. ७ मा रहेको छ ।

जङ्गली हात्ती समातेर तालिम दिई उच्च मूल्यमा बिक्री गर्ने कार्य सरल भने थिएन । हात्तीसारको खर्च भने धेरै हुने भए तापनि हात्ती बिक्रीबाट राम्रै नाफा हुने भएकाले राज्य आफै हात्तीको बिक्रीमा लागेको थियो । समातिएका हात्तीलाई हात्तीसारमा राखेर तालिम दिने/व्यापार गर्ने तथा आवश्यकता अनुसार एक ठाउँको हात्तीसारबाट अर्को ठाउँमा सारिने कार्य पनि सामान्य मानिन्छ । यसका लागि कतिपय डिट्ठा एवम् कतिपयमा दरोगालाई हात्तीसारको प्रमुख बनाइएको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ का दिन डिट्ठा जस्यालगायतको नाममा लेखिएको पत्रबाट यस कुरालाई स्पष्ट पार्दछ ।[६८]


## परिशिष्ट

### परिशिष्ट नं. १

कर्णेल उजीरसिंह थापाको नाममा पाल्पाका खेदालाई फादका हात्ती राखी खोर खेदा गर्दा चाहिने मानिसलगायतको एक वर्षको खर्चको विवरणका बारेमा वि.सं. १८७३ साल मार्ग वदी ३० मा लेखिएको पत्र ।




क्रमशः १




क्रमशः २

[६८] *पाद टिप्पणी नं. ६३ ।*




क्रमशः ३



क्रमशः ४


## परिशिष्ट नं. २

पाल्पा हात्तीसारका दरोगा तथा वभनी हात्तीसारका सुब्बालगायतका नाममा वि.सं. १९०३ साल जेष्ठ सुदी २ रोज ४ मा चौतरिया फत्येजङ्ग शाह र जनरल अभिमानसिंह रानाका नामबाट लेखिएको पत्र ।



## परिशिष्ट नं. ३

कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७१ मा काजी जितमानसिं बस्न्यातको तैनाथीमा रहेको कम्पनीको खान्गीका लागि हात्तीसारका हात्तीमध्ये तोकिएको रू. ७३२७।। को तनुखाह उल्लिखित पत्र ।



## परिशिष्ट नं. ४


**(क)**

कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७२ वैशाख सुदी १ रोज ४ मा लेखिएको सुब्बा जसिवन्त अधिकारीलगायको नाममा हात्तीसारका हात्तीबाट रू. ३६५६।। तनुखाह उल्लिखित पत्र ।


**(ख)**

कर्णेल उजीरसिंह थापाको नाममा वि.सं. १८७२ वैशाख सुदी १ रोज ४ मा लेखिएको काजी जितमानसिंको तैनाथीमा रहेको कम्पनिको खान्गीका लागि हात्तीसारका हात्तीबाट रू. ३८३७। ।।।२ तनुखाह उल्लिखित पत्र ।

(क)




(ख)



## परिशिष्ट नं. ५


काजी अमरसिंह थापाको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ मा लेखिएको चन्द्रशेखर पाध्याको तनुखाहमध्ये बाँकी रू. ३४९८/- पाल्पाका हात्तीसारका हात्तीहरूबाट तनुखाह गरिदिएको पत्र ।




## परिशिष्ट नं. ६

### क, ख


डिट्ठा जस्या, दरोगा दामोदर जैसीलगायतको नाममा वि.सं. १८६३ साल फागुन वदी १३ रोज ६ का दिन पुरोहितलाई दक्षिणाका लागि रू. ४९७।। हात्ती हात ४ को तथा मुन्सी दीपचन्द्रलाई विदाईमध्येको रकम बापत ८।। हात हात्तीहरू तनुखाह दिने बारे लेखिएका पत्रहरू ।





## परिशिष्ट नं. ७

जरौंल अमरसिंह थापाको नाममा वि.सं. १८७० (?) पौष सुदी ११ रोज १ मा जरौंली टोपी बापत रू. १२०७/- हात्ती बिक्रीको आम्दानीबाट तनुखाह गरिएको बारे लेखिएको पत्र ।



# संशोधन सम्बन्धमा

नेपालमा बनेका प्राचीन गढी अथवा किल्लाहरुको स्थलगत अध्ययन, निरीक्षण गर्ने कार्य पुरातत्व विभागले गर्दै आएको हो। सोही परिप्रेक्षमा विभिन्न गढीहरुको स्थलगत अध्ययन प्रतिवेदनलाई प्रकाशन योग्य ठानेर "गढीहरुको प्रतिवेदन" नामक पुस्तक वि.सं. २०६० सालमा यस विभागले महत्वपूर्ण प्रकाशनको रुपमा ल्याएका थिए। यस प्रकाशनमा छिटपुट प्रुफ गल्ती हुन सक्ने र यस प्रकाशनलाई अध्ययन गरी भएका त्रुटीहरुलाई औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गर्न सहज हुने हुँदा पाठकहरुबाट अमूल्य सुझावहरुको अपेक्षा राखे अनुरुप यस विभागका सहायक कर्मचारी श्री मणिराम कोइरालाले केही त्रुटी औल्याइ दिनु भएकोले उहाँ प्रति धन्यवाद ज्ञापन गर्दछ।

उहाँले औल्याइ दिनुभएको त्रुटीहरुको संशोधन यस प्रकार छन्:

१

**अशुद्ध**

वि.सं. १९६३ मा गीर्वाणयुद्ध विक्रम शाहको पालामा पाल्पाको सेन राज्य विशाल नेपालमा गाभियो।

(नुवाकोट गढी पेज नं. ३६ को १५ औं हरफ)

**शुद्ध**

वि.सं. १८६३ मा गीर्वाणयुद्ध विक्रम शाहको पालामा पाल्पाको सेन राज्य विशाल नेपालमा गाभियो।

**प्रमाण**

* गीर्वाणयुद्ध विक्रम शाहको राज्यकालका वि.सं. १८५५ देखि १८७३ सम्म रहेको।
* पाल्पा एकीकरण वि.सं. १८६३। (मेची महाकाली भाग ३ पेज नं. ७७३)

२

**अशुद्ध**

वि.सं. १९७१ सम्म यो गढीको व्यापक प्रयोग भएको।

(नुवाकोट गढी २१ औं र ६३ औं हरफ)

**शुद्ध**

वि.सं. १८७१ सम्म यो गढीको व्यापक प्रयोग भएको।

**प्रमाण**

* गढीहरुको प्रयोग विशेष गरी नेपाल एकीकरण र सुगौली सन्धी अगाडि इष्ट इण्डिया कंपनी सरकार र तिब्बत संगको युद्ध ताका भएको।
* गढीहरुको प्रतिवेदन पेज नं. ३६।

### ३

**अशुद्ध**

वि.सं. १९६३ मा पृथ्वीपाल सेनको समयमा भीमसेन थापाले पाल्पा विजय गरे । यसरी वि.सं. १९६३ ।

(जीत गढी पेज नं. ६४ को २० औं हरफ)

**शुद्ध**

वि.सं. १८६३ मा पृथ्वीपाल सेनको समयमा भीमसेन थापाले पाल्पा विजय गरे । यसरी वि.सं. १९६३ ।

**प्रमाण**

- भीमसेन थापाको कार्यकाल वि.सं. १८९४ भन्दा अगाडि मात्र ।
- अमरसिंह थापाले पाल्पा विजय वि.सं. १८६३ (मेची महाकाली भाग ३ पेज नं. ७७३)

### ४

**अशुद्ध**

[illegible] शताब्दीमा पाल्पा क्षेत्रको वरिपरि मुकाम बनाई रुद्र [illegible] सेनवंशी राज्य स्थापना गरेका थिए ।

(काठे गढी पेज नं. ७१ को १३ औं हरफ)

**शुद्ध**

[illegible] शताब्दीमा पाल्पा क्षेत्रको वरिपरि मुकाम बनाई रुद्र [illegible] सेनवंशी राज्य स्थापना गरेका थिए ।

**प्रमाण**

- रुद्र सेनको राज्यकाल वि.सं. १५४० देखि १५७५ (मेची देखि महाकाली भाग ३ पेज नं. ७७३)

### ५

**अशुद्ध**

वि.सं. १९६३ मा पाल्पाको सेन राज्य माथि आक्रमण वि.सं. १९६३ मा पाल्पा विजय ।

(काठेगढी३२ औं हरफ)

**शुद्ध**

वि.सं. १८६३ मा पाल्पाको सेन राज्य माथि आक्रमण वि.सं. १८६३ मा पाल्पा विजय ।

**प्रमाण**

- पाल्पा विजय वि.सं. १८६३ (मेची देखि महाकाली भाग ३ पेज नं. ७७३)

### ६

**अशुद्ध**

वि.सं. १९७१ तिर वुटवल र स्युराजको नेपाल र अंग्रेज युद्ध शुरु । वि.सं. १९७१ मा जनरल उडको नेतृत्वमा ।

(काठेगढी ३६ औं हरफ)

**शुद्ध**

वि.सं. १८७१ तिर वुटवल र स्युराजको नेपाल र अंग्रेज युद्ध शुरु । वि.सं. १८७१ मा जनरल उडको नेतृत्वमा ।

**प्रमाण**

- उक्त सन्धी सुगौली सन्धी अगावै भएको ।
- जनरल उडको फौजलाई नेपाली सेनाले सन १८१५ (वि.सं. १८७१/७२) मा हराएको । (मेची देखि महाकाली भाग ३ पेज नं. ९५१, गढीहरुको प्रतिवेदन पेज नं. ३६, ६४) ।

### ७

**अशुद्ध**

वि.सं. १९७१ सम्म यो गढीको प्रयोग हुँदै आएको ।

(काठेगढी पेज नं. ७२ को ३४ औं हरफ)

**शुद्ध**

वि.सं. १८७१ सम्म यो गढीको प्रयोग हुँदै आएको ।

**प्रमाण**

- गढीहरुको प्रयोग विशेष गरी नेपाल एकीकरण र सुगौली सन्धी अगाडि इष्ट इण्डिया कंपनी सरकार र तिब्बत संगको युद्ध ताका भएको । (क्र.सं. १ बमोजिम)

८

**अशुद्ध**

वि.सं. १८५७ मा बहादुर शाहले वृहत नेपाल सृजना गर्न।

(अमर गढी पेज नं. ७९ को ४१ औं हरफ)

**प्रमाण**

✱ बहादुर शाहको मृत्यु वि.सं. १८५४ मा भएको।

९

**अशुद्ध**

वि.सं. १९७३ सम्म यो गढीको प्रयोग व्यापक रुपमा भएको पाईन्छ।

(पेज नं. ८० को ८ औं हरफ)

**शुद्ध**

वि.सं. १८७३ सम्म यो गढीको प्रयोग व्यापक रुपमा भएको पाईन्छ।

**प्रमाण**

✱ गढीहरुको प्रयोग विशेष गरी नेपाल एकीकरण र सुगौली सन्धी अगाडि इष्ट इण्डिया कंपनी सरकार र तिब्बत संगको युद्ध ताका भएको।

१०

**अशुद्ध**

बाह्रौं शताब्दीमा पाल्पामा मुकुन्द सेनले।

(चौदण्डी गढी पेज नं. ८६ को ३० औं हरफ)

**शुद्ध**

सोह्रौं/सत्रौं शताब्दीमा पाल्पामा मुकुन्द सेनले।

**प्रमाण**

✱ मुकुन्द सेनको शासनकाल वि.सं. १५७५ देखि १६१० सम्म रहेको र सोही कालमा मुकुन्द सेनका। (मेची देखि महाकाली भाग १ पेज नं. १०६)

✱ (नेपाल निरुक्त, ज्ञानमणि नेपाल पेज नं. १६८)

माथि औल्याइएका कतिपय त्रुटीहरु प्रुफ हेराइको गल्तीले भएका मात्र छन् तिनीहरु सबै ऐतिहासिक पृष्ठभूमिमा चर्चा गरिएका साल मिति विशेष देखिएको छ। गढीहरुको वास्तुकला विषयमै केही त्रुटीहरु देखिएमा पाठकहरुले औल्याई अमूल्य सुझावहरु दिनु भएमा अझ वेश हुने हुँदा यसता सुझावहरुको अपेक्षाको कामना गर्दछ।

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Dr. Shaphalya Amatya | – Ex-Director General<br>DoA<br>Chhauni, Kathmandu |
| Shyam Sundar Rajbamshi | – Epigraphist Officer<br>DoA |
| Ram Bahadur Kunwar | – Excavation Officer<br>DoA |
| Hari Ram Joshi | – Research Scholar<br>Manbhawan, Lalitpur |
| Dr. Bhabiswor Pangeni | – Research Scholar<br>TU Department of History<br>Kirtipur |